वेदान्त ८८६

ॐ

श्रीमद्भगवद्गीता

(नेपाली भाषानुवाद)

८५१

प्रकाशक:–
सरदार रत्नबहादुर जोशी

प्रकाशक

सरदार रत्नबहादुर जोशी,

६/६०९ शुक्रपथ, काठमाडौं

सर्वाधिकार सुरक्षित

प्रथम संस्करण–१०००

विक्रम संवत् २०२६
ज्येष्ठ ३० गते

मुद्रकः–

श्री ५ को सरकारको छापाखाना ।

नराणां च नराधिपम्

म तिम्रै हूँ छ यो तिम्रो जो मेरो भन्छ यो मन
भक्तिको पुष्प संझेर तिमिमा गर्छु अर्पण

भक्त रत्नबहादुर

प्रकाशकीय वक्तव्य

प्रिय सज्जनवृन्द !

"गीता" ब्रह्मविद्याको अगाध शास्त्र हो । यस्का प्रत्येक पद मीठा लड्डु जस्ता छन् । यिनलाई राम्ररी कोटचाउन सके अमृत (अमरत्व) फेला-पर्दछ । यसैवाट हृदयको ईश्वरलाई चौडा तवरले छाम्न सकिन्छ । गीताको व्याख्यामा विशिष्ट विद्वान्हरूले प्रकाश पार्नु भएको छ । हरेक विद्वान्हरूको "गीता" मा आफ्ना दृष्टिको व्याख्या छ । रङ्गस्थलका कृष्णलाई पहलवान्ले पहलवान, गोपिनीहरूले प्रेममूर्ति, गोठालाहरूले साथी, कंसले काल, देवकी र वसुदेवले छोरा र भक्तहरूले ईश्वर देखे जस्तै गीता पनि जसले जुन दृष्टिले हेर्‍यो त्यो त्यस्तै छ भन्ने मलाई लाग्छ । जेहोस् संस्कृत बुझ्न नसक्ने नेपाली-हरूलाई ब्रह्मविद्याका विषयमा यसले केही आलोक पार्न सकोस् भन्ने मेरो आन्तरिक अभिलाषा मात्र हो । गर्ने गराउने खटन् त उसैको हो जस्तो लाग्छ ।

पं. डमरूवल्लभ पौड्यालले यथामति अनुवाद गरिदिनु भएकोमा वहाँ धन्यवादका पात्र हुनुहुन्छ ।

विनीत

रत्नबहादुर जोशी

अनुवादका विषयमा

गीताको सामान्य अर्थ हुन्छ, गाइएको अथवा भनिएको । गीताले जीवनका मूलतत्वहरूलाई भन्दछ, जुन हृदयरूपी वीणामा गाइन्छन् । त्यही संगीतमा जीवन-संगीतको समरस पैदाहुन्छ । अनि जीवनले त्यो बेलासम्म संसारका अरू विषयबाट पाउन नसकेको कुरा त्यहाँ पुगेर पाउँछ, जुन कुरा पाएर उसले फेरि पाउनु पर्ने अर्को कुरै देख्तैन । अस्तु

संस्कृत वाङमयमा धेरै गीताहरू छन् जस्तै शिवगीता, रामगीता, पाण्डवगीता, देवीगीता र श्रीमद्भगवद्गीता आदि । सबैको लक्ष्य छ सत् चित् आनन्द स्वरूप परमात्मालाई भेट्टाउनु । यावत् शरीरधारीलाई चाहिएको छ केवल आनन्द । त्यही आनन्द-प्राप्तिको विस्तृत खोजी हामीहरू उहिल्यैदेखि लिएर आजसम्म पनि गर्दैछौं । शरीरधारी भएपछि शरीरका धर्म सहसा कसैले पनि छोड्न सक्तैन, कर्म नगरी शरीरयात्रा पनि चल्दैन । अत: शरीरयात्राको साथै जीवनको अन्तिम लक्ष्य आनन्दमा पुग्नसक्ने उपाय श्रीमद्भगवद्गीतामा विशदरूपमा व्याख्या गरिएको छ ।

गीता "योग शास्त्र" हो । योग भनेको जोडिनु हो । पहिले यो जीवात्मा आनन्दस्वरूप थियो । गुणका प्रभावले विषय-सुख भोगको संकल्पमा शरीर-धारी भएर यहाँ जन्मन आएको छ । आनन्दबाट छुटेर आएकोले त्यो आनन्द कताबाट पाइएला भन्ने उसको प्रबल इच्छा हुन्छ । अनि त्यसलाई पाउने इच्छामा उपायहरूको योजना गर्दागर्दै यो देहको इहलीला समाप्त हुन्छ । विषयाशक्तिको सङ्कल्प रहेकाले जन्मन्छ सङ्कल्प गर्छ फेरि मर्छ त्यो सङ्कल्प पूरा गर्न फेरि जन्मन्छ । यसैगरी उसको लखचौरासी बन्दछ ।

यस्तो नहोस् भन्नका लागि नै कर्मफललाई त्याग गरे कर्म गरेपनि त्यसले बाँध्न सक्तैन र जीवात्मा विषयभोग-सङ्कल्पबाट छुटी मुक्त भै उही आनन्दमा लीन हुन्छ । त्यस्ताले गरिने कर्मले विश्वमा शान्ति र कल्याणलाई पैदा गर्छ । गीता यही भन्छ र गीताको सार पनि यही हो । यही कुरालाई कविशिरोमणि लेखनाथज्यू गीतासारमा यसरी व्यक्त गर्नुहुन्छः–

छौ वीर पार्थ तिमि केवल कर्मपात्र
इच्छा नराख फलको गर कर्म मात्र
जे हुन्छ होस परसार समस्त राग
सङ्कल्पको हृदयमा नपरोस दाग

जेहोस् आनन्दस्वरूपबाट छुटेको जीवात्मालाई शरीरयात्रा चलाउँदै अन्त्यमा उही आनन्दस्वरूप परमात्मामा मिलाउने शास्त्र "योग शास्त्र" हो । गीता योग शास्त्र हो । यसमा त्यस्तो "योग" लाई पहिलो अध्याय-देखि छैठौं अध्यायसम्म कर्मलाई प्रधान र ज्ञान र उपासनालाई गौणरूपमा सातौं अध्यायदेखि बाह्रौं अध्यायसम्म उपासनालाई प्रधान र कर्म र ज्ञानलाई गौणरूपमा र तेह्रौं अध्यायदेखि अठारौं अध्यायसम्म ज्ञानलाई प्रधानरूपमा र कर्म र उपासनालाई गौणरूपमा वर्णन गरिएको छ । दुर्गा सप्तशती र गीता सप्तशती भुक्ति र मुक्ति दिनसक्ने ग्रन्थ छन् । यी दुबै ग्रन्थमा "झ" यो अक्षर केवल १ ठाउँमा मात्र समावेश छ ... (दारैर्भृत्यैस्तथोज्झित–चण्डी) र (झषाणां मकरश्चास्मि–गीता) यसको रहस्यका विषयमा "योजकस्तत्र दुर्लभः" जस्तै छ । अस्तु

गीता संसारका धेरैजसो भाषामा अनुवाद भएको छ । हाम्रो नेपाली भाषामा पनि केही विद्वान्हरूबाट यसको अनुवाद गरिएको छ । अहिले संस्कृत नजान्ने सर्वसाधारण नेपाली जनताले पनि सामान्यरूपमा भएपनि गीताको आस्वादन गरी कर्मयोगी बन्दै, आफू र आफ्नू राष्ट्रलाई मद्दत गर्ने कर्मवीर बन्न सकून् भन्ने पुनीत उद्देश्यले अध्यात्म प्रेमी सर्दार श्री रत्नबहादूर ज्यूबाट यसको नेपाली अनुवाद गर्ने काम मलाई सुम्पनु भयो । कहाँ गीता-

जस्तो विशिष्ट ग्रन्थ कहाँ म तदपि श्लोकको सामान्य सोझो अर्थसम्म मैंले यहाँ समावेश गरेको छु । अनुवाद गर्दा मूल संस्कृतको सरलता उत्रन सक्तैन, अनुवाद अनुवाद नै हुन्छ । यस्तो हुनु स्वाभाविकै हो । यसबाट पनि नेपाली जनताले केही लाभ उठाउन सके आफूलाई अहोभाग्य संझने छु । मानिसको भूल हुने स्वभाव भएकोले यहाँ केही भूल हुनगएको भए त्यस्मा क्षमा प्रार्थी ।

विनीत
अनुवादक
डमरूवल्लभ पौड्याल

ॐ तत् सत् परमात्मने नमः

श्रीमद्भगवद्गीता

पहिलो अध्याय

धृतराष्ट्र उवाच– धृतराष्ट्र सोध्दछन्

धर्मक्षेत्रे कुरुक्षेत्रे समवेता युयुत्सवः
मामकाः पाण्डवाश्चैव किमकुर्वत संजय ॥१॥

हे सञ्जय ! धर्मकोक्षेत्र भएको कुरुक्षेत्रमा लड्नको इच्छाले जम्मा भएका मेरा र पाण्डुका छोराहरूले के गरे ?

संजय उवाच– संजय भन्दछन्

दृष्ट्वा तु पाण्डवानीकं व्यूढं दुर्योधनस्तदा
आचार्यमुपसंगम्य राजा वचनमब्रवीत् ॥२॥

हे धृतराष्ट्र ! त्यो बखतमा राजा दुर्योधनले व्यूहाकारमा खडा भएको पाण्डवको सेनालाई देखेर द्रोणाचार्यको समीपमा गएर यो वचन भन्नलागे ।

पश्यैतां पाण्डुपुत्राणामाचार्य महतीं चमूम्
व्यूढां द्रुपदपुत्रेण तव शिष्येण धीमता ॥३॥

हे द्रोणाचार्य ! तपाईंका बुद्धिमान् शिष्य धृष्टद्युम्नद्वारा व्यूहाकारमा खडागरिएको पाण्डवहरूको यो महान् सेनालाई हेर्नुहोस् ।

अत्र शूरा महेष्वासा भीमार्जुनसमा युधि
युयुधानो विराटश्च द्रुपदश्च महारथः ॥४॥
धृष्टकेतुश्चेकितानः काशिराजश्च वीर्यवान्
पुरुजित्कुन्तिभोजश्च शैब्यश्च नरपुङ्गवः ॥५॥
युधामन्युश्च विक्रान्त उत्तमौजाश्च वीर्यवान्
सौभद्रो द्रौपदेयाश्च सर्व एव महारथाः ॥६॥

यो सेनामा भीमसेन र अर्जुन जस्तै तुल्यबल भएका महाधनुर्धारी, शूर वीर युयुधान, विराट, महारथी द्रुपद,धृष्टकेतु,चेकितान,वीर्यवान् काशिराज, पुरुजित्, कुन्तिभोज मानिसमा श्रेष्ठ शैब्य, महापराक्रमी युधामन्यु, बलवान् उत्तमौजा, सुभद्राका छोरा अभिमन्यु र द्रौपदीका (पांच)पुत्र छन् ई सबै महारथी हुन् ।

अस्माकं तु विशिष्टा ये तान्निबोध द्विजोत्तम
नायका मम सैन्यस्य संज्ञार्थं तान्ब्रवीमि ते ॥७॥
भवान्भीष्मश्च कर्णश्च कृपश्च समितिञ्जयः
अश्वत्थामा विकर्णश्च सोमदत्तिस्तथैव च ॥८॥
अन्ये च बहवः शूरा मदर्थे त्यक्त जीविताः
नानाशस्त्रप्रहरणाः सर्वे युद्धविशारदाः ॥९॥

हे द्विजोत्तम ! अब तपाइहाम्रा सेनातर्फ जो विशिष्ट योद्धा छन्, तिनीहरूलाई ज्ञान गर्नु होस्, ती सबै मेरा सेनानायक हुन् । तपाईंको जानकारी का लागि म तिनीहरूको नामभन्दछु स्वयं तपाईं भीष्म, कर्ण, रणविजयी कृपाचार्य, अश्वत्थामा, विकर्ण र त्यस्तै सोमदत्तका छोरा भूरिश्रवा छन् (इनका अतिरिक्त)अरूपनि धेरै शूर वीरहरू छन् र तिनीहरू मेरा निमित्त जीवन समर्पण गरेर बसेका छन् तथा ती सबै अनेक शस्त्र अस्त्रले सुसज्जित र युद्धकलामा प्रवीण छन् ।

अपर्याप्तं तदस्माकं बलं भीष्माभिरक्षितम्
पर्याप्तं त्विदमेतेषां बलं भीमाभिरक्षितम् ॥१०॥
अयनेषु च सर्वेषु यथाभागमवस्थिताः
भीष्ममेवाभिरक्षन्तु भवन्तः सर्व एव हि ॥११॥

तैंपनि भीष्मपितामहद्वारा सुरक्षित हाम्रो सेना अपर्याप्त (पाण्डव माथि विजय प्राप्त गर्न असमर्थ) छ। (यसकारण) जम्मै मोर्चाहरूमा आफ्ना आपना स्थानमा डटेर बस्नु भएका तपाईंहरू सबैले भीष्मपितामहको नै रक्षा गर्नु पर्छ।

तस्य संजनयन्हर्षं कुरूवृद्धः पितामह
सिंहनादं विनद्योच्चैः शङ्खं दध्मौ प्रतापवान् ॥१२॥
ततः शङ्खाश्च भेर्यश्च पणवानकगोमुखाः
सहसैवाभ्यहन्यन्त स शब्दस्तुमुलोऽभवत् ॥१३॥

(यस प्रकार खिन्न चित्त) त्यो दुर्योधनको मनमा हर्ष उत्पन्न गर्नालाई कुरूकुलका बूढा प्रतापि भीष्मपितामहले सिंहको जस्तै उच्च स्वरले गर्जेर शङ्ख बजाए। फेरि त्यसपछि (जम्मै सेनाले) एक्कै चोटि धेरै शङ्ख, नगरा ढोल, मृदङ्ग र रणसिंह (नरसिङ्गा) एकैचोटी बजाए। तिनीहरूको त्यो शब्द ज्यादै नै गुञ्जायमान भयो।

ततः श्वेतैर्हयैर्युक्ते महति स्यन्दने स्थितौ
माधवः पाण्डवश्चैव दिव्यौ शङ्खौ प्रदध्मतुः ॥१४॥
पाञ्चजन्यं हृषीकेशो देवदत्तं धनंजय
पौण्ड्रं दध्मौ महाशङ्खं भीमकर्मा वृकोदर ॥१५॥

त्यसपछि सेता घोडा लगाइएको ठूलो रथमा विराजमान श्रीकृष्ण भगवान् र अर्जुन दुबैले (आफ्ना) दिव्य शङ्ख बजाए। हृषिकेश भगवान्

श्रीकृष्णले पाञ्जजन्य नाम भएको शङ्ख र अर्जुनले देवदत्त नाम गरेको तथा भयानक काम गर्न सक्ने भीमसेनले पौण्ड्र नाम गरेको ठूलो शङ्ख बजाए

अनन्तविजयं राजा कुन्तिपुत्रो युधिष्ठिरः
नकुलः सहदेवश्च सुघोषमणिपुष्पकौ ।।१६।।
काश्यश्च परमेश्वासः शिखण्डी च महारथः
धृष्टद्युम्नो विराटश्च सात्यकिश्चापराजितः ।।१७।।
द्रुपदो द्रौपदेयाश्च सर्वशः पृथिवीपते
सौभद्रश्च महाबाहुः शङ्खान्दध्मुः पृथक्पृथक् ।।१८।।

कुन्तिका छोरा युधिष्ठिरले अनन्तविजय नाम गरेको र नकुल तथा सहदेवले क्रमशः सुघोष र मणिपुष्पक नामक शङ्ख बजाए ।। हे पृथिवीपति ! इनका अतिरिक्त महाधनुर्धर काशिराज, महारथी शिखण्डी, धृष्टद्युम्न, विराट, (कसैलेपनि) नजितिने सात्यकि, राजा द्रुपद, द्रौपदीका (पांच) छोरा तथा सुभद्रापुत्र महाबाहु वीर अभिमन्यु ई सबैले पनि चारैतिरबाट बेगलाबेगलै शङ्खहरू बजाए ।

स घोषो धार्तराष्ट्राणां हृदयानि व्यदारयत्
नभश्च पृथिवीं चैव तुमुलो व्यनुनादयन् ।।१९।।

त्यो (शङ्खहरूको) भयङ्कर शब्दले आकाश र पृथ्वीलाई पूर्णरूपले प्रतिध्वनित गर्दै धृतराष्ट्रका छोराहरूको हृदयलाई चर्चरी चिर्न लाग्यो ।

अथ व्यवस्थितान्दृष्ट्वा धार्तराष्ट्रान् कपिध्वज
प्रवृत्ते शस्त्रसंपाते धनुरुद्यम्य पाण्डवः ।।२०।।
हृषिकेशं तदा वाक्यमिदमाह महीपते
सेनयोरुभयोर्मध्ये रथं स्थापय मेऽच्युत ।।२१।।

यावदेतान्निरीक्षेऽहं योद्धुकामानवस्थितान्
कैर्मया सह योद्धव्यमस्मिन्रणसमुद्यमे ।।२२।।

पृथ्वीपति हे राजन् ! यसपछि शस्त्र चलाउने तैयारीको ठीकसमयमा युद्धका लागि सुसज्जित धृतराष्ट्र तर्फका योद्धालाई देखेर बानरको (हनुमान्को) चिह्न भएको ध्वजा भएका अर्जुनले धनु उठाएर हृषिकेश भगवान् श्रीकृष्णलाई यसो भने कि हे अच्युत ! हजूरले मेरो रथलाई दुवै सेनाको बीचमा ठीक त्यस्तो ठाउँमा राखिदिनुहोस् जुन ठाउँबाट म युद्धगर्ने इच्छाले सुसज्जित भएर खडा भएका ती योद्धाहरूलाई राम्रो संग देख्न सकूँ । किनभने यो रणक्षेत्रमा मैले ककस्कोसाथ लड्नुपर्ने रहेछ ?

योत्स्यमानानवेक्षेऽहं य एतेऽत्र समागताः
धार्तराष्ट्रस्य दुर्बुद्धेर्युद्धे प्रियचिकीर्षवः ।।२३।।

धृतराष्ट्रको दुर्बुद्धिपुत्र दुर्योधनको हित चिताउने अरू जो ई सम्पूर्ण मानिसहरू यहां जम्मा भएका छन् लडाइ गर्न चाहने ई सबैलाई म हेरूँ ।

सञ्जय उवाच– सञ्जय भन्दछन्

एवमुक्तो हृषीकेशो गुडाकेशेन भारत
सेनयोरुभयोर्मध्ये स्थापयित्वा रथोत्तमम् ।।२४।।
भीष्मद्रोणप्रमुखतः सर्वेषां च महीक्षिताम्
उवाच पार्थ पश्यैतान्समवेतान्कुरूनिति ।।२५।।

हे भारत ! (हे धृतराष्ट्र !) निद्राविजयी अर्जुनको यस प्रकारको भनाई सुनेर इन्द्रियका स्वामी भगवान् श्रीकृष्णले भीष्मपितामह र द्रोणाचार्यका अगाडी तथा अरू सम्पूर्ण राजाहरूले हेर्दा हेर्दै आफ्नू त्यो उत्तम रथलाई दुवै सेनाको माझमा खडागरेर हे पार्थ ! (हे अर्जुन!) ती ई एकत्रित भएका कुरुवंशीहरूलाई हेर भन्नुभयो ।

तत्रापश्यत्स्थितान्पार्थ पितॄनथ पितामहान्
आचार्यान्मातुलान्भ्रातॄन्पुत्रान्पौत्रान्सखींस्तथा ॥२६॥
श्वशुरान्सुहृदश्चैव सेनयोरुभयोरपि
तान्समीक्ष्य स कौन्तेयः सर्वान्बन्धूनवस्थितान् ॥२७॥
कृपया परयाविष्टो विषीदन्निदमब्रवीत्

अर्जुनले त्यहां दुवै तर्फका सेनामा लड्नलाई सुसज्जित भएर रहेका पिता, (बाबु) पितामह (बाजे) भीष्मादि आचार्य, मामा (शकुनी) भाई छोरा, नाती, मित्र, ससुरा र बन्धु बान्धवहरूलाई देखे। ती सबै बन्धु बान्धवहरू लडनलाई तम्तयार भएको देखेर ती कुन्तिका छोरा अर्जुनलाई ज्यादै करूणा लाग्यो र खेद प्रकट गर्दै यस्तो भन्न लागे।

अर्जुन उवाच– अर्जुन भन्दछन्

दृष्ट्वेमं स्वजनं कृष्ण युयुत्सुं समुपस्थितम् ॥२८॥
सीदन्ति मम गात्राणि मुखं च परिशुष्यति
वेपथुश्च शरीरे मे रोमहर्षश्च जायते ॥२९॥
गाण्डीवं स्रंसते हस्तात्त्वक्चैव परिदह्यते
न च शक्नोम्यवस्थातुं भ्रमतीव च मे मनः ॥३०॥
निमित्तानि च पश्यामि विपरीतानि केशव
न च श्रेयोऽनु पश्यामि हत्वा स्वजनमाहवे ॥३१॥

हे श्रीकृष्ण ! लड्न भनेर तम्सिएर उपस्थित ई आफन्तहरूको समुदायलाई देखेर मेरा सारा अङ्गहरू शिथिल हुँदै गएका छन्, मुख सुक्तैछ, मेरो शरीर कामेको छ, रौं जुरूङ्ग भएर ठडिन लागे, गाण्डीवधनु मेरो हातबाट खस्तैछ र मेरो छाला भतभति पोलिरहेछ म उभिन पनि नसक्ने भैं सकें, मेरो मन चक्कराइरहेको छ, हे केशव ! म सारा विपरीत लक्षण (कुलक्षण) देखिरहेको छु। र अब म यस लडाईंमा आफ्ना स्वजनको वगाललाई मारेर कुनै कल्याण होला भन्ने कुरा देख्तिन।

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च
किं नो राज्येन गोविन्द किं भोगैर्जीवितेन वा ।।३२।।
येषामर्थे काङ्क्षितं नो राज्यं भोगाः सुखानि च
त इमेऽवस्थिता युद्धे प्राणांस्त्यक्त्वाधनानि च ।।३३।।
आचार्याः पितरः पुत्रा स्तथैव च पितामहाः
मातुलाःश्वशुराः पौत्राःश्यालाःसंवन्धिनस्तथा ।।३४।।
एतान्न हन्तुमिच्छामि घ्नतोपिमधुसूदन
अपि त्रैलोक्य राज्यस्य हेतोः किं नु महीकृते ।।३५।।

हे श्रीकृष्ण ! म विजय, राज्य, सुख केहिपनि चाहन्न, । हे गोविन्द! मलाई राज्यभोग अथवा जीवनकै पनि के प्रयोजन छ र जस्का निमित्त मलाई राज्य भोग र सुखको आवश्यकता छ ती उनै ई गुरूजन, पिता, पितामह, छोरा, नाती, मामा, ससुरा, सालाहरू तथा अरू सम्वन्धीगण प्राण र धन स्मेत् छोडेर लडाइमा तंम्तयार भएका छन् । हे मधुसूदन ! इनीहरूले मलाई मार्छन्भने पनि अथवा तीनैंलोकको राज्य मिल्छ भने पनि म ई सबैलाई मार्न चाहन्न भने यो केवल पृथ्वी प्राप्त गर्नको निमित्त त कुरै छैन ।

निहत्य धार्तराष्ट्रान्नः का प्रीतिः स्याज्जनार्दन
पापमेवाश्रयेदस्मान्हत्वैतानाततायिनः ।।३६।।
तस्मान्नार्हा वयं हन्तुं धार्तराष्ट्रान्स्वबान्धवान्
स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव ।।३७।।

हे जनार्दन ! ई धृतराष्ट्रको पक्षलिने व्यक्तिहरूलाई मारेर मलाई के लाभ प्राप्त हुन्छ र ? (तर) ई आततायीहरूलाई मार्नलि बरू मलाई पाप नै लाग्छ । यसकारण धृतराष्ट्रको पक्षलिने आपना बान्धवहरूलाई मार्नु मेरा निमित्त उचित छैन। किनकि हे माधव ! आपना कुटुम्बहरूलाई मारेर हामी कसरी सुखी हूंला ? ।

यद्यप्येते न पश्यन्ति लोभोपहतचेतसः
कुलक्षयकृतं दोषं मित्रद्रोहे च पातकम् ॥३८॥
कथं न ज्ञेयमस्माभिः पापादस्मान्निवर्तितुम्
कुलक्षयकृतं दोषं प्रपश्यद्भिर्जनार्दन ॥३९॥

यद्यपि लोभले गर्दा चित्त भ्रष्ट भएका इनीहरू कुलनाशबाट हुने दोष लाई र मित्रद्रोहबाट उत्पन्न हुने पापलाई देख्तैनन् तर हे जनार्दन ! कुलनाशबाट हुने दोषलाई राम्रोसंग जान्ने हामीजस्ताले यो पापबाट बच्ने उपाय किन न सोच्ने ? ।

कुलक्षये प्रणश्यन्ति कुलधर्माः सनातनाः
धर्मे नष्टे कुलं कृत्स्नमधर्मोऽभिभवत्युत ॥४०॥
अधर्माभिभवात्कृष्ण प्रदुष्यन्ति कुलस्त्रियः
स्त्रीषु दुष्टासु वार्ष्णेय जायते वर्णसंकरः ॥४१॥
संकरो नरकायैव कुलघ्नानां कुलस्य च
पतन्ति पितरो ह्येषां लुप्तपिण्डोदकक्रियाः ॥४२॥
दोषैरेतैः कुलघ्नानां वर्णसंकरकारकैः
उत्साद्यन्ते जातिधर्माः कुलधर्माश्चशाश्वताः ॥४३॥
उत्सन्नकुलधर्माणां मनुष्याणां जनार्दन
नरकेऽनियतं वासो भवतीत्यनुशुश्रुम ॥४४॥

(किनभने) कुलको नाश हुनाले सनातन कुल परम्परागत धर्महरू नष्ट हुन्छन् र धर्मको नाश भएपछि अधर्मले समस्त कुललाई थिच्दछ । हे श्रीकृष्ण ! यसरी अधर्मले कुललाई थिचेपछि त्यो कुलका स्त्रीजातिहरू दूषित हुन्छन्, हे वार्ष्णेय ! (वृष्णिवंशमा जन्मेका) स्त्रीजातिहरू दूषित भएपछि वर्णसङ्कर उत्पन्न हुन्छन् । कुलघाती ती वर्णसङ्करहरूले कुलघातीहरू र कुललाई पनि नरकमा पार्दछन् ! त्यस्कारण उनका कुलमा पिण्ड र जलदानका क्रिया (तर्पण) आदि लोप हुनाले उनका समस्त पितृहरूको-

पतन हुन्छ । कुलघाती भएका ई वर्णसङ्करबाट उत्पन्नहुने दोषका कारणबाट सनातन कुलधर्म र जातिधर्म सर्वथा नष्ट भ्रष्ट हुन्छन् । हे जनार्दन ! जस्का कुलधर्म नष्ट हुन्छन् त्यस्ता मानिसहरूको अवश्य पनि नरकमा वास हुन्छ । यस्तो मैंले सुनेको छु ।

अहो बत महत्पापं कर्तुं व्यवसिता वयम्
यद्राज्यसुखलोभेन हन्तुं स्वजनमुद्यताः ।।४५।।

अहो ! खेदको कुरा छ कि यो राज्य र सुखका लोभले आफ्ना साक्खै कुटुम्बहरूलाई मार्नलाई जो उद्यत भयौं हामीहरूले यो ज्यादै ठूलो पापगर्नै निश्चय गरेका छौं ।

यदि मामप्रतीकारमशस्त्रं शस्त्रपाणयः
धार्तराष्ट्रा रणे हन्युस्तन्मे क्षेमतरं भवेत् ।।४६।।

यदि शस्त्रले रहित भएको कसैलाई केही नगर्ने मलाई ई शस्त्रधारी धृतराष्ट्रका छोराहरूले लडाईमा मारून् बरु त्यो कुरा मेरा निमित्त ज्यादै कल्याणकारी हुनेछ ।

सञ्जय उवाच– सञ्जय भन्दछन्

एवमुक्त्वार्जुनः संख्ये रथोपस्थ उपाविशत्
विसृज्य सशरं चापं शोकसंविग्नमानसः ।।४७।।

त्यो रणभूमिमा यतिकुरा (श्रीकृष्णलाई) भनेर शोकमा निमग्नमन भएका अर्जुनले बाण सहित धनुलाई फ्यांकेर रथको पछाडी पट्टिको भागमा बसे ।

इति पहिलो अध्याय
समाप्त

ॐ तत् सत्

अथ
दोस्रो अध्याय

सञ्जय उवाच— सञ्जय भन्दछन्

तं तथा कृपयाविष्टमश्रुपूर्णाकुलेक्षणम्
विषीदन्तमिदं वाक्यमुवाच मधुसूदनः ॥१॥

यसरी करुणाले ओतप्रोत, गहभरीका आँशुले व्याकुल नेत्रभएका र अत्यन्त विषादले युक्त भएका अर्जुनलाई भगवान् मधुसूदनले यी कुराहरू भन्नलाग्नु भयो ।

श्रीभगवानुवाच— श्रीभगवान आज्ञागर्नुहुन्छ

कुतस्त्वा कश्मलमिदं विषमे समुपस्थितम्
अनार्यजुष्टमस्वर्ग्यमकीर्तिकरमर्जुन ॥२॥

हे अर्जुन ! यो असमय (संकटको समय) मा अनार्यपुरुषलाई मात्र सुहाउने, परलोकविरोधी र अकीर्तिफैलाउने यो शोक तिमीलाई कहाँबाट आयो ?।

क्लैब्यं मा स्म गमः पार्थ नैतत्त्वय्युपपद्यते
क्षुद्रं हृदयदौर्बल्यं त्यक्त्वोत्तिष्ठ परंतप ॥३॥

हेपार्थ ! तिमी यसै नपुंसक नवन, यस्तो कुरा तिमीजस्तालाई सुहाउँदैन । हे परंतप ! हृदयको तुच्छ दुर्बलतालाई छोडेर तिमी (युद्धकानिम्ति) खडाहोउ ।

अर्जुन उवाच– अर्जुन भन्दछन्

कथं भीष्ममहं संख्ये द्रोणं च मधुसूदन
इषुभिः प्रतियोत्स्यामि पूजार्हावरिसूदन ।।४।।

हे मधुसूदन ! हे अरिसूदन ! मैले पूजनीय ई पितामह भीष्म र द्रोणाचार्यलाई युद्धमा वाणद्वारा कसरी सामना गर्न सकुला ?

गुरूनहत्वा हि महानुभावान्
श्रेयो भोक्तुं भैक्ष्यमपीह लोके
हत्वार्थकामास्तु गुरूनिहैव
भुञ्जीय भोगान्रुधिरप्रदिग्धान् ।।५।।

(मलाई त यस्तो लाग्छ कि) ई महानुभाव गुरुजनहरूलाई नमारीकन यस लोकमा भिक्षा मागेर खानु बढीया छ, किनभने ई अर्थकामी गुरुजनहरूलाई मारेर उनका रगतले लफलफाउँदो भएको यहाँको यो भोग पनि त मैले भोग्नै पर्छ ।

न चैतद्विद्मः कतरन्नो गरीयो
यद्वा जयेम यदि वा नो जयेयुः
यानेव हत्वा न जिजीविषाम-
स्तेऽवस्थिताः प्रमुखे धार्तराष्ट्राः ।।६।।

मलाई त यो पनि थाहा छैन कि मेरा निमित्त के गर्नु मनासिव पर्ला अथवा मैले जितुंला कि मलाई उनीहरूले जित्लन् । जसलाई मारेर म बाँच्न चाहन्न उनै धृतराष्ट्रका छोरा मेरा सामने डटेर बसेका छन् ।

कार्पण्यदोषोपहतस्वभावः
पृच्छामि त्वां धर्मसम्मूढचेताः ।।
यच्छ्रेयः स्यान्निश्चितं ब्रूहि तन्मे
शिष्यस्तेऽहं शाधि मां त्वां प्रपन्नम् ।।७।।

(इनिहरूलाई देखता) अज्ञानको दोषले गर्दा मेरो स्वभाव केही निश्चय गर्न नसक्ने स्थितिमा छ र मेरो चित्त धर्मका विषयमा मूढ भएको छ। यसकारण म हजूरसँग सोधदैछु (कृपया) मेरोलागि कल्याणको जो निश्चित् साधन छ त्यो भनिदीबक्सियोस् । म हजूरको शिष्य हूँ, हजूरको शरणागत दुःखी, मलाई शिक्षा बक्सियोस् ।

नहि प्रपश्यामि ममापनुद्याद्
यच्छोकमुच्छोषणमिन्द्रियाणाम् ।।
अवाप्य भूमावसपत्नमृद्धं
राज्यं सुराणामपि चाधिपत्यम् ।।८।।

किनभने सम्पूर्ण पृथिवीको समृद्धिशाली, निष्कण्टक, राज्य पाएर अथवा देवताकं आधिपत्य पाएर पनि इन्द्रियलाई सुकाउने मेरो यो शोकलाई हटाउने कुनै उपाय पनि म देख्तिन ।

सञ्जय उवाच– सञ्जय भन्नुहुन्छ

एवमुक्त्वा हृषीकेशं गुडाकेशः परंतप
न योत्स्य इति गोविन्दमुक्त्वा तूष्णीं बभूव ह ।।९।।

हे राजन् ! निद्राविजयी अर्जुनले हृषीकेश भगवान् श्रीकृष्णलाई हे गोविन्द ! "म युद्ध गर्दिन" यति भनेर चुपलागे

तमुवाच हृषीकेशः प्रहसन्निव भारत
सेनयोरुभयोर्मध्ये विषीदन्तमिदं वचः ।।१०।।

त्यसपछि हे धृतराष्ट्र ! दुबै सैन्यका माझमा खेद प्रकट गर्ने अर्जुनलाई हृषीकेश भगवान् श्रीकृष्णले हाँसो गरेर भनेझैं यस्तो भन्नलाग्नु भयो ।

श्रीभगवानुवाच– भगवान् श्रीकृष्ण आज्ञागर्नुहुन्छ

अशोच्यानन्वशोचस्त्वं प्रज्ञावादांश्च भाषसे
गतासूनगतासूंश्च नानुशोचन्ति पण्डिताः ।।११।।

जसका निमित्त शोकै लिनु पर्दैन तिमी त्यसैकालागि शोक गरिरहेछौ फेरि विद्वान्को जस्तो कुरा पनि गर्छौ । तर हेर विद्वान् व्यक्तिहरू मरणशील शरीर र अविनाशि आत्मा यी दुबैका निमित्त शोक गर्दैनन् ।

न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपाः
न चैव न भविष्यामः सर्वे वयमतः परम् ।।१२।।

किनभने म पहिले कहिल्यै थिइन, यद्वा तिमी पनि थिएनौ, अथवा यी राजाहरू पनि थिएनन् यो कुरा (सत्य) हैन र नत यही नै कुरा हो कि समस्त हामीहरू अब यसपछि हुने पनि छैनौं ।

देहिनोऽस्मिन्यथा देहे कौमारं यौवनं जरा
तथा देहान्तरप्राप्तिर्धीरस्तत्र न मुह्यति ।।१३।।

यो (वर्तमान) शरीरमा जीवात्मालाई जस्तो कुमारावस्था, जवानी र वृद्धावस्था प्राप्त हुन्छ त्यस्तै शरीरान्तरको पनि प्राप्ति हुन्छ । अतः यो कुरालाई जान्ने धीर पुरुषले यस्तो शोक कहिल्यै पनि गर्दैन ।

मात्रास्पर्शास्तु कौन्तेय शीतोष्णसुखदुःखदाः
आगमापायिनोऽनित्यास्तांतितिक्षस्व भारत ।।१४।।

हे कुन्तिपुत्र ! इन्द्रियको संयोगमा व्यक्त हुने सर्दी गर्मी सुख र दुःख आदि विषय र तिनीहरूको इन्द्रियसँग हुने संयोग यो सबै उत्पत्ति, विनाशशील तथा अनित्य छ । अतः हे भारत ! तिमीले यिनीहरूलाई सहू

यं हि न व्यथयन्तेते पुरुषं पुरुषर्षभ
समदुःखसुखं धीरं सोऽमृतत्वायकल्पते ॥१५॥

हे पुरुषश्रेष्ठ अर्जुन ! सुखदुःखलाई समान संझने, धैर्य लिनसक्ने जुन पुरुषलाई यी विषय र इन्द्रियको संयोगले चिन्तित गराउन सक्तैनन् त्यै पुरुष नै अमृतत्व (अमर पदवी) को लागि पात्र (योग्य) हुन्छ ।

नासतो विद्यते भावो नाभावो विद्यते सतः
उभयोरपि दृष्टोऽन्तस्त्वनयोस्तत्वदर्शिभिः ॥१६॥

(यहाँ) असत् (शरीर) को अस्तित्व छैन र सत् (आत्मा) को अभाव छैन यस प्रकार यी दुवै कुराको यो निर्णय तत्वज्ञानीहरूले प्रत्यक्ष गरेका छन् ।

अविनाशि तु तद्विद्धि येन सर्व मिदंततम्
विनाशमव्ययस्यास्य न कश्चित्कर्तुमर्हति ॥१७॥

जसबाट यो सम्पूर्ण (जडवर्ग) व्याप्त छ त्यस (चेतन आत्मतत्व) लाई अविनाशि संझ । त्यो अविनाशि (आत्मा) को नाश गर्न कसैले पनि सक्तैन

अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः
अनाशिनोऽप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥१८॥

शरीर धारण गर्ने नित्य आत्माको यो (कर्मानुसार प्राप्त हुने) शरीर अन्त्य (नाशहुने) छ र आत्मा अप्रमेय छ, अतः त्यो अविनाशी छ, यसकारण हे अर्जुन (हे भारत !) तिमी (शोकलाई छोड) युद्ध गर

य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम्
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते ॥१९

यो आत्मा (कसैबाट) मारिन्छ र आत्मा मर्दछ भन्ने जसले ठान्दछन् ती दुबै नजान्ने हुन् किनभने आत्माले न कसैलाई मार्दछ न यो कसैले मारेर मारिन्छ

नजायते म्रियते वा कदाचि-
न्नायं भूत्वा भविता वा न भूयः ॥
अजो नित्यः शाश्वतोऽयं पुराणो-
न हन्यते हन्यमाने शरीरे ॥२०॥

आत्मा न कहिले जन्मन्छ, न मर्दछ नै । त्यस्तै नत यो एक पटक भएर फेरि हुने छैन भन्ने कुरा पनि छैन। यो त अजन्मा (जन्म रहित) नित्य, सनातन र पुराण- (पुरानू) आदि छ । यसकारण शरीरलाई मारेपनि यसलाई मार्न सकिन्न (यो मर्दैन) ।

वेदाविनाशिनं नित्यं य एनमजमव्ययम्
कथं स पुरूषः पार्थ कं घातयति हन्ति कम् ॥२१॥

हे पार्थ ! जो यो आत्मा विनाशी,नित्य, जन्मरहित र अव्यय छ भनेर जान्दछ त्यस्तो त्यो पुरुष कसरी कसलाई मार्न लगाउँछ (स्वयं) कसरी कसैलाई मार्दछ ? ।

वासांसि जीर्णानि यथा विहाय
नवानि गृह्णाति नरोऽपराणि ॥
तथा शरीराणि विहाय जीर्णा-
न्यन्यानि संयाति नवानि देही ॥२२॥

मानिसले जस्तो पुरानू लुगालाई फालेर (बदलेर नयाँ लुगा लगाउँछ-बदल्दछ) त्यस्तै यो (देही) जीवको स्वामीले पनि पुरानू शरीरको परित्याग गरेर अर्कै नयाँ शरीरलाई प्राप्त गर्दछ ।

नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः
न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः ॥२३॥
अच्छेद्योऽयमदाह्योऽयमक्लेद्योऽशोष्य एव च
नित्यः सर्वगतः स्थाणुरचलोऽयं सनातनः ॥२४॥

यो आत्मालाई शस्त्रहरूले काट्न सक्तैनन्, आगोले डढाउन सक्तैन, पानीले गलाउन सक्तैन र वायुले सुकाउन सक्तैन। किनभने यो (आत्मा भन्ने तत्व) अच्छेद्य (नकाटिने) अदाह्य (नडढाइने) अक्लेद्य र अशोष्य तथा नित्य (कहिल्यै नाश नहुने) सर्वव्यापि, स्थिर स्वभाव, अचल र सनातन छ।

अव्यक्तोऽयमचिन्त्योऽयमविकार्योऽयमुच्यते
तस्मादेवं विदित्वैनं नानु शोचितुमर्हसि ॥२५॥

त्यस्तै (यो आत्मा) इन्द्रियले व्यक्त गर्न नसकिने, कल्पना गर्नै नसकिने (चिताउन नसकिने) निर्विकार छ। अतः यसलाई यस्तो जानेर तिमीले शोक नगर।

अथ चैनं नित्यजातं नित्यं वा मन्यसे मृतम्
तथापि त्वं महाबाहो नैवं शोचितुमर्हसि ॥२६॥

हे महाबाहु अर्जुन ! यदि तिमीले यस (आत्मा) लाई सदा जन्मने र मर्ने मान्छौ भने पनि यस प्रकार शोक गर्नु तिमी जस्तालाई उचित छैन।

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च
तस्मादपरिहार्येऽर्थे न त्वं शोचितुमर्हसि ॥२७॥

किनभने जन्मेकाको मृत्यु निश्चित छ र मरेकाको जन्म पनि निश्चित छ। अतः यो अवश्यम्भावी (नभै नछोड्ने) परिणामका निमित्त तिमीले शोक गर्नु उचित छैन।

अव्यक्तादीनि भूतानि व्यक्तमध्यानि भारत
अव्यक्तनिधनान्येव तत्र का परिदेवना ॥२८॥

हे भारत ! यी मनुष्य आदि प्राणिहरूको (सबभन्दा) पहिलेको अवस्था पनि प्रत्यक्ष छैन (पहिले यी सबै गुप्त थिए) र मरेपछिको अवस्था पनि अप्रत्यक्ष नै छ। (मृत्युपछि यिनीहरू कहाँ जान्छन् यो कुरा यसै भन्न-सकिन्न) अतः यी मनुष्यादि प्राणीहरूको मध्यावस्था यद्वा वर्तमान अवस्था मात्र प्रत्यक्ष छ। तसर्थ यस विषयमा (आदि र अन्त्य पनि अज्ञात भएका यी प्राणीहरूका विषयमा) के को चिन्ता ? ।

आश्चर्यवत्पश्यति कश्चिदेन-
माश्चर्यवद्वदति तथैव चान्यः ॥
आश्चर्यवच्चैन मन्यः श्रृणोति
श्रुत्वाप्येनं वेद नचैव कश्चित् ॥२९॥

(अनन्त जीवात्मामा) कुनै यौटाले मात्र (यो) आत्मालाई आश्चर्य मानेर हेर्दछ, त्यस्तै कुनै यौटा यसलाई आश्चर्यपूर्वक वर्णन गर्छ, यस्तै प्रकारले दोस्रो अर्को कुनै एउटाले यस (आत्मा) लाई आश्चर्य मानेर सुन्दछ। तर सुनेर पनि यसको यथार्थस्वरूप कोही जान्न सक्तैन।

देही नित्यमवध्योऽयं देहे सर्वस्य भारत
तस्मात् सर्वाणि भूतानि न त्वं शोचितुमर्हसि ॥३०॥

हे भारत ! सबैको शरीरमा रहने त्यो देही (आत्मा) कहिल्यै पनि नमर्ने हुन्छ। अतः यी सम्पूर्ण प्राणीका लागि तिमीले शोक नगर।

स्वधर्ममपि चावेक्ष्य न विकम्पितुमर्हसि
धर्म्याद्धि युद्धाच्छ्रेयोऽन्यत्क्षत्रियस्य न विद्यते ॥३१॥

(युद्धरूप) आफ्नू धर्मलाई पनि देखेर तिमीले हडबडाउनु हुँदैन किनभने क्षत्रियका निमित्त धर्मस्वरूप युद्धभन्दा कल्याण गर्ने कुरा दोस्रो केही छैन।

यदृच्छया चोपपन्नं स्वर्गद्वारमपावृतम्
सुखिनः क्षत्रियाः पार्थ लभन्ते युद्धमीदृशम् ।।३२।।

हे पार्थ ! आफैं आइपरेको यो युद्ध (स्वधर्मरूप युद्ध) स्वर्गको खुला ढोका जस्तै हो। भाग्यमानी क्षत्रियहरूले मात्र यस्तो युद्ध गर्न पाउँछन्।

अथ चेत्त्वमिमं धर्म्यं संग्रामं न करिष्यसि
ततः स्वधर्मं कीर्तिं च हित्वा पापमवाप्स्यसि ।।३३।।

अब यदि तिमी यो धर्मरूप संग्राम गर्दैनौ भने त आफ्नू स्वधर्म र कीर्तिलाई पनि गुमाएर पापको भागी पनि हुनेछौ।

अकीर्तिं चापि भूतानि कथयिष्यन्ति तेऽव्ययाम्
संभावितस्य चाकीर्तिर्मरणादतिरिच्यते ।।३४।।

(यतिमात्र हैन कि) सबै मानिसहरू सर्वत्र सधैं रहने तिम्रो यो दुष्कीर्तिको चर्चा पनि गर्नेछन्। प्रतिष्ठित पुरुषका लागि अकीर्ति भन्ने कुरा मरणभन्दा पनि खराब हुन्छ।

भयाद्रणादुपरतं मंस्यन्ते त्वां महारथाः
येषां च त्वं बहुमतो भूत्वा यास्यसि लाघवम् ।।३५।।

जजसका तिमी सम्माननीय थियौ (तिनीहरूकै मतमा पनि) अब तिमी तुच्छ गनिने छौ। ती महारथीहरू पनि अब तिमीलाई डराएर भागी नलडेको संझनेछन्।

अवाच्यवादांश्च बहून्वदिष्यन्ति तवाहिताः
निन्दन्तस्तव सामर्थ्यं ततो दुःखतरं नु किम् ।।३६।।

(अब) तिम्रा शत्रुहरू तिम्रा शक्तिको निन्दा गर्दै तिमीलाई भन्नै नहुने धेरै दुर्वाच्य पनि भन्नेछन्। (हेर) योभन्दा बढी दुःख के हुन्छ र ?

हतो वा प्राप्स्यसि स्वर्गं जित्वा वा भोक्ष्यसे महीम्
तस्मादुत्तिष्ठ कौन्तेय युद्धाय कृतनिश्चय ॥३७॥

हे कुन्तीपुत्र अर्जुन ! यदि तिमी (युद्धमा) मारियौ भने पनि तिमीलाई स्वर्ग प्राप्त हुनेछ। हैनभने (शत्रुहरूलाई) जितेर पृथिवीको भोग गरौला । यसकारण अवश्य लड्दछु भनेर युद्धका निम्ति उठ ।

सुखदुःखे समेकृत्वा लाभालाभौ जयाजयौ
ततो युद्धाय युज्यस्व नैवं पापमवाप्स्यसि ॥३८॥

सुख, दुःख, लाभ हानि, र जय पराजयलाई बराबर (समान) बनाएर त्यसपछि तिमीले लड्न प्रयत्न गर। यसो गर्नलि तिमीलाई पाप लाग्नेछैन ।

एषा तेऽभिहिता सांख्ये बुद्धिर्योगेत्विमां श्रृणु
बुद्धयायुक्तो यया पार्थ कर्मबन्धं प्रहास्यसि ॥३९॥

हे पार्थ ! यो कुरा अथवा बुद्धियोग मैले सांख्यका विषयमा तिमीलाई भनें। अब कर्मयोग (जुन बुद्धिले काम गर्छ त्यो बुद्धि) का विषयमा सुन । जुन बुद्धिले सम्पन्न भएर तिमी कर्मबन्धनलाई सच्चा किसिमले त्याग्न सक्नेछौ ।

नेहाभिक्रमनाशोऽस्ति प्रत्यवायो न विद्यते
स्वल्पमप्यस्य धर्मस्य त्रायते महतो भयात् ॥४०॥

यहाँ (यो कर्मयोगमा) आरम्भको नाश हुदैन र प्रत्यवाय पनि छैन । यो धर्मको सानू अंश (भाग) ले पनि ठूलो भयबाट रक्षागर्दछ ।

व्यवसायात्मिका बुद्धिरेकेह कुरूनन्दन
बहुशाखा ह्यनन्ताश्च बुद्धयोऽव्यवशायिनाम् ॥४१॥

हे कुरुनन्दन ! यो (शास्त्रीय कर्म) मा निश्चय गर्ने (मनुष्यको) बुद्धि यौटै हुन्छ र निश्चयहीन भएका मनुष्यको बुद्धि अनन्त (चारैतिर छरिएको) र धेरै शाखा (हाँगा) भएको हुन्छ ।

यामिमां पुष्पितां वाचं प्रवदन्त्यविपश्चितः
वेदवादरताः पार्थ नान्यदस्तीति वादिनः ।।४२।।
कामात्मानःस्वर्गपरा जन्मकर्मफलप्रदाम्
क्रियाविशेषबहुलां भोगैश्वर्यगतिं प्रति ।।४३।।

हे पार्थ ! खालि फलश्रुति (संसारभन्दा स्वर्गमा सुख बढी छ भन्ने कुरा) मान्ने र (यो जुनीभन्दा अरू) केही पनि छैन भन्ने, स्वर्गपरायण, विषयासक्त, अल्पज्ञ मानिसहरू पुनर्जन्मरूप कर्मफल दिने भोग र ऐश्वर्य-प्राप्तिका लागि भाँतीभाँतीका धेरै क्रियाहरूले युक्त (जुन) मीठो र (भन्दा राम्रो लाग्ने) कुरा भन्दछन् ।–

भोगैश्वर्यप्रसक्तानां तयापहृतचेतसाम्
व्यवसायात्मिका बुद्धिः समाधौ न विधीयते ।।४४।।

त्यस्ता (उपरोक्त) वचनद्वारा मन लहसिएका र भोग र ऐश्वर्यमा अत्यन्त आसक्त मानिसहरूका मनमा निश्चयात्मिका बुद्धि उत्पन्न हुँदैन ।

त्रैगुण्यविषया वेदा निस्त्रैगुण्यो भवार्जुन
निर्द्वन्दो नित्यसत्वस्थो निर्योगक्षेम आत्मवान् ।।४५।।

वेदहरू (सत्व, रज, तम यी) तीन गुण युक्त भएका मनुष्यको विषय (प्रतिपादन गर्ने)हुन् । तिमी यी तीन गुणको आधिक्यले रहित, सदा सत्व-गुणमा रहेको, सम्पूर्ण द्वन्द (सुख दुःख आदि) बाट पर र योग (सांसारिक वस्तुको प्राप्ति) तथा क्षेम (तिनीहरूको रक्षा) लाई इच्छा नगर्ने र आत्म-परायण (आफ्नू स्वरूपलाई खोज्ने) होऊ ।

यावानर्थ उदपाने सर्वतः संप्लुतोदके
तावान् सर्वेषु वेदेषु ब्राह्मणस्य विजानतः ।।४६।।

जस्तो चारैतिर भरिभराउ भएको तलाउबाट पनि तीर्खा लागेको मानिसले आफूलाई जति आवश्यक छ त्यत्ति मात्र पानी लिन्छ त्यस्तै वेदवित् ब्राह्मणले-पनि समस्त वेदमा जति अंशको उसलाई आवश्यक पर्दछ त्यत्ति नै ग्रहण गर्दछ ।

कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन
मा कर्मफलहेतुर्भूर्मा ते सङ्गोऽस्त्वकर्मणि ।।४७।।

तिम्रो कर्ममा मात्र अधिकार छ (त्यसको) फलमा अधिकार छैन । अतः तिमी कर्मफलको अधिकारी (इच्छुक) नबन र कर्म नगर्नमा पनि तिमी प्रवृत्त नहोऊ ।

योगस्थः कुरू कर्माणि सङ्गं त्यक्त्वा धनंजय
सिध्यसिध्योः समो भूत्वा समत्वं योग उच्यते ।।४८।।

हे अर्जुन ! योगमा स्थिर भएर आसक्तिलाई छोडेर, कार्यको सिद्धि र असिद्धि दुवैमा हर्ष र शोकरहित भएर कर्म गर । यसरी कर्ममा समभाव राख्नु नै "योग" भनिन्छ ।

दूरेण ह्यवरं कर्म बुद्धियोगाद्धनंजय
बुद्धौ शरणमन्विच्छ कृपणाः फलहेतवः ।।४९।।

किनभने हे अर्जुन ! समतालाई ग्रहण गर्ने बुद्धियोगभन्दा सकाम-कर्म धेरै निकृष्ट छ । त्यसकारण तिमी समतालाई ग्रहण गर्ने बुद्धिका शरण पर । फलको इच्छा गर्नेहरू त तुच्छ हुन् ।

बुद्धियुक्तो जहातीह उभे सुकृत दुष्कृते
तस्माद्योगाय युज्यस्व योगः कर्मसु कौशलम् ।।५०।।

समताले सहित भएको बुद्धिले युक्त मानिसले पुण्य र पाप दुबैलाई छोडिदिन्छ । अतः तिमीले पनि यही कर्मयोगका निमित्त प्रयत्न गर । कर्ममा यही समत्वबुद्धि योग नै कुशल छ ।

कर्मजं बुद्धियुक्ता हि फलं त्यक्त्वा मनीषिणः
जन्मबन्ध विनिर्मुक्ताः पदं गच्छन्त्यनामयम् ॥५१॥

कर्मजनित फलको त्याग गरेर बुद्धियोगले युक्त भएका विवेकी पुरुषहरूले जन्मरूप बन्धनबाट मुक्त भएर निरामय पद (मोक्ष) लाई प्राप्त गर्दछन् ।

यदा ते मोहकलिलं बुद्धिर्व्यतितरिष्यति
तदा गन्तासि निर्वेदं श्रोतव्यस्य श्रुतस्य च ॥५२॥

(यस प्रकार कर्म गर्दागर्दै) जब तिम्रो बुद्धि मोहरूपी हीलाबाट पार हुनेछ अनि बल्ल तिमी पहिले सुनेको र पछि सुनिने (सब प्रकारको फलबाट आफैं) विरक्त हुनेछौ ।

श्रुतिविप्रतिपन्ना ते यदास्थास्यति निश्चला
समाधावचला बुद्धिस्तदा योगमवाप्स्यसि ॥५३॥

(मबाट) सुनेका उपदेशबाट राम्ररी प्रतिपन्न भएको तिम्रो बुद्धि जब स्वयं निश्चल (एकरूप) भएर मनमा निश्चल भावले रहला तब बल्ल तिमी (आत्मदर्शन रूप) योगलाई फेला पार्नेछौ ।

अर्जुन उवाच– अर्जुन् सोद्धछन्

स्थितप्रज्ञस्य का भाषा समाधिस्थस्य केशव
स्थितधीः किं प्रभाषेत किमासीत व्रजेत किम् ॥५४॥

हे केशव ! समाधिमा रहेको स्थितप्रज्ञ पुरुषको लक्षण (चिह्न) के हुन्छ ? त्यस्तो स्थिरबुद्धि भएको पुरुष कसरी बोल्दछ ? कसरी रहन्छ? र कसरी हिंड्दछ ? ।

श्रीभगवानुवाच– श्रीभगवान आज्ञागर्नुहुन्छ

प्रजहाति यदा कामान् सर्वान् पार्थ मनोगतान्
आत्मन्येवात्मना तुष्टः स्थितप्रज्ञ स्तदोच्यते ।।५५।।

हे पार्थ ! मनले आत्मस्वरूपको चिन्तन गर्दागर्दै त्यसैमा सन्तुष्ट भएको साधक जब अरू सम्पूर्ण मनमा भएका कामनाहरूको सर्वथात्याग गर्दछ, तब त्यो स्थितप्रज्ञ (स्थिरबुद्धि भएको) भनिन्छ ।

दुःखेष्वनुद्विग्नमनाः सुखेषु विगतस्पृहः
वीतरागभयक्रोधः स्थितधीर्मुनिरूच्यते ।।५६।।

दुःख परेमा मनलाई खिन्न नपार्ने, सुखपरेमा (अनेक) इच्छा पनि नगर्ने तथा राग, भय र क्रोध नभएको यस्तो मुनि स्थितप्रज्ञः (स्थिर बुद्धि भएको) भनिन्छ ।

यः सर्वत्रानभिस्नेहस्तत्तत्प्राप्य शुभाशुभम्
नाभिनन्दति न द्वेष्टि तस्य प्रज्ञा प्रतिष्ठिता ।।५७।।

जुन पुरुष कतै पनि स्नेह गर्दैन र ती शुभ र अशुभ कर्महरू प्राप्त भएमा पनि न हर्षित हुन्छ र न द्वेष गर्दछ त्यही पुरुष स्थितप्रज्ञ भनिन्छ ।

यदासंहरते चायं कूर्मोऽङ्गानीव सर्वशः
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ।।५८।।

कछुवाले आफ्ना समस्त अङ्गहरूलाई (भित्र) खिचे झैं गरी (त्यो साधक पुरुषले पनि) जब सबैतिरबाट आफ्ना इन्द्रियहरूलाई इन्द्रियका विषयबाट खिच्तछ बल्ल त्यस्ता पुरुषको बुद्धि स्थिर भएको छ भनिन्छ अर्थात् त्यो स्थितप्रज्ञ हुन्छ ।

विषयाविनिवर्तन्ते निराहारस्य देहिनः
रसवर्जं रसोऽप्यस्य परं दृष्ट्वा निवर्तते ।।५९।।

निराहारी (विषयबाट इन्द्रियलाई खिच्ने) पुरुषका विषयहरू त निवृत्त हुन्छन् (तर रागको निवृत्ति हुँदैन) यो (स्थितप्रज्ञ) पुरुषको त विषयको राग पनि परम (सुखरूप आत्मस्वरूप) को साक्षात्कारबाट निवृत्त भएको हुन्छ ।

यततो ह्यपिकौन्तेय पुरुषस्य विपश्चितः
इन्द्रियाणि प्रमाथीनि हरन्ति प्रसभं मनः ॥६०॥

हे कुन्तीपुत्र अर्जुन ! यत्नगरिरहेका बुद्धिमान् पुरुषहरूको मनलाई पनि यी प्रवल इन्द्रियहरूले जवर्जस्ति हरण गर्दछन् ।

तानि सर्वाणि संयस्य युक्त आसीत मत्परः
वशेहि यस्येन्द्रियाणि तस्य प्रज्ञा प्रतिष्ठिता ॥६१॥

यसकारण योगी पुरुषले ती सबैलाई रोकेर ममा मन लगाएर बस्नु पर्दछ । किनभने जसका इन्द्रिय वशमा रहन्छन् त्यसैको मात्र बुद्धि स्थिर रहन्छ ।

ध्यायतो विषयान्पुंसः सङ्गस्तेषूपजायते
सङ्गात्सञ्जायते कामः कामात्क्रोधोऽभिजायते ॥६२॥

(ममा चित्त नलगाएर) विषयको चिन्तन गर्ने पुरुषको ती विषयमा आसक्ति पैदा हुन्छ, आसक्तिबाट काम (इच्छा) उत्पन्न हुन्छ र कामबाट क्रोध (रीस) को उत्पत्ति हुन्छ ।

क्रोधाद्भवति संमोह समोहात्स्मृतिविभ्रमः
स्मृतिभ्रंशाद्बुद्धिनाशो बुद्धिनाशात्प्रणश्यति ॥६३॥

क्रोधबाट विवेक शून्यता हुन्छ, अविवेकबाट स्मृति च्युत हुन्छ, स्मृति च्युत भएपछि बुद्धि नष्टहुन्छ, बुद्धिको नाश भएपछि त्यो स्वयं नष्ट हुन्छ (संसार सागरमा डुब्दछ)

रागद्वेषवियुक्तैस्तु विषयानिन्द्रियैश्चरन्
आत्मवश्यैर्विधेयात्मा प्रसादमधिगच्छति ॥६४॥

तर मनलाई वशमा राख्ने पुरुषले राग द्वेषले रहित भै आफूले वशमा ल्याएका इन्द्रियद्वारा विषयहरूलाई भोग्दैरहे पनि त्यसले अन्तःकरणको निर्मलतालाई प्राप्तगर्दछ ।

प्रसादे सर्वदुःखानां हानिरस्योपजायते
प्रसन्न चेतसो ह्याशु बुद्धिः पर्यवतिष्ठते ॥६५॥

अन्तः करणको निर्मलताबाट त्यस्का सम्पूर्ण दुःख नाश हुन्छन् । किनभने प्रसन्न चित्त भएका पुरुषको बुद्धि चाँडैनै स्थिर हुन्छ ।

नास्ति बुद्धिरयुक्तस्य न चायुक्तस्य भावना
न चाभावयतः शान्तिरशान्तस्य कुतः सुखम् ॥६६॥

अयुक्त (ममा मन नलाउने) पुरुषको बुद्धि (आत्म विषयक) हुँदैन र त्यस्ता अयुक्त पुरुषको (आत्म विषयक) भावना नै हुँदैन, भावनारहित पुरुषलाई शान्ति हुँदैन र अशान्तलाई सुख कहाँहुन्छ र ? ।

इन्द्रियाणां हि चरतां यन्मनोऽनुविधीयते
तदस्य हरति प्रज्ञां वायुर्नावमिवाम्भसि ॥६७॥

किनभने विषयमा हिंडीरहने इन्द्रियका पछिपछि मन लगाई रहनाले समुद्रमा रहेको डुंगालाई हावाले मार्गच्युत पारेजस्तै यसको (त्यस्तो मन हुने पुरुषको) बुद्धि पनि मार्गबाट च्युत हुन्छ ।

तस्माद्यस्य महाबाहो निगृहीतानि सर्वशः
इन्द्रियाणीन्द्रियार्थेभ्यस्तस्य प्रज्ञा प्रतिष्ठिता ॥६८॥

अतएव हे महाबाहु अर्जुन ! जसका इन्द्रियहरू सबैतिरबाट इन्द्रियका विषयमा नियन्त्रण गरिएका हुन्छन् त्यस्ताको बुद्धि स्थिर हुन्छ ।

या निशा सर्वभूतानां तस्यां जागर्ति संयमी
यस्यां जाग्रति भूतानि सा निशा पश्यतो मुने ।।६९।।

जुन सम्पूर्ण प्राणीहरूको राती हो भनिन्छ त्यसमा संयमी (पुरूष) जागा रहन्छ र जसमा समस्त प्राणीहरू जागा रहन्छन् आत्मदर्शी मुनिका लागि त्यो उसको राती हुन्छ । (आत्मदर्शन बिना दिन पनि राती जस्तो हुन्छ र आत्म दर्शनबाट राती पनि दिन बराबरै हुन्छ)।

आपूर्यमाणमचलप्रतिष्ठं
समुद्रमापः प्रविशन्ति यद्वत् ।।
तद्वत्कामा यं प्रविशन्ति सर्वे
स शान्तिमाप्नोति न कामकामी ।।७०।।

जस्तो सबैतिरबाट परिपूर्ण, अचल प्रतिष्ठा भएको समुद्रमा (नद-नदीको) पानी (त्यसमा केही असर नपारी) स्वयं मिल्दछ त्यस्तै जुन पुरूषमा सारा भोगहरू (विकार उत्पन्न नगरिकन) त्यसैमा स्वयं मिल्दछन् त्यस्तै (पुरूष) ले मात्र शान्ति पाउँछ । भोगको ईच्छा गर्नेले कहिले पनि शान्ति पाउन सक्तैन ।

विहाय कामान्यः सर्वान्पुमांश्चरति निःस्पृहः
निर्ममो निरहंकारः स शान्तिमधिगच्छति ।।७१।।

जसले सम्पूर्ण विषयहरूलाई छोडेर, तिनमा निष्पृह भएर तथा ममता र अभिमानले रहित भएर विचरण गर्छ त्यसैले (मात्र) शान्ति प्राप्त गर्छ ।

एषा ब्राह्मी स्थितिः पार्थ नैनां प्राप्य विमुह्यति
स्थित्वास्यामन्तकालेऽपि ब्रह्मनिर्वाणमृच्छति ॥७२॥

हे अर्जुन ! यो ब्राह्मी (ब्रह्ममयी) स्थिति हो । यसैलाई प्राप्त गरेर (मानिस) फेरि कहिल्यै पनि मोहित हुँदैन र अन्त्यकालमा पनि यही स्थितिमा स्थित भएर (रहेर) आत्यन्तिक सुखरूप ब्रह्ममा प्राप्त हुन्छ ।

इति दोस्रो अध्याय

समाप्त

ॐ तत् सत्

अथ
तेस्रो अध्याय

अर्जुन उवाच– अर्जुन सोध्दछन्

ज्यायसी चेत्कर्मणस्ते मता बुद्धिर्जनार्दन
तत्किं कर्मणि घोरे मां नियोजयसि केशव ।।१।।

हे जनार्दन ! यदि हजूर नै कर्मको अपेक्षा समतायुक्त बुद्धि नै श्रेष्ठ मान्नु हुन्छ भने हे केशव ! फेरि मलाई (यो) घोर कर्ममा किन नियुक्त गर्नुहुन्छ ?

व्यामिश्रेणेव वाक्येन बुद्धिं मोहयसीव मे
तदेकं वद निश्चित्य येन श्रेयोऽहमाप्नुयाम् ।।२।।

यसप्रकार हजूरले यस्ता दुबैतिर मिलेका वचनले मानौं मेरो बुद्धिलाई मोहमा पार्नुभयो । (अतएव) यौटा निश्चित कुराको आज्ञा गर्नुहोस् जसबाट मलाई कल्याण होओस् ।

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

लोकेऽस्मिन्द्विविधा निष्ठा पुराप्रोक्ता मयानघ
ज्ञानयोगेन सांख्यानां कर्मयोगेन योगिनाम् ।।३।।

हे निष्पाप (पापरहित भएका) अर्जुन ! यो संसारमा दुई प्रकारका निष्ठा छन् भनेर मैले पहिल्यै भनेको छु । तिनमा ज्ञानयोग सांख्य- (सांख्य मतावलम्बी) का लागि छ र योगीहरूका लागि कर्मयोग हो ।

न कर्मणामनारम्भान्नैष्कर्म्यं पुरुषोऽश्नुते
न च संन्यसनादेव सिद्धिं समधिगच्छति ।।४।।

मानिसले कामको शुरू नै नगरीकन ज्ञाननिष्ठा (कार्य समाप्ति) लाई प्राप्त गर्न सक्तैन, नत (शास्त्रीय) कर्मको त्यागबाट नै सिद्धि प्राप्तगर्न सक्तछ ।

न हिकश्चित्क्षणमपि जातु तिष्ठत्यकर्मकृत्
कार्यते ह्यवशः कर्म सर्वः प्रकृतिजैर्गुणैः ।।५।।

किनभने कुनै मानिस पनि एकछिन काम नगरी बस्नै सक्तैन । सम्पूर्ण मनुष्यहरूलाई प्रकृतिबाट उत्पन्न हुने गुण (सत्व रज तम) ले विवश गराएर (तिनीहरूलाई) कर्म गराउँछन् ।

कर्मेन्द्रियाणि संयम्य य आस्ते मनसास्मरन्
इन्द्रियार्थान्विमूढात्मा मिथ्याचारः स उच्यते ।।६।।

जुन पुरुषले कर्मेन्द्रियहरूलाई रोकेर केवल मनले मात्र इन्द्रियका विषयहरूलाई संझदै बसिरहन्छ, त्यो मूढात्मा मिथ्याचारी भनिन्छ ।

यस्त्विन्द्रियाणिमनसा नियम्यारभतेऽर्जुन
कर्मेन्द्रियैः कर्मयोगमसक्तः स विशिष्यते ।।७।।

हे अर्जुन ! जुन पुरुषले मनद्वारा इन्द्रियलाई रोकेर आसक्ति रहित भएर कर्मेन्द्रियद्वारा कर्मयोगको प्रारम्भ गर्दछ त्यो पुरुष नै विशिष्ट भनिन्छ ।

नियतं कुरु कर्म त्वं कर्म ज्यायो ह्यकर्मण:
शरीरयात्रापि च ते न प्रसिद्धेदकर्मण: ॥८॥

तिमी खूब प्रयत्नशील भएर कर्म गर। किनभने अकर्म (ज्ञाननिष्ठा) को अपेक्षा कर्म श्रेष्ठ मानिन्छ। अकर्म (ज्ञाननिष्ठा) बाट त शरीरयात्रा पनि सिद्ध हुँदैन।

यज्ञार्थात्कर्मणोऽन्यत्र लोकोऽयं कर्मबन्धन:
तदर्थं कर्म कौन्तेय मुक्तसङ्ग: समाचर ॥९॥

यज्ञका निमित्त गरिने कर्मको सिवाय अरू कर्म गर्नाले मनुष्य कर्म-बन्धनबाट बाँधिन्छ। अएतव हे अर्जुन! तिमीले आसक्तिरहित भएर यज्ञका लागि कर्मको भलिभाँती आचरण गर।

सहयज्ञा प्रजा: सृष्ट्वा पुरोवाच प्रजापति:
अनेन प्रसविष्यध्वमेष वोऽस्त्विष्ट कामधुक् ॥१०॥

प्रजापति (भगवान् नारायण) ले पहिले प्रजाको सृष्टि गरी भन्नु भएको थियो कि यो (यज्ञ) द्वारा तिमी फूल फल र यही यज्ञले तिमीहरूलाई इच्छा गरेको पुरा दिनेछ।

देवान्भावयतानेन ते देवा भावयन्तु व:
परस्परं भावयन्त: श्रेय: परमवाप्स्यथ ॥११॥

यही (यज्ञ) द्वारा तिमीले देवताको आराधना गर र ती देवताहरूले पनि तिम्रो पोषण गरून्। यसरी एकले अर्कोलाई सन्तुष्ट गर्दै तिमी दुवैले परमकल्याण (मोक्ष) लाई प्राप्त गर्नेछौ।

इष्टान्भोगान्हिवो देवा दास्यन्ते यज्ञभाविता:
तैर्दत्तानप्रदायैभ्यो यो भुङ्क्ते स्तेन एव स: ॥१२॥

यज्ञबाट आराधना गरिएका देवताहरूले तिमीलाई अवश्य पनि इच्छा-गरिएको कुरा दिनेछन्। यसरी उनबाट प्राप्त भएको कुरालाई जुन पुरुषले उनलाई अर्पण नगरी कन (स्वयं) भोग गर्दछ त्यो पक्का पनि चोरै हो।

यज्ञशिष्टाशिनः सन्तोमुच्यन्ते सर्व किल्विषैः
भुञ्जते ते त्वघं पापा ये पचन्त्यातमकारणात् ॥१३॥

यज्ञ गरेर बचेको (पदार्थ) खाने सत्पुरुष सबै पापबाट छुट्तछ, तर जो खाली आफ्ना निमित्त मात्र पकाउँछन् तिनीहरू पापी हुन् र तिनीहरूले (खाँदा) पाप मात्रै खान्छन्।

अन्नाद्भवन्ति भूतानि पर्जन्यादन्नसंभवः
यज्ञाद्भवति पर्जन्यो यज्ञः कर्मसमुद्भवः ॥१४॥

अन्नबाटै सबै प्राणीहरू हुन्छन्, अन्नको उत्पत्ति वर्षाबाट हुन्छ, वर्षा यज्ञबाट हुन्छ र यज्ञ कर्मबाट उत्पन्न हुन्छ।

कर्म ब्रह्मोद्भवं विद्धि ब्रह्माक्षरसमुद्भवम्
तस्मात्सर्वगतं ब्रह्म नित्यं यज्ञे प्रतिष्ठितम् ॥१५॥

तिमी कर्मलाई ब्रह्म (सजीव शरीर) बाट उत्पन्न भएको संझ, र ब्रह्म (शरीर) अक्षर (जीवात्मा) बाट उत्पन्न भएको छ। यस कारण सर्वगत ब्रह्म (समस्त अधिकार युक्त प्राणीहरूको शरीर) सदैव यज्ञकै आधारमा रहेको छ।

एवं प्रवर्तितं चक्रं नानुवर्तयतीह यः
अघायुरिन्द्रियारामो मोघं पार्थ स जीवति ॥१६॥

हे पार्थ! जो यसलोकमा यस्ता प्रकारले प्रचलित चक्र अनुसार चल्दैन, इन्द्रियमा मात्र रमाउने, पापी जीवन लिने त्यो मानिस व्यर्थै बाँचेको संझ।

यस्त्वात्मरतिरेव स्यादात्मतृप्तश्च मानवः
आत्मन्येव च संतुष्टस्तस्य कार्यं न विद्यते ॥१७॥

तर जुन मानिस आत्मामा नै रमण गर्ने, आत्मा नै तृप्त र आत्मामा नै सन्तुष्ट छ त्यसका निमित्त (भने) कुनै गर्नुपर्ने काम (रहन्न) छैन।

नैव तस्य कृतेनार्थो नाकृतेनेह कश्चन
नचास्य सर्वभूतेषु कश्चिदर्थव्यपाश्रय ॥१८॥

किनभने त्यसको यस लोकमा नत कुनै (साधन) गर्नामा केही प्रयोजन छ र नत केही नगर्नामा नै केही प्रयोजन छ। त्यस्तै त्यसको (आकाश आदि) सम्पूर्ण पञ्चमहाभूतगण (प्राणी) सँग नै नत केही स्वार्थको सम्बन्ध रहेको हुन्छ।

तस्मादसक्तः सततं कार्यं कर्म समाचर
असक्तो ह्याचरन्कर्म परमाप्नोति पुरुषः ॥१९॥

यसो भएकोले आसक्तिरहित भएर तिमी लगातार कर्तव्य कर्म गर्दै रहू। किनभने अनासक्त पुरुषले कर्म गर्दैरहे पनि परम (आत्मा) लाई पाउन सक्छ।

कर्मणैव हि संसिद्धिमास्थिता जनकादयः
लोकसंग्रहमेवापि संपश्यन्कर्तुमर्हसि ॥२०॥

जनकादिले (आसक्तिरहित) कर्मको आचरणबाट नै परमसिद्धि पाएका हुन्। (यसो नगरे पनि) केवल लोकसंग्रहलाई हेरेर पनि तिमीले कर्म गर्नै मनासिव छ।

यद्यदाचरति श्रेष्ठस्तत्तदेवेतरो जनः
स यत्प्रमाणं कुरुते लोकस्तदनुवर्तते ॥२१॥

(किनभने) श्रेष्ठ पुरुषले जुनजुन आचरण गर्दछ (त्यो देखेर) अरू हरू पनि त्यस्तै प्रकारको आचरण गर्दछन् । त्यो श्रेष्ठ पुरुषले त्यो कुरा जत्ति प्रमाण मानेर गर्दछ त्यस्तै गर्दै संसार त्यसैका पछि लाग्छ ।

न मे पार्थास्ति कर्तव्यं त्रिषु लोकेषु किंचन
नानवाप्तमवाप्तव्यं वर्त एव च कर्मणि ॥२२॥

हे पार्थ ! यद्यपि मेरा निमित्त तीनै लोकका गर्नुपर्ने कुरा केही पनि छैन र न कुनै अप्राप्त वस्तुलाई प्राप्त गर्नु छ तथापि (हेर) म काम गर्दछु ।

यदि ह्यहं न वर्तेयं जातु कर्मण्यतन्द्रितः ।
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ॥२३॥

यदि म सजगभएर कदाचित कर्ममा प्रवृत्त नहोउँ त हे अर्जुन ! यी सबै मानिस पनि सबै प्रकारबाट मेरै मार्गको अनुसरण गर्दछन् ।

उत्सीदेयुरिमे लोका नकुर्यां कर्म चेदहम्
संकरस्य च कर्ता स्यामुपहन्यामिमाः प्रजाः ॥२४॥

(फलतः के हुन्छ भने) यदि म कर्म नगरूँ त (मेरै पछाडि लागेर) यी सबै मानिसहरू नष्ट हुन्छन् र म फेरि वर्णसंकर बनाउने हुन्छु अनि यी सब प्रजाको नाश गर्ने कारण पनि हुन जानेछु ।

सक्ताः कर्मण्यविद्वांसो यथा कुर्वन्ति भारत
कुर्याद्विद्वांस्तथासक्तश्चिकीर्षुर्लोकसंग्रहम् ॥२५॥

(यसकारण) हे भारत ! अज्ञानी पुरुषहरू जस्तो कर्ममा आसक्ति भएर कर्म गर्छन् त्यस्तै ज्ञानी पुरुषले अनाशक्त भएर केवल लोकसंग्रह (लोकको कल्याणका लागि) का निमित्त मात्र कर्म गर्नु पर्दछ ।

न बुद्धिभेदं जनयेदज्ञानां कर्मसङ्गिनाम्
जोषयेत्सर्वकर्माणि विद्वान्युक्तः समाचरन् ॥२६॥

ज्ञानी पुरुषले कर्ममा आसक्त भएका अज्ञानीहरूमा बुद्धिको भेद दृष्टि उत्पन्न गर्नु हुँदैन (तर स्वयं) योगयुक्त भएर कर्म गर्दै उनीहरूलाई पनि सम्पूर्ण कर्ममा श्रद्धा उत्पन्न गराउनु पर्दछ ।

प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः
अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ॥२७॥

(यद्यपि) सबै कामहरू प्रकृतिकैतर्फबाट उसका गुणद्वारा गरिएका हुन्छन् (तथापि) अहङ्कारले मूढआत्मा भएका पुरुषहरू "मैले गरेको हूँ" भन्ने कुरा ठान्दछन् ।

तत्त्ववित्तु महाबाहो गुणकर्मविभागयोः
गुणागुणेषु वर्तन्त इति मत्वा न सज्जते ॥२८॥

परन्तु हे अर्जुन ! गुण कर्म र यिनको वास्तविक तत्व जान्ने मानिस त गुणहरू गुणमै रहेका हुन्छन् यस्तो संझेर आसक्त हुँदैन ।

प्रकृतेर्गुणसंमूढाः सज्जन्ते गुणकर्मसु
तानकृत्स्नविदो मन्दान्कृत्स्नविन्न विचालयेत् ॥२९॥

प्रकृतिका गुणले मोहित पुरुषहरू गुण र कर्ममा आसक्त हुन्छन् त्यस्ता अल्पज्ञ मन्दबुद्धि मनुष्यहरूलाई सम्पूर्ण जान्ने (ज्ञानी) पुरुषले बुद्धि भेद गराएर विचलित नपारोस् ।

मयि सर्वाणि कर्माणि संन्यस्याध्यात्मचेतसा
निराशीर्निर्ममो भूत्वा युध्यस्व विगतज्वरः ॥३०॥

आध्यात्मिक चित्तबाट सबै कर्महरू ममा समर्पण गरेर आशा ममता र सन्तापले रहित भएर तिमिले युद्ध गर।

ये मे मतमिदं नित्यमनुतिष्ठन्ति मानवाः
श्रद्धावन्तोऽनसूयन्तो मुच्यन्ते तेऽपि कर्मभिः ॥३१॥

जुन मनुष्य श्रद्धा राख्दै, दोषदृष्टि त्यागेर मेरो यो मत (विचार) को नित्य अनुसरण गर्दछन् तिनीहरू पनि कर्म (बन्धन) बाट छुट्दछन् ।

ये त्वेतदभ्यसूयन्तो नानुतिष्ठन्ति मे मतम्
सर्वज्ञानविमूढांस्तान्विद्धि नष्टानचेतसः ।।३२।।

तर जुन मनुष्यहरू मेरो यो विचारमा दोषदृष्टि राख्दै यसको अनुसरण गर्दैनन् त्यस्ता तिनीहरूलाई तिमी चारैतिरबाट ज्ञानमा मूढ (केही नजान्ने) नष्ट र चेतनारहित भएका जान ।

सदृशं चेष्टते स्वस्याः प्रकृतेर्ज्ञानवानपि
प्रकृतिं यान्ति भूतानि निग्रहः किं करिष्यति ।।३३।।

ज्ञानवान् पुरुष पनि आफ्नू प्रकृति (पूर्ववासना) कै अनुसार चेष्टा गर्ने हुन्छ । सबै प्राणीहरू (यसरी) आफ्नै प्रकृतिमा गइरहेका हुन्छन् प्रकृति-का उपर कसैको जोर चल्दैन ।

इन्द्रियस्येन्द्रियस्यार्थे रागद्वेषौ व्यवस्थितौ
तयोर्न वशमागच्छेत्तौ ह्यस्य परिपन्थिनौ ।।३४।।

इन्द्रियहरू इन्द्रियकै विषयमा (उनका भोगहरूमा) राग र द्वेष लिएर रहेका हुन्छन्,तिनका वशमा पर्नु हुँदैन । किनभने ती दुई (इन्द्रिय र इन्द्रियले गरिने भोगहरू) यो (आत्मज्ञानको विषयलाई)छुटाइदिने हुन्छन् ।

श्रेयान् स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात्
स्वधर्मे निधनं श्रेयः परधर्मो भयावहः ।।३५।।

राम्रो किसिमबाट अनुष्ठान गरिएको अर्काको धर्मभन्दा केही गुण नभएको भएपनि आफ्नै धर्म ठूलो मानिन्छ । आफ्नू धर्ममा मर्नु बरु जाति हुन्छ तर अर्काको धर्म त डरलाग्दो हुन्छ ।

अर्जुन उवाच-- अर्जुन सोद्धछन्

अथ केन प्रयुक्तोऽयं पापं चरति पुरूषः
अनिच्छन्नपि वार्ष्णेय बलादिव नियोजितः ।।३६।।

हे श्रीकृष्ण ! यस्तो हुँदाहुँदै पनि यो मनुष्य जाति नचाहेर पनि केव.ट प्रेरित भएर पाप गर्दछ ? कसले त्यसलाई त्यो पापकर्म गर्नमा जवर्जस्ति कर लगाएको छ ? ।

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

काम एष क्रोध एष, रजोगुणसमुद्भवः
महाशनो महापाप्मा विध्येनमिह वैरिणम् ।।३७।।

हे अर्जुन ! रजोगुणबाट उत्पन्न भएका यी काम (इच्छा) क्रोध (द्वेष) छन् । यिनै दुईवटा नै धेरै खाने (कहिल्यै तृप्त नहुने) र महापापी (पापकर्म-मा प्रवृत्त गराउने) छन् । अतः यी दुईलाई यस विषयमा वैरीतुल्य छन् भन्ने जान ।

धूमेनाव्रियते वह्निर्यथादर्शो मलेन च
यथोल्बेनावृतो गर्भस्तथा तेनेदमावृतम् ।।३८।।

जस्तो धुवाँबाट अग्नि, फोहर मैलाबाट ऐना ढाकिन्छन् (अष्ट देखिन्नन्) र जस्तो साल नालले गर्भ ढाकिएर रहेको हुन्छ त्यस्तै यस (काम) ले यो (प्राणी समूह) ढाकिएको छ ।

आवृतं ज्ञानमेतेन ज्ञानिनो नित्यवैरिणा
कामरूपेण कौन्तेय दुष्पूरेणानलेन चः ।।३९।।

हे अर्जुन ! ज्ञानी पुरुषको सधैं वैरि भएको र बडो मुश्किलले तृप्त हुने कामरूप जो अग्नि छ यसैबाट त्यो (आत्मविषयकज्ञान) ढाकिएको छ ।

इन्द्रियाणि मनो बुद्धिरस्याधिष्ठानमुच्यते
एतैर्विमोहयत्येष ज्ञानमावृत्य देहिनम् ।।४०।।

इन्द्रिय, मन र बुद्धि यो कामको रहने ठाउँ भनिएको छ यिनै उपरोक्त तीन (इन्द्रिय, मन र बुद्धि) द्वारा त्यस कामले ज्ञानलाई ढाकेर जीवात्मालाई मोहित गर्दछ ।

तस्मात्त्वमिन्द्रियाण्यादौ नियम्य भरतर्षभ
पाप्मानं प्रजहि ह्येनं ज्ञानविज्ञाननाशनम् ।।४१।।

त्यसकारण हे भरतश्रेष्ठ ! तिमीले पहिले इन्द्रियलाई नियन्त्रण गरेर ज्ञान र विज्ञान (विशेष ज्ञान) लाई नाश गर्ने यो पापी (काम) लाई अवश्य मार ।

इन्द्रियाणि पराण्याहुरिन्द्रियेभ्यः परमनः
मनसस्तु परा बुद्धिर्यो बुद्धेः परतस्तु सः ।।४२।।

पहिले इन्द्रियहरू बलवान् छन्, तो इन्द्रियहरूभन्दा पनि अझ मन बलवान छ, मनभन्दा पनि बुद्धि अझ बलियो छ र अझ बुद्धिभन्दा पनि प्रबल त्यो (काम) छ । (यद्वा त्यो काम (इच्छा) लाई पनि प्रेरित गर्ने परम आत्मा बलवान छ) ।

एवं बुद्धे परं बुद्ध्वा संस्तभ्यात्मानमात्मना
जहि शत्रुं महाबाहो कामरूपं दुरासदम् ।।४३।।

यसप्रकार यो सहसा जित्न नसकिने कामरूप शत्रुलाई बुद्धिभन्दा पनि प्रबल जानेर हे वीर अर्जुन ! आत्माले आत्मालाई नै नियन्त्रण गरेर तिमीले यस (काम) लाई मार (निर्मूल पार) ।

इति तेस्रो अध्याय
समाप्त

ॐ तत् सत्

अथ
चौथो अध्याय

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

इमं विवस्वते योगं प्रोक्तवानहमव्ययम्
विवस्वान्मनवे प्राह मनुरिक्ष्वाकवेऽब्रवीत् ।।१।।

एव परंपराप्राप्तमिमं राजर्षयोविदु:
सकालेनेह महता योगो नष्ट परंतप ।।२।।

यही यो अविनाशी योग मैंले सूर्यलाई भनेको थिएँ, सूर्यले (आपना छोरा) मनुलाई भने, मनुले (उनकै छोरा) इक्ष्वाकुलाई भने । यसप्रकार यस्तो परम्पराबाट आएको यही योगलाई राजर्षिहरूले जाने, (तर) हे अर्जुन ! त्यो यही योग हो र यो (कर्मयोग) धेरै समयदेखि यस संसारमा (प्राय:) नष्ट भयो ।

सएवायं मयातेऽद्य योग: प्रोक्त: पुरातन:
भक्तोऽसि मे सखाचेति रहस्यंह्येतदुत्तमम् ।।३।।

तिमी मेरा भक्त र साथी पनि हौ, यसकारण त्यही यो पुरानु योग आज मैंले तिमीलाई भनें, किनभने यसमा ज्यादै नै उत्तम रहस्य छ ।

अर्जुन उवाच– अर्जुन सोद्धछन्

अपरं भवतो जन्म परं जन्म विवस्वतः
कथमेतद्विजानीयां त्वमादौ प्रोक्तवानिति ॥४॥

हे श्रीकृष्ण ! हजुरको जन्म त अहिले भएको छ र सूर्यको जन्म पहिले नै भएको छ, अतः हजूरले यही योगलाई आदिकालमैं भन्नु भएको थियो भन्ने कुरा मैंले कसरी जानूं ? ।

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

बहूनि मे व्यतीतानि जन्मानि तव चार्जुन
तान्यहं वेद सर्वाणि न त्वं वेत्थ परंतप ॥५॥

हे अर्जुन ! मेरा र तिम्रा धेरैं जन्म विती सकेका छन् । ती सबै जन्म-हरू म जान्दछु तर हे परंतप ! तिमी जान्दैनौ ।

अजोऽपि सन्नव्ययात्मा भूतानामीश्वरोऽपि सन्
प्रकृतिं स्वामधिष्ठाय संभवाम्यात्ममायया ॥६॥

म जन्मदै नजन्मने, अविनाशीस्वरूप र प्राणीहरूको स्वामी भए तापनि आफ्नु प्रकृति (स्वभाव) लाई साथ लिएर आफ्नू माया (आफ्नै संकल्प) द्वारा प्रकट हुन्छु ।

यदा यदा हि धर्मस्य ग्लानिर्भवति भारत
अभ्युत्थानमधर्मस्य तदात्मानं सृजाम्यहम् ॥७॥

जहिले जहिले धर्मको ग्लानि र अधर्मको अभ्युत्थान हुन्छ त्यै त्यै समयमा नै हे भारत ! म आफूलाई रच्दछु (अवतार लिन्छु) ।

परित्राणाय साधूनां विनाशाय च दुष्कृताम्
धर्मसंस्थापनार्थाय संभवामि युगे युगे ।।८।।

साधु पुरुषहरूको रक्षा गर्नलाई र दुष्टहरूको नाश गर्नको लागि तथा धर्मको स्थापना गर्नाको लागि म युगयुगमा प्रकट हुन्छु (अवतार लिन्छु)।

जन्म कर्म च मे दिव्यमेवं यो वेत्ति तत्त्वतः
त्यक्त्वा देहं पुनर्जन्म नैति मामेति सोऽर्जुन ।।९।।

मेरो त्यो जन्म कर्म दिव्य छ। यसप्रकार त्यो दिव्यतत्वलाई जसले तत्वतः जान्दछ, हे अर्जुन ! त्यसले यो शरीरलाई छोडेपछि फेरि अर्को जन्म लिनु पर्दैन र त्यसले मलाई नै प्राप्त गर्दछ।

वीतरागभयक्रोधा मन्मया मामुपाश्रिताः
बहवो ज्ञानतपसा पूता मद्भावमागताः ।।१०।।

राग, भय र क्रोधले रहित, केवल ममा नै ओत प्रोत भएका, र मेरै आश्रय गरेका धेरै पुरुषहरू (तत्व) ज्ञानरूप तपस्यावाट पवित्र भएर मेरै भावमा प्राप्त भएका छन्।

ये यथा मां प्रपद्यन्ते तांस्तथैव भजाम्यहम्
मम वर्त्मानुवर्तन्ते मनुष्याः पार्थ सर्वशः ।।११।।

मलाई जसले जसरी भजन गर्छ त्यसलाई म त्यस्तै प्रकारले भज्दछु (दर्शन दिन्छु) हे अर्जुन ! मानिसहरू जतातर्फवाट भए पनि मेरै मार्गको अनुसरण गर्दछन्।

काङ्क्षन्तः कर्मणां सिद्धिं यजन्त इह देवताः
क्षिप्रं हि मानुषेलोके सिद्धिर्भवति कर्मजा ।।१२।।

(लौकिक कामना गर्ने मानिस) यहाँ कर्मका सिद्धिको इच्छा गर्दै (इन्द्रादि) देवताको पूजा गर्दछन् किनभने मनुष्य लोकमा कर्मबाट उत्पन्न हुने सिद्धि चाँडै प्राप्त हुन्छ।

चातुर्वर्ण्यं मया सृष्टं गुणकर्मविभागशः
तस्यकर्तारमपिमाम् विध्यकर्तारमव्ययम् ।।१३।।

गुण र कर्मको विभागवाट चारवर्ण (ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्र) मैले नै रचेको हूँ तिनीहरू सबैको कर्ता भएर पनि अविनाशी सर्वेश्वर भएको मलाई अकर्ता (कर्ताको भावले रहित) भएको जान ।

न मां कर्माणि लिम्पन्ति न मे कर्मफले स्पृहा ।
इति मां योऽभिजानाति कर्मभिर्न स बध्यते ।।१४।।

(किनभने) मलाई कर्महरूले बाँध्दैनन् किनभने मलाई कर्मको फलमा इच्छा छैन । अतः यस्ता प्रकारको मलाई जसले यथार्थरूपले जान्दछ भने त्यसलाई कर्महरूले बाँध्न पनि सक्तैनन् ।

एवं ज्ञात्वा कृतं कर्म पूर्वैरपि मुमुक्षुभिः
कुरू कर्मैव तस्मात्वं पूर्वैः पूर्वतरं कृतम् ।।१५।।

पहिले भएका मुमुक्षु (मुक्तिको इच्छा गर्ने) हरूले पनि यही कुरालाई जानेर कर्म गरेका थिए । अतएव तिमी पनि पूर्वजहरूद्वारा पहिले गरेका कर्महरू गर ।

किं कर्म किमकर्मेति कवयोऽप्यत्र मोहिताः
तत्ते कर्म प्रवक्ष्यामि यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ।१६।

कर्म भनेको के हो र अकर्म भनेको के हो यस विषयमा विद्वान् पुरुषहरू पनि मोहमा छन् । यसकारण म तिमीलाई त्यो कर्म भन्दछु जसलाई जानेर तिमी अशुभ (संसार बन्धन) बाट छुट्नेछौ ।

कर्मणो ह्यपि बोद्धव्यं बोद्धव्यं च विकर्मणः ।
अकर्मणश्च बोद्धव्यं गहना कर्मणो गतिः ।।१७।।

कर्मको, अकर्मको र विकर्मको विषय (तत्व) जान्नैपर्छ (किनभने) कर्मको गति गहन छ ।

कर्मण्यकर्म यः पश्येदकर्मणि च कर्म यः
स बुद्धिमान्मनुष्येषु स युक्तः कृत्स्नकर्मकृत् ।।१८।।

जुन पुरुष कर्ममा अकर्म (आत्मज्ञान) र अकर्म (ज्ञान) मा कर्म (हो भन्ने) देख्तछ त्यही मनुष्यहरूमा बुद्धिमान् हो र त्यही नै योगी हो तथा त्यही नै सबै कर्म गर्ने हो (भन्ने जान)

यस्य सर्वे समारम्भाः कामसङ्कल्पवर्जिताः
ज्ञानाग्निदग्धकर्माणं तमाहुः पण्डितं बुधाः ।।१९।।

जुन पुरुषका सम्पूर्ण कर्महरू कामना र सङ्कल्पले रहित छन् त्यस्तो त्यो ज्ञानरूपी अग्निद्वारा कर्महरू दग्ध भस्म पारेको पुरुषलाई विद्वान् जनहरू पण्डित भन्दछन् ।

त्यक्त्वा कर्मफलासङ्गं नित्यतृप्तो निराश्रयः
कर्मण्यभिप्रवृत्तोऽपि नैव किञ्चित्करोति सः ।।२०।।

जसले कर्मफलको आसक्तिलाई त्यागेर नित्य (आत्मामा) तृप्त र निराश्रय (प्रकृतिको आश्रयबाट रहित) छ त्यस्तो त्यो पुरुष कर्ममा भली-भाँतीपूर्वक प्रवृत्त भएतापनि त्यसले केही गरेको हुँदैन (अर्थात् त्यस्तालाई कर्मले छुँदैन ।)

निराशीर्यतचित्तात्मा त्यक्तःसर्वपरिग्रहः
शारीरं केवलं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ।।२१।।

आशा (फलासक्ति) रहित, चित्तलाई र आत्मालाई नियन्त्रण गरेको र सम्पूर्ण परिग्रह (वस्तु सम्बन्धी ममता) लाई छोडेको पुरुषले खाली शरीर सम्बन्धी कर्म गरीरहे तापनि त्यस्तालाई पाप (संसार) लाग्दैन ।

यदृच्छालाभसंन्तुष्टो द्वन्द्वातीतो विमत्सरः
समःसिद्धावसिद्धौ च कृत्वापि न निबध्यते ।।२२।।

परिश्राएको प्राप्तिमा सन्तुष्ट, द्वन्द (सुखदुःखादि) बाट हटेको, मत्सरता रहित र (कार्य) सिद्ध भए पनि असिद्ध (कार्य नाश) भए पनि बराबरंको भावना लिने यस्तो जुन पुरुष छ त्यसले कर्म गर्छ भने पनि त्यो बाँधिदैंन।

गतसङ्गस्य मुक्तस्य ज्ञानावस्थितचेतसः
यज्ञायाचरतः कर्म समग्रं प्रविलीयते ।।२३।।

आसक्ति नभएको, मुक्त (सम्पूर्ण परिग्रहबाट छुटेको) आत्मज्ञानमा स्थिर चित्त भएको र केवल यज्ञका निमित्त कर्मको आचरण गर्ने पुरुषका कर्महरू पूर्णरूपले विलीन हुन्छन्।

ब्रह्मार्पणं ब्रह्म हविर्ब्रह्माग्नौ ब्रह्मणा हुतम्
ब्रह्मैव तेन गन्तव्यं ब्रह्मकर्मसमाधिना ।।२४।।

अर्पण (सुरो आदि पात्र) ब्रह्म हो, हविः (चरू पुरोडास) पनि ब्रह्म हो, ब्रह्मरूपि अग्निमा ब्रह्मरूप कर्ताद्वारा हवन गरिएको छ भनेर यसप्रकार निश्चय गर्ने "ब्रह्मकर्मसमाधि" पुरुषद्वारा प्राप्तहुने योग्य वस्तु पनि ब्रह्म नै हुनजान्छ।

दैवमेवापरे यज्ञं योगिनः पर्युपासते
ब्रह्माग्नावपरे यज्ञं यज्ञेनैवोपजुह्वति ।।२५।।

अरू कर्मयोगीहरू देवपूजनरूप यज्ञको नै हरतरहले अनुष्ठान गर्दछन्, फेरि अरू कुनै ब्रह्मरूप अग्निमा यज्ञबाट नै यज्ञको हवन गर्दछन्।

श्रोत्रादीनीन्द्रियाण्यन्ये संयमाग्निषु जुह्वति
शब्दादीन्विषयानन्य इन्द्रियाग्निषु जुह्वति ॥२६॥

(फेरि) अरू कर्मयोगीहरू श्रोत्र (कान) आदि इन्द्रिय (तिनबाट हुने काम) लाई संयम रूप अग्निमा हवन गर्दछन्, फेरि अरू कुनै शब्द आदि विषयलाई इन्द्रियरूपी अग्निमा हवन गर्दछन् ।

सर्वाणीन्द्रियकर्माणि प्राणकर्माणि चापरे
आत्मसंयमयोगाग्नौ जुह्वति ज्ञानदीपिते ॥२७॥

(फेरि) अरू कर्मयोगीहरू ज्ञानले प्रज्वलित भएको आत्मसंयमरूपी योगाग्निमा समस्त इन्द्रियका कर्म र प्राणका कर्महरूको हवन गर्दछन् ।

द्रव्ययज्ञास्तपोयज्ञा योगयज्ञास्तथापरे
स्वाध्यायज्ञानयज्ञाश्च यतयः शंशितव्रताः ॥२८॥

फेरि अरू प्रयत्न गर्ने र दृढसंकल्प भएका कर्मयोगीहरू द्रव्ययज्ञ (वस्तुबाट हुने यज्ञ) त्यस्तै अरू तपयज्ञ (व्रत आदिबाट हुने यज्ञ) योगयज्ञ (तीर्थादि सेवनमययज्ञ) र अरू कुनै कर्मयोगीहरू स्वाध्याययज्ञ (वेदाध्ययनयज्ञ) र ज्ञानयज्ञको अनुष्ठान गर्दछन् ।

अपाने जुह्वति प्राणं प्राणेऽपानं तथापरे
प्राणापानगती रूद्ध्वा प्राणायामपरायणाः ॥२९॥

अपरे नियताहाराः प्राणान्प्राणेषु जुह्वति
सर्वेऽप्येते यज्ञविदो यज्ञक्षपितकल्मषाः ॥३०॥

आहारलाई नियन्त्रण गरेका प्राणायाम गर्ने अन्य कर्मयोगीहरू प्राणवायुलाई अपानमा हवन गर्दछन् । फेरि कुनै अपानलाई प्राणमा हवन गर्छन् । फेरि कँयौं अरू प्राण र अपानको गतिलाई नै रोकेर प्राणलाई प्राणमा हवन गर्दछन् । यस्तो गर्ने जो जति छन् ती सब यज्ञलाई जान्ने हुन् र यज्ञबाट पापको नाश गर्ने हुन् (भन्ने सम्झ)

यज्ञशिष्टामृतभुजो यान्ति ब्रह्म सनातनम्
नायं लोकोऽस्त्ययज्ञस्य कुतोऽन्यः कुरुसत्तम ॥३१॥

यज्ञ गरेर बचेर रहेको (अन्नरूपी) अमृतलाई खाने (कर्मयोगी) हरू सनातन ब्रह्ममा प्राप्त हुन्छन् । कुरुश्रेष्ठ हे अर्जुन ! यज्ञ नगर्ने पुरुषको यही लोक नै छैन (यहाँ नै अस्तित्व हुँदैन) भने दोस्रो मोक्ष हुने कुरा त के होला ? ।

एवं बहुविधा यज्ञा वितता ब्रह्मणो मुखे
कर्मजान्विद्धि तान्सर्वानेवं ज्ञात्वा विमोक्ष्यसे ॥३२॥

यस्ता किसिमबाट धेरै प्रकारका यज्ञ (कर्मयोग) ब्रह्मका मुखमा फिंजारिएका छन् ती सम्पूर्ण यज्ञहरू कर्मबाट हुने कुरा जान । यस्तो जानेपछि तिमी मुक्त हुनेछौ ।

श्रेयान्द्रव्यमयाद्यज्ञाज्ज्ञानयज्ञः परंतप
सर्वं कर्माखिलं पार्थ ज्ञाने परिसमाप्यते ॥३३॥

परन्तप हे अर्जुन ! द्रव्यबाट साध्यहुने यज्ञभन्दा ज्ञानयज्ञ उत्तम छ । हे पार्थ ! सम्पूर्ण कर्महरू पूर्णतया ज्ञानमा आयेपछि समाप्त हुन्छन् ।

तद्विद्धि प्रणिपातेन परिप्रश्नेन सेवया
उपदेक्ष्यन्ति ते ज्ञानं ज्ञानिनस्तत्वदर्शिनः ॥३४॥

त्यस्तो ज्ञानलाई (तत्वदर्शी ज्ञानीबाट) तिमीले जान । ती तत्वदर्शी ज्ञानीहरूलाई (जान्न इच्छा गर्दै) दण्डवत गर्नाले, प्रश्न गर्नाले र सेवा गर्नाले ज्ञानीहरू तिमीलाई त्यही ज्ञानको उपदेश गर्नेछन् ।

यज्ज्ञात्वा न पुनर्मोहमेवं यास्यसि पाण्डव
येन भूतान्यशेषेण द्रक्ष्यस्यात्मन्यथो मयि ।।३५।।

हे अर्जुन ! जुन ज्ञानलाई पाएर तिमीलाई फेरि यस्ता प्रकारको मोह हुनेछैन । जुन ज्ञान प्राप्त गर्नाले सम्पूर्ण प्राणीहरू पहिले स्वयं आफैंमा र पछि ममा रहेका देख्नेछौ ।

अपि चेदसि पापेभ्यः सर्वेभ्यः पापकृत्तमः
सर्वं ज्ञानप्लवेनैव वृजिनं संतरिष्यसि ।।३६।।

यदि जम्मै पापीहरूभन्दा पनि तिमी बढी पाप गर्ने छौ भने पनि यही ज्ञानरूपी डुङ्गाद्वारा सम्पूर्ण पापलाई पार गर्नेछौ ।

यथैधांसि समिद्धोऽग्निर्भस्मसात्कुरुतेऽर्जुन
ज्ञानाग्निः सर्वकर्माणि भस्मसात् कुरुते तथा ।।३७।।

हे अर्जुन ! जस्तो दन्केको अग्निले दाउराहरूलाई खरानी पार्दछ, त्यस्तै ज्ञानरूपी अग्निले सम्पूर्ण कर्महरूलाई खरानी पार्दछ ।

न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते
तत्स्वयंयोगसंसिद्धः कालेनात्मनि विन्दति ।।३८।।

निःसन्देह यो जगत्मा ज्ञान जस्तो पवित्र अरू केही पनि छैन । योगद्वारा संसिद्ध (सिद्धिको अवस्थामा पुगेको) पुरुषले समय आएपछि त्यो (ज्ञान) स्वयं आफैंले आफैंमा पाउँछ ।

श्रद्धावाँल्लभते ज्ञानं तत्परः संयतेन्द्रियः
ज्ञानं लब्ध्वा परां शान्तिमचिरेणाधिगच्छति ।।३९।।

श्रद्धा भएको, त्यसैमा लागिरहने र इन्द्रिय जितेको पुरुषले ज्ञान पाउँछ, र त्यस्तो ज्ञान पाएपछि त्यो तुरुन्तै परम शान्तिमा पुग्दछ ।

अज्ञश्चाश्रद्धधानश्च संशयात्मा विनश्यति
नायंलोकोऽस्ति न परो न सुखं संशयात्मनः ।।४०।।

अज्ञानी, श्रद्धा नगर्ने र ज्यादै शङ्का गर्ने मानिस नष्ट हुन्छ । त्यस्तो शङ्का लिने मानिसका लागि न यो लोक न त परलोक नै छ र त्यसलाई सुख पनि हुँदैन ।

योगसंन्यस्तकर्माणं ज्ञानसंछिन्नसंशयम्
आत्मवन्तं न कर्माणि निबध्नन्ति धनंजय ।।४१।।

हे धनञ्जय ! योगद्वारा सम्पूर्ण कर्महरूलाई ज्ञानाकार बनाएर रहेको, ज्ञानद्वारा समस्त शङ्काहरू निवृत्त भएको आत्मवान् (आत्मा साक्षात्कार गरेको) यस्ता पुरुषलाई कर्महरूले बाँध्न सक्तैनन् ।

तस्मादज्ञानसंभूतं हृत्स्थं ज्ञानासिनात्मनः
छित्वैनं संशयं योगमातिष्ठोत्तिष्ठ भारत ।।४२।।

हे भारत ! यसकारण अज्ञानबाट उत्पन्नभएर हृदयमा रहेको शङ्कालाई आत्मज्ञानरूपी खड्गद्वारा काटेर कर्मयोगमा प्रवृत्त होउ र उठ ! उठ !! ।

इति चतुर्थोध्याय
समाप्त

ॐ तत् सत्

अथ

पाचौं अध्याय

अर्जुन उवाच– अर्जुन भन्दछन्

संन्यासं कर्मणां कृष्ण पुनर्योगं च शंससि
यच्छ्रेय एतयोरेकं तन्मे ब्रूहि सुनिश्चितम् ।।१।।

हे श्रीकृष्ण ! हजूरले (कहिले) कर्मको त्याग (ज्ञानयोग) र कहिले फेरि कर्मयोगकै प्रशंसा पनि गर्नुहुन्छ । अतः यी दुईमार्गमा जुन एउटा मार्ग सुनिश्चित र उत्तम छ त्यही मलाई भनिदिवक्स्योस् ।

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

संन्यासः कर्मयोगश्च निःश्रेयसकराबुभौ
तयोस्तु कर्मसंन्यासात्कर्मयोगो विशिष्यते ।।२।।

संन्यास (ज्ञानयोग) र कर्मयोग यी दुइ नै कल्याणकारक छन् तैपनि यी दुइमा कर्मसंन्यासको अपेक्षा कर्मयोग नै विशिष्ट छ ।

ज्ञेयः स नित्यसंन्यासी यो न द्वेष्टि न काङ्क्षति
निर्द्वन्द्वो हि महाबाहो सुखं बन्धात्प्रमुच्यते ।।३।।

हे महाबाहु अर्जुन ! जो न द्वेष गर्छ र नत आकांक्षा नै गर्छ त्यसलाई नित्य संन्यासी भन्ने जान । किनभने द्वन्द्वबाट रहित भएको पुरुष सजीलैसंग बन्धनबाट छुट्दछ ।

सांख्ययोगौ पृथग्बालाः प्रवदन्ति न पण्डिताः
एकमप्यास्थितः सम्यगुभयोर्विन्दते फलम् ।।४।।

जो सांख्य (ज्ञानयोग) र योग (कर्मयोग) यिनलाई (फलभेद बताएर) यी बेग्लैबेग्लै हुन् भन्दछन् ती पण्डित होइनन्, ती त नजान्ने बालख हुन् । (वास्तवमा) एउटा (ज्ञानयोग वा, कर्मयोग) मा मात्र पूर्ण तवरबाट अड्न सकेको पुरुषले दुबैको फल (मुक्ति) पाउन सक्तछ ।

यत्सांख्यैः प्राप्यते स्थानं तद्योगैरपि गम्यते
एकं सांख्यं च योगं च यः पश्यति स पश्यति ।।५।।

सांख्ययोगीहरूले जुन् स्थान पाउँछन् कर्मयोगीहरूले पनि त्यही स्थान पाउँछन् । यसरी सांख्य र योगलाई जसले एउटै देख्तछ यथार्थ देख्ने भनेको त्यही हो ।

संन्यासस्तु महाबाहो दुःखमाप्तुमयोगतः
योगयुक्तो मुनिर्ब्रह्म न चिरेणाधिगच्छति ।।६।।

परन्तु हे अर्जुन ! कर्मयोग विना संन्यासलाई पाउन कठिन छ । र कर्मयोगले युक्त भएको मुनिले चाँडै नै ब्रह्म प्राप्तिगर्दछ ।

योगयुक्तो विशुद्धात्मा विजितात्मा जितेन्द्रियः
सर्वभूतात्मभूतात्मा कुर्वन्नपि न लिप्यते ।।७।।

कर्मयोगबाट शुद्ध आत्मा भएको, मनलाई जितेको, इन्द्रिय विजयी, समस्त भूत प्राणीहरूलाई आफ्नै आत्मा सम्झने पुरुषले (परम पुरुषको आराधनारूप विशुद्ध) कर्म गर्दैरहे पनि त्यो लिप्त हुँदैन ।

नैव किंचित्करोमीति युक्तो मन्येत तत्त्ववित्
पश्यञ्श्रृण्वन्स्पृशञ्जिघ्रन्नश्नन्गच्छन्स्वपञ्श्वसन् ॥८॥
प्रलपन्विसृजन्गृह्णन्नुन्मिषन्निमिषन्नपि
इन्द्रियाणीन्द्रियार्थेषु वर्तन्त इति धारयन् ॥९॥

तत्व जान्ने पुरूषले देख्दा, सुन्दा, स्पर्श गर्दा, सुँघ्दा, खाँदा, हिँड्दा, सुत्दा, सास लिदा, बोल्दा, छोड्दा, लिदा (आँखा) खोल्दा, चिम्लदा पनि इन्द्रियहरू इन्द्रियकै विषयमा प्रवृत्त छन् (भन्दै) यस्तो सम्झोस् कि– "मैले केही पनि गरेको छैन ।"

ब्रह्मण्याधाय कर्माणि सङ्गं त्यक्त्वा करोति यः
लिप्यते न स पापेन पद्मपत्रमिवाम्भसा ॥१०॥

जो मनुष्य कर्मलाई ब्रह्म (प्रकृति) मा छोडदिएर र आसक्ति नलिएर (कर्म) गर्दछ त्यस्तो त्यो पुरूषलाई कमलका पातलाई पानीले छुन नसके जस्तै (कर्मले त्यसलाई पनि छुन नसक्ने) हुन्छ ।

कायेन मनसा बुद्ध्या केवलैरिन्द्रियैरपि
योगिनः कर्म कुर्वन्ति सङ्गं त्यक्त्वात्मशुद्धये ॥११॥

त्यसकारण योगीहरू आसक्तिलाई छोडेर शरीर, मन, बुद्धि र केवल इन्द्रियद्वारा केवल आत्मशुद्धिका लागि मात्र काम गर्छन् ।

युक्तः कर्मफलं त्यक्त्वा शान्तिमाप्नोति नैष्ठिकीम्
अयुक्तः कामकारेण फले सक्तो निबध्यते ॥१२॥

युक्त पुरूषले कर्मको फल त्याग गरेर निष्ठा सम्बन्धी शान्तिलाई प्राप्त गर्दछ र अयुक्त पुरूष कामनाद्वारा फलमा आसक्त भएर बाँधिन्छ ।

सर्वकर्माणि मनसा संन्यस्यास्ते सुखं वशी
नवद्वारे पुरे देही नैव कुर्वन्न कारयन् ॥१३॥

आफैंलाई वशमा राख्न सक्ने देही (पुरुष) मनद्वारा सम्पूर्ण कर्महरूलाई नौ ढोका भएको शरीरमा छोडेर आफू केही नगर्दै र नगराउँदै (कर्तृत्व र कार्यितवबाट भिन्न भएर) सुखपूर्वक बस्तछ ।

न कर्तृत्वं न कर्माणि लोकस्य सृजति प्रभुः
न कर्मफलसंयोगं स्वभावस्तु प्रवर्तते ।।१४।।

प्रभू (आत्माले) यी सम्पूर्ण प्राणीहरूको कर्तापन, कर्म र कर्मफलसंयोगको रचना गरेको छैन । तर (के छ भने) यी सबैमा (उनीहरूको) स्वभाव नै विद्यमान भएर रहेको छ ।

नादत्ते कस्यचित्पापं न चैव सुकृतं विभुः
अज्ञानेनावृतं ज्ञानं तेन मुह्यन्ति जन्तवः ।।१५।।

त्यो विभु (व्यापक तत्व आत्मा) ले न त कसैको पाप ग्रहण गर्छ न त कसैको पुण्य नै लिन्छ । (यहाँ) अज्ञानबाट ज्ञान ढाकिएको छ, त्यसैले जीवहरू मोहमा परिरहेका छन् ।

ज्ञानेन तु तदज्ञानं येषां नाशितमात्मनः
तेषामादित्यवज्ज्ञानं प्रकाशयति तत्परम् ।।१६।।

परन्तु जसको त्यो अज्ञान आत्मज्ञानद्वारा नाश भएको छ त्यसको त्यो स्वाभाविक परमज्ञान सूर्य समान बनेर (सम्पूर्ण वस्तुहरूलाई) प्रकाशित गर्दछ ।

तद्बुद्धयस्तदात्मानस्तन्निष्ठास्तत्परायणाः
गच्छन्त्यपुनरावृत्तिं ज्ञाननिर्धूतकल्मषाः ।।१७।।

त्यस (आत्मा) मा बुद्धि लगाएका, त्यसमै मन लगाएका, र त्यसैमा निष्ठा (अभ्यास) र त्यसैमा आश्रय गरेका र ज्ञानबाट सारा पाप पखालेका पुरुषहरूले फेरि नफर्किने ठाउँमा जान्छन् ।

विद्याविनयसंपन्ने ब्राह्मणे गवि हस्तिनि
शुनि चैव श्वपाके च पण्डिताः समदर्शिनः ।।१८।।

(ती) विद्वान्जनहरू विद्या र नम्रताले युक्त ब्राह्मण, गाई, हात्ती, कुकुर र चाण्डालमा पनि समदर्शी (भेदको दृष्टि नभएका) हुन्छन् ।

इहैव तैर्जितः सर्गो येषां साम्ये स्थितं मनः
निर्दोषं हि समं ब्रह्म तस्माद् ब्रह्मणि ते स्थिताः ।।१९।।

जसको मन समतामा रहेको छ त्यस्ताले यहीं नै रहेर पनि संसारलाई जिते भन्ने सम्झे हुन्छ । किनभने दोषरहित भएको ब्रह्म सम छ । अतः सम अवस्थामा रहेका तिनीहरू (समदर्शीहरू) ब्रह्ममै रहेका हुन्छन् ।

न प्रहृष्येत्प्रियं प्राप्य नोद्विजेत्प्राप्य चाप्रियम्
स्थिरबुद्धिरसंमूढो ब्रह्मविद् ब्रह्मणि स्थितः ।।२०।।

स्थिर बुद्धि, मोह नभएको, ब्रह्म जान्ने र ब्रह्म रूपमा रहेको यस्तो पुरूषले प्यारो (इच्छित) वस्तु पाएर हर्ष पनि नगरोस् र अप्रिय (मन नपर्ने) वस्तु आइ पर्दा विस्मात पनि नलेओस् ।

बाह्यस्पर्शेष्वसक्तात्मा विन्दत्यात्मनि यत्सुखम्
स ब्रह्मयोगयुक्तात्मा सुखमक्षयमश्नुते ।२१।।

बाहिरी विषयमा आशक्ति नभएको मन हुने पुरूष जब आत्मा (भित्र) मा नै सुखको प्राप्ति वा अनुभव गर्छ । त्यसले नै त्यो ब्रह्मयोगयुक्त मन भएको हुनाले अक्षय (ब्रह्मानुभव रूप) सुखको भोग गर्छ ।

ये हि संस्पर्शजा भोगा दुःखयोनय एव ते
आद्यन्तवन्तः कौन्तेय न तेषु रमते बुधः ।।२२।।

विषय र इन्द्रियको सम्बन्धवाट उत्पन्न हुने जति भोगहरू छन् ती सब दुःखकै कारण हुन् र ती सबै आदि र अन्त्य भएका छन्। शुरू हुन्छन् र केही छिन पछि नष्ट हुन्छन्) यसकारण हे अर्जुन! वुद्धिमान् पुरूष यस्तो जानेर तिनीहरूमा रमाउँदैन।

शक्नोती हैव यः सोढुं प्राक्शरीर विमोक्षणात्
काम क्रोधोद्भवं वेगं सयुक्तः स सुखी नरः ।।२३।।

यो संसारमा जसले यो देह छुट्नु भन्दा पहिले नै काम र क्रोधवाट उत्पन्न हुने वेगलाई सहन सक्तछ भने त्यही नै योगी हो र सुखी मानिस भनेको पनि त्यही हो।

योऽन्तःसुखोऽन्तरारामस्तथान्तर्ज्योतिरेव यः
स योगी ब्रह्मनिर्वाणं ब्रह्मभूतोऽधिगच्छति ।।२४।।

जो भित्र अन्तरात्मामा सुखी, अन्तरात्मामा नै रमाउने (वाहिरी विषयमा रमाउँदैन) र अन्तरात्मामा रहने ज्योति (आत्म ज्योति) आत्म प्रकाश स्वरूप)छ त्यस्तो योगी ब्रह्मस्वरूप भएर ब्रह्मनिर्वाणमा प्राप्त हुन्छ।

लभन्ते ब्रह्मनिर्वाणमृषयः क्षीणकल्मषाः।
छिन्नद्वैधा यतात्मानः सर्वभूतहिते रताः ।।२५।।

द्वन्द (सुख दुःखादि) वाट छुटेका, आत्मामा मन लगाई रहने, सम्पूर्ण प्राणीहरूको हितमा लागेका र पापहरू जति नाश गरिसकेका यस्ता ऋषिगणहरूले ब्रह्मनिर्वाण (पदवी) प्राप्त गर्छन्।

कामक्रोधवियुक्तानां यतीनां यतचेतसाम्।
अभितो ब्रह्मनिर्वाणं वर्तते विदितात्मनाम् ।।२६।।

काम र क्रोधवाट रहित, यत्नशील, संयम चित्त भएको र आत्मालाई जितेका यस्ता पुरूषका निमित्त सबैतिरबाट ब्रह्मनिर्वाण मात्र प्राप्त हुन्छ।

स्पर्शान्कृत्वा बहिर्बाह्यांश्चक्षुश्चैवान्तरे भ्रुवोः
प्राणापानौ समौ कृत्वा नासाभ्यन्तरचारिणौ ।।२७।।

यतेन्द्रियमनोबुद्धिर्मुनिर्मोक्षपरायणः
विगतेच्छाभयक्रोधो यः सदा मुक्त एव सः ।।२८।।

बाहिरी विषयलाई भित्र (मनभित्र) पस्न नदिएर, दुई आँखिभौंको बीचमा (दृष्टि लाई) राखेर नाकभित्र विचरण गर्ने प्राणवायु र (तलतिर वहने) अपानवायुलाई सम (एउटै गतिमा) ल्याएर इन्द्रिय, मन र बुद्धिलाई वशमा गर्ने, मोक्षको मार्गमा लागेको र इच्छा, डर र क्रोध (रीस) बाट रहित भएको यस्तो जुन मुनि छ त्यो नित्य मुक्त भएको हुन्छ ।

भोक्तारं यज्ञतपसां सर्वलोकमहेश्वरम्
सुहृदं सर्वभूतानां ज्ञात्वा मां शान्तिमृच्छति ।।२९।।

यज्ञ र तपस्याको भोक्ता (भोग गर्ने) सम्पूर्ण प्राणीहरूको ईश्वर (स्वामी) र सम्पूर्ण प्राणीहरूको मित्र समान भएर रहेको मलाई जानेर (मात्र) शान्ति प्राप्त हुन्छ ।

इति पञ्चमोध्याय
समाप्त

ॐ तत् सत्

अथ
छैटौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

अनाश्रितः कर्मफलं कार्यं कर्म करोति यः
स संन्यासी च योगी च न निरग्निर्न चाक्रियः ।।१।।

कर्मबाट उत्पन्न हुने फलको आधार नलिने र कर्तव्य कर्म भने गरीरहने यस्तो जुन पुरूष छ त्यही नै सन्यासी हो र योगी पनि त्यै हो । सन्यासी र योगी हुनलाई अग्निरहित (स्वाहा रहित) र क्रिया रहित (सम्पूर्ण कर्म त्याग गरेको) हुनैपर्छ भन्ने कुरा छैन ।

यं संन्यासमिति प्राहुर्योगं तं विद्धि पाण्डव
न ह्यसंन्यस्तसंकल्पो योगी भवति कश्चन ।।२।।

हे पाण्डुनन्दन ! जसलाई सन्यास (ज्ञानयोग) भन्दछन् त्यही नै योग (कर्मयोग) हो भन्ने जान । किनभने सङ्कल्पको त्याग नगरी कोही पनि योगी हुनै सक्तैन ।

आरुरुक्षोर्मुनेर्योगं कर्म कारणमुच्यते
योगारूढस्य तस्यैव शमः कारणमुच्यते ।।३।।

योगारूढ (आत्म साक्षात्कार स्वरूप योगलाई प्राप्त गर्न इच्छा गर्ने) मुनिका निमित्त निष्काम कर्म नै कारण मानिएको छ र योगारूढ (आत्म साक्षात्कार) भैं सकेका पुरुषका निमित्त शम (शान्ति वा कर्मको निवृत्ति) नै कारण मानिएको छ ।

यदा हि नेन्द्रियार्थेषु न कर्मस्वनुषज्जते
सर्वसंकल्पसंन्यासी योगारूढस्तदोच्यते ॥४॥

जब योगी पुरुष निश्चयपूर्वक न त इन्द्रियहरूका विषयमा आसक्त रहन्छ र न त कर्ममा नै आसक्त रहन्छ सम्पूर्ण सङ्कल्पलाई त्याग गर्ने त्यो त्यागी पुरुष त्यो अवस्थामा मात्र बल्ल योगारूढ भयो भनेर मानिन्छ ।

उद्धरेदात्मनात्मानं नात्मानमवसादयेत्
आत्मैव ह्यात्मनो बन्धुरात्मैव रिपुरात्मनः ॥५॥

(मानिसले) आत्मा (मन) बाट नै आत्माको (मनको) उद्धार गरोस्, आत्मा (मन) लाई कहिल्यै पनि च्यूतगर्नु (गिराउनु) हुँदैन । किनभने आत्मा (मन) नै आत्माको बन्धु हो र आत्मा नै आत्माको शत्रु हो । (विषयमा आसक्त मन बन्धनको र विषयमा आसक्त नभएको मन नै मुक्तिको कारण मानिएको छ)

बन्धुरात्मात्मनस्तस्य येनात्मैवात्मना जितः
अनात्मनस्तु शत्रुत्वे वर्तेतात्मैव शत्रुवत् ॥६॥

जसले आफूले आफैंलाई जितेको छ, त्यसको आफैं आफ्नो बन्धु हो । किन्तु जसले यस्तो गर्न सकेको छैन, त्यसको आत्माले त्यसलाई शत्रु जस्तै भएर मौकामा धोका दिन्छ ।

जितात्मनः प्रशान्तस्य परमात्मा समाहितः
शीतोष्णसुखदुःखेषु तथा मानापमानयोः ॥७॥

जसले चिसो, तातो, सुख दुःख र मान अपमानमा आफ्नो मनलाई जितेको छ त्यस्ता शान्त पुरुषका मनमा मात्र परमात्मा राम्रो प्रकारले रहनु हुन्छ ।

ज्ञानविज्ञानतृप्तात्मा कूटस्थो विजितेन्द्रियः
युक्त इत्युच्यते योगी समलोष्टाश्मकाञ्चनः ॥८॥

जसको आत्मा (मन) ज्ञान र विज्ञानबाट तृप्त छ, जो कूटस्थ (देवताका अवस्थामा रहेर पनि सर्वसाधारण ज्ञानको एक आकारमय आत्मामा रहने छ,) इन्द्रिय जितेको छ तथा माटो, ढुङ्गा र सुनलाई पनि बराबरै सम्झन सक्छ त्यस्तो त्यो योगी "युक्त" भनिन्छ ।

सुहृन्मित्रार्युदासीनमध्यस्थद्वेष्यबन्धुषु
साधुष्वपि च पापेषु समबुद्धिर्विशिष्यते ॥९॥

जुन पुरूष, सुहृद् (स्वभावैले हित चाहने) मित्र, शत्रु, उदासीन (शत्रु र मित्र केही पनि नभएको) मध्यस्थ (जन्मैदेखि शत्रु न मित्र भएको) द्वेष गर्ने र बन्धुहरूमा र साधु तथा पापीहरूमा पनि भेद नलिने (समबुद्धि) छ त्यही नै पुरूष ज्यादै उत्तम मानिएको छ ।

योगी युञ्जीत सततमात्मानं रहसि स्थितः
एकाकी यतचित्तात्मा निराशीरपरिग्रहः ॥१०॥

चित्त र मनलाई वशमा राखेको योगीले एकान्त ठाउँमा एक्लै स्थिर भएर बसेर आशा र परिग्रह (वस्तुको इच्छा गर्नु) बाट रहित भएर आफैंले आफूलाई योगाभ्यासमा राखोस् ।

शुचौ देशे प्रतिष्ठाप्य स्थिरमासनमात्मनः
नात्युच्छ्रितंनातिनीचं चैलाजिनकुशोत्तरम् ॥११॥
तत्रैकाग्रं मनः कृत्वा यतचित्तेन्द्रियक्रियः
उपविश्यासने युञ्ज्याद्योगमात्मविशुद्धये ॥१२॥

(योगाभ्यासीले) पवित्र ठाउँमा न ज्यादै अग्लो न ज्यादै होचो यस्तो टम्म मिलेको आसन राखेर त्यसमा वस्त्र, मृगको छाला र कुश क्रमशः बिछ्याएर त्यसमा बसी चित्त र इन्द्रियका क्रियाहरूलाई रोकेर मनलाई एकाग्र पारी आत्मशुद्धिका लागि योगाभ्यास गरोस् ।

समं कायशिरोग्रीवं धारयन्नचलं स्थिरः
संप्रेक्ष्य नासिकाग्रं स्वं दिशश्चानवलोकयन् ॥१३॥
प्रशान्तात्मा विगतभीर्ब्रह्मचारिव्रते स्थितः
मनः संयम्य मच्चित्तो युक्त आसीत मत्परः ॥१४॥

(योगीले) शरीर, शिर, घांटीलाई समस्थानमा, अचल र स्थिरपूर्वक राखेर, अरू दिशातर्फ नहेरी आफ्नो नाकको टुप्पामा हेरेर शान्त आत्मा गरी डर छोडी ब्रह्मचर्य व्रतमा रहेर, मनलाई रोकेर ममा चित्त लगाएर सावधान भएर मेरै चिन्तन गरेर बसोस् ।

युञ्जन्नेवं सदात्मानं योगी नियतमानसः
शान्तिं निर्वाणपरमां मत्संस्थामधिगच्छति ॥१५॥

यस्ता प्रकारले सधैं आत्मा (मन) लाई ममा() जोडेर निश्चल मन भएको योगीले ममा रहेको निर्वाणको पराकाष्ठा रूप शान्तिलाई प्राप्त गर्दछ ।

नात्यश्नतस्तु योगोऽस्ति न चैकान्तमनश्नतः
न चातिस्वप्नशीलस्य जाग्रतो नैव चार्जुन ॥१६॥

हे अर्जुन ! ज्यादा खाने र कत्ति पनि नखाने, अति सुत्ने र कत्ति पनि नसुत्ने यस्तो स्वभाव भएकालाई योग प्राप्त हुँदैन ।

युक्ताहारविहारस्य युक्तचेष्टस्य कर्मसु
युक्तस्वप्नावबोधस्य योगो भवति दुःखहा ॥१७॥

नियमित आहार बिहार गर्ने, नियमित कर्म र चेष्टा (हित र अहित प्राप्तिको विचार) गर्ने र नियम पूर्वक सुत्ने र उठ्ने यस्तालाई (मात्र) दुःख नाश गर्ने योगप्राप्ति हुन्छ ।

यदा विनियतं चित्तमात्मन्येवावतिष्ठते
निःस्पृहःसर्वकामेभ्यो युक्त इत्युच्यते तदा ।।१८।।

जब सबैतिरबाट वृत्तिलाई रोकेर चित्त (मन) आत्मामा स्थित हुन्छ तब सम्पूर्ण भोगबाट निस्पृह (इच्छारहित) भएको त्यो (योगी) युक्त भनिन्छ । यस्तो कुरा भनिएको छ ।

यथा दीपो निवातस्थो नेङ्गते सोपमा स्मृता
योगिनो यतचित्तस्य युञ्जतो योगमात्मनः ।।१९।।

जस्तो हावा नलाग्ने ठाउँमा राखेको दियो (वत्ति) कत्ति हलचल गर्दैन त्यही उदाहरण आत्म विषयक योगमा लागेका चित्त रोकेका जोगीको स्वरूप हुन्छ भनेको छ ।

यत्रोपरमते चित्तं निरुद्धं योगसेवया
यत्र चैवात्मनात्मानं पश्यन्नात्मनि तुष्यति ।।२०।।

योगको अभ्यासबाट पूर्णरूपले नियन्त्रण भएको चित्त जुन योगमा लाग्दछ र जुन योगमा उसले आत्मा (मन) बाट आत्मा(मन)लाई देख्द-छ अनि त्यसैलाई (त्यसका वृत्तिलाई) हेर्दै आत्मामानै त्यो सन्तुष्ट हुन्छ ।

सुखमात्यन्तिकं यत्तद्बुद्धिग्राह्यमतीन्द्रियम्
वेत्ति यत्र न चैवायं स्थितश्चलति तत्त्वतः ।।२१।।

इन्द्रियले थाहा पाउन नसक्ने बुद्धिले मात्र ग्रहण गरिने त्यस्तो जुन आत्यन्तिक सुख छ त्यसलाई जुन योगमा लागेर र जुन योगमा स्थित भएर योगीले प्राप्त गर्दछ वल्ल अनि खास त्यस्तो तत्वबाट त्यो विचलित हुँदैन ।

यं लब्ध्वा चापरं लाभं मन्यते नाधिकं ततः
यस्मिन्स्थितो न दुःखेन गुरुणापि विचाल्यते ।।२२।।

जुन योग (योगानन्द) लाई पाएर उसलाई अरू त्यो भन्दा बढी पाउने कुरानै रहन्न र जसमा स्थिर भएर रहँदा उसलाई ठूला ठूला दुःखले पनि विचलित पार्न सक्दैनन् ।

तं विद्याद्दुःखसंयोगवियोगं योगसंज्ञितम्
स निश्चयेन योक्तव्यो योगोऽनिर्विण्णचेतसा ।।२३।।

दुःखसंग संयोग हुने कुराको वियोग गराउने (कुरा) लाई "योग" भनी जान । त्यही योगलाई निश्चय पूर्वक प्रसन्न चित्त भएर (अभ्यास) गर्न योग्य छ ।

संकल्पप्रभवान्कामांस्त्यक्त्वा सर्वानशेषतः
मनसैवेन्द्रियग्रामं विनियम्य समन्ततः ।।२४।।
शनैः शनैरुपरमेद्बुद्धया धृतिगृहीतया
आत्मसंस्थं मनः कृत्वा न किञ्चिदपि चिन्तयेत् ।।२५।।

योगाभ्यासीले सङ्कल्पबाट उठ्ने जम्मै भोगहरूलाई छोडेर मन, द्वारा सम्पूर्ण इन्द्रियहरूलाई चारैतिरबाट रोकेर धैर्ययुक्त बुद्धिले विस्तारै विस्तारै (आत्मा देखि भिन्न वस्तुहरूलाई) छोडोस् र मनलाई आत्मामा राखेर केही पनि नसोचोस् ।

यतो यतो निश्चरति मनश्चञ्चलमस्थिरम्
ततस्ततो नियम्यैतदात्मन्येव वशं नयेत् ।।२६।।

त्यसले (अनि) अस्थिर र चञ्चल भएको त्यो मन जहाँ जहाँ जान्छ त्यहाँ त्यहाँबाट त्यसलाई हटाएर यही आत्मामा नै बश गरेर राख्नु पर्दछ ।

प्रशान्तमनसं ह्येनं योगिनंसुखमुत्तमम्
उपैति शान्तरजसं ब्रह्मभूतमकल्मषम् ।।२७।।

यसरी आत्मामा निश्चल मन भएको, रजोगुणले रहित भएको, निष्पाप (पापरहित) र ब्रह्मस्वरूप योगीलाई निसंन्देह उत्तम सुख प्राप्त हुन्छ ।

युञ्जन्नेवं सदात्मानं योगी विगतकल्मषः
सुखेन ब्रह्मसंस्पर्शमत्यन्तं सुखमश्नुते ।।२८।।

(त्यस्तो) पाप नभएको योगीले यस्ता प्रकारले मनलाई सदा आत्मामा लगाएर ब्रह्मानुभवरूप अपरिमित सुखलाई सजिलैसित भोग गर्छ ।

सर्वभूतस्थमात्मानं सर्वभूतानि चात्मनि
ईक्षते योगयुक्तात्मा सर्वत्र समदर्शनः ।।२९।।

त्यस्तो योगयुक्त आत्मा भएको, सर्वत्र बराबरको दृष्टि लिने (समदर्शी) पुरुषले सबै प्राणीहरूमा आफै रहेको र आफूमा सम्पूर्ण प्राणीहरू रहेको देख्तछ ।

यो मां पश्यति सर्वत्र सर्वं च मयि पश्यति
तस्याहं न प्रणश्यामि स च मे न प्रणश्यति ।।३०।।

जसले सर्वत्र (व्यापक भएर रहेको) मलाई र जम्मै ममा रहेको देख्तछ त्यसका लागि म अदृश्य छैन र त्यस्तो पुरुष मेरा निमित्त पनि अदृश्य छैन ।

सर्वभूतस्थितं यो मां भजत्येकत्वमास्थितः
सर्वथा वर्तमानोऽपि स योगी मयि वर्तते ।।३१।।

जुन योगी एकत्वभाव (ज्ञानको एकाकार अवस्था) मा स्थिर भएर सबै प्राणीहरूमा रहेको मलाई भज्दछ । यसरी सबै तरहबाट रहँदा रहँदै पनि त्यो ममा नै रहेको हुन्छ (अर्थात् त्यस्तो योगीले आफू र अरूमा सँधै मेरो सादृश्यभाव देखिरहन्छ)

आत्मौपम्येन सर्वत्र समं पश्यति योऽर्जुन
सुखं वा यदि वा दुःखं स योगी परमो मतः ॥३२॥

हे अर्जुन ! जुन योगी आफैलाई उदाहरण स्वरूप सम्झदै जहाँतहीं (यावज्जीवहरूमा) रहेका सुख अथवा दुःखलाई (ती पनि सबै मेरै अनुभव जस्तै छन् भनेर) समान रूपले देख्तछ त्यही योगी परम (योगको चरम सीमा लाई प्राप्त गरेको) मानिन्छ ।

अर्जुन उवाच– अर्जुन सोद्धछन्

योऽयं योगस्त्वया प्रोक्तः साम्येन मधुसूदन
एतस्याहं न पश्यामि चञ्चलत्वात्स्थितिं स्थिराम् ॥३३॥

हे मधुसूदन ! जुन यो योग समताको रूपबाट हजूरले भन्नु भयो त्यसलाई (म मनको) चञ्चले स्वभाव भएकोले त्यसमा यो योगको स्थिति स्थिर हुन सक्तैन भन्ने देख्दैछु ।

चञ्चलं हि मनः कृष्ण प्रमाथि बलवद्दृढम्
तस्याहं निग्रहं मन्ये वायोरिव सुदुष्करम् ॥३४॥

किनभने हे श्रीकृष्ण ! यो मन वडो चञ्चले, सबैलाई लट्पट्याउने, (प्रमथनशील) दृढ र बलवान् छ । यसलाई रोकन त (वहिरहेको) वायुलाई रोक्नु जत्तिकै अत्यन्त कठिन छ भन्ने मलाई लाग्छ ।

श्रीभगवानुवाच– श्रीभगवान आज्ञागर्नुहुन्छ

असंशयं महाबाहो मनो दुर्निग्रहं चलम्
अभ्यासेन तु कौन्तेय वैराग्येण च गृह्यते ॥३५॥

हे अर्जुन ! निसन्देह यो मन चञ्चल र रोकिनसक्नु छ । तरपनि हे कौन्तेय (कुन्तिपुत्र !)अभ्यास र वैराग्यबाट यसलाई वशगर्न सकिन्छ ।

असंयतात्मना योगो दुष्प्राप इति मे मति
वश्यात्मना तु यतता शक्योऽवाप्तुमुपायतः ॥३६॥

मनलाई वशमा ल्याउन नसक्ने पुरुषले योग प्राप्त गर्न कठिन छ। परन्तु आफ्ना अधीनमा मन राख्न सक्ने प्रयत्नशील पुरुषले उपाय गरेमा जसले पनि यो (योग) प्राप्तगर्न सक्त छ भन्ने मलाई लाग्छ (मेरो यस्तो विचारछ)

अर्जुन उवाच– अर्जुन सोद्धछन्

अयतिः श्रद्धयोपेतो योगाच्चलितमानसः
अप्राप्य योगसंसिद्धिं कां गतिं कृष्ण गच्छति ॥३७॥

हे श्रीकृष्ण ! प्रयत्न नगर्नाले योगमार्गबाट मन विचलित भएको तर श्रद्धा भएको पुरुषले योगसिद्धि न पाएपछि त्यस्तो पुरुष कुन गतिमा प्राप्त हुन्छ ? ।

कच्चिन्नोभयविभ्रष्टश्छिन्नाभ्रमिव नश्यति
अप्रतिष्ठो महाबाहो विमूढो ब्रह्मणः पथि ॥३८॥

हे महावाहु श्रीकृष्ण ! ब्रह्ममार्गबाट च्युत भएको आश्रय हीन (न संसारमा रहेको न योगमार्गमा रहेको) त्यस्तो पुरुष टुक्रिएको बादल जस्तै दुवैतिरबाट भ्रष्ट भएर नाश त हुँदैन ?।

एतन्मे संशयं कृष्ण छेत्तुमर्हस्यशेषतः
त्वदन्यः संशयस्यास्य छेत्ता न ह्युपपद्यते ॥३९॥

हे श्रीकृष्ण ! मेरो यो शङ्कालाई पूर्णतया खण्डन गर्न सक्ने हजूरनै भै बक्सिन्छ । हजूर विना यो शङ्कालाई निवारण गर्न सक्ने अर्को पाउनै सकिन्न ।

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

पार्थ नैवेह नामुत्र विनाशस्तस्य विद्यते
न हि कल्याणकृत्कश्चिद्दुर्गतिं तात गच्छति ।।४०।।

हे पार्थ अर्जुन ! त्यस्तो (उपरोक्त किसिमको) पुरुष त न यो लोकमा न त परलोकमा नै विग्रन्छ। किनभने हे प्यारा अर्जुन ! कल्याण (योगसाधन) गर्ने पुरुष कहिल्यै पनि दुर्गतिमा प्राप्त हुँदैन।

प्राप्य पुण्यकृतां लोकानुषित्वा शाश्वतीः समाः
शुचीनां श्रीमतां गेहे योगभ्रष्टोऽभिजायते ।।४१।।

किन्तु पुण्यकर्म गर्ने पुरुषले पाउनु पर्ने योग्य लोक (बैकुण्ठ लोक) आदि पाएर त्यहाँ धेरै वर्षसम्म रहेर त्यस्तो त्यो योगभ्रष्ट पुरुष पवित्र ऐश्वर्यले युक्त भएको कुलमा जन्म लिन पुग्छ।

अथवा योगिनामेव कुले भवति धीमताम्
एतद्धि दुर्लभतरं लोके जन्म यदीदृशम् ।।४२।।

अथवा बुद्धिमान जोगीको कुलमा त्यसले जन्म लिन्छ। तर यस्ता प्रकारको जुन जन्म हुन्छ यस संसारमा त्यस्तो जन्म निसन्देह ज्यादै दुर्लभ छ भन्ने जान।

तत्र तं बुद्धिसंयोगं लभते पौर्वदेहिकम्
यतते च ततो भूयः संसिद्धौ कुरुनन्दन ।।४३।।

हे अर्जुन ! त्यो जन्ममा पनि त्यसले पहिलो जुनीमा अभ्यास गरिएको बुद्धिसंयोग (अघिको कुरा सबै सम्झने बुद्धि) सहजै प्राप्त गर्दछ र त्यसले फेरि योगसिद्धिका लागि प्रयत्न गर्दछ।

पूर्वाभ्यासेन तेनैव ह्रियते ह्यवशोऽपि सः
जिज्ञासुरपि योगस्य शब्दब्रह्मातिवर्तते ।।४४।।

त्यस्तो (योगभ्रष्ट) पुरुष परवश छ तापनि उसले पहिले गरेको अभ्यासले निसन्देह (त्यस्तो योगाभ्यास गर्ने तर्फ) त्यो खिचिन्छ । त्यस्तो पुरुष मात्रै होइन कि योगलाई जान्न इच्छा गर्ने पुरुषले पनि शब्दब्रह्म (प्रकृति) लाई पारगर्दछ ।

प्रयत्नाद्यतमानस्तु योगी संशुद्धकिल्बिषः
अनेकजन्मसंसिद्धस्ततो याति परां गतिम् ।।४५।।

(यसरी) अनेक जन्मका अभ्यासबाट सिद्धिप्राप्तिको अवस्था प्राप्त गरेको र शुद्ध भएको योगी (यो जन्ममा पनि) प्रयत्नपूर्वक साधन गरेर परम गतिमा पुग्दछ ।

तपस्विभ्योऽधिको योगी ज्ञानिभ्योऽपि मतोऽधिकः
कर्मिभ्यश्चाधिको योगी तस्माद्योगी भवार्जुन ।।४६।।

तपस्वी, ज्ञानी र कर्मिष्ठ भन्दा पनि योगी श्रेष्ठ मानिएको छ । अतः हे अर्जुन ! तिमी पनि योगी वन ।

योगिनामपि सर्वेषां मद्‌गतेनान्तरात्मना
श्रद्धावान्भजते यो मां स मे युक्ततमो मतः ।।४७।।

सबै योगीहरूमा पनि श्रद्धा भएको भक्तले ममा मनलगाएर मेरो भजन (शरणागति) गर्छ भने त्यही नै (योगी) मेरो विचारमा श्रेष्ठ हो ।

इति छैटौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
सातौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

मय्यासक्तमनाः पार्थ योगं युञ्जन्मदाश्रयः
असंशयं समग्रं मां यथा ज्ञास्यसि तच्छृणु ।।१।।

पार्थ हे अर्जुन ! म मा आसक्त मन भएका, मेरै आश्रय गर्ने, मलाई पाउने साधनरूप योगमा लागेका तिमीले निसन्देह जसरी यथार्थ रूपमा मलाई जान्न सक्तछौ त्यो कुरा सुन ।

ज्ञानं तेऽहं सविज्ञानमिदं वक्ष्याम्यशेषतः
यज्ज्ञात्वा नेह भूयोऽन्यज्ज्ञातव्यमवशिष्यते ।।२।।

म तिमीलाई विशेष ज्ञानले युक्त भएको यो ज्ञान पूर्णरूपमा भन्दछु । जसलाई (जुन ज्ञानलाई) जानेर फेरि यहाँ (संसारमा जान्न लायक फेही पनि बाँकि रहने छैन ।

मनुष्याणां सहस्रेषु कश्चिद्यतति सिद्धये
यततामपि सिद्धानां कश्चिन्मां वेत्ति तत्त्वतः ।।३।।

हजारौं मनुष्यमा कोही एउटा मात्र सिद्धिपर्यन्त प्रयत्न गर्ने हुन्छ र त्यस्ता सिद्धिपर्यन्त प्रयत्न गर्ने पुरुषमा पनि कुनै एउटाले मात्र मलाई यथार्थ-रुपले जान्दछ ।

भूमिरापोऽनलो वायुः खं मनो बुद्धिरेव च
अहंकार इतीयं मे भिन्ना प्रकृतिरष्टधा ।।४।।

पृथ्वी, जल, अग्नि, वायु, आकाश, मन बुद्धि र अहंकार यी आठ प्रकारको (साधनमा रहेकि) मेरी अपरा प्रकृति छन् ।

अपरेयमितस्त्वन्यां प्रकृतिं विद्धि मे पराम्
जीवभूतां महाबाहो ययेदं धार्यते जगत् ।।५।।

यी प्रकृति अपराहुन् र हे महाबाहु अर्जुन ! तिमी अब अर्कि दोस्री मेरी जीवस्वरूपा परा (चेतनरुपा) प्रकृति छन् भन्ने पनि जान । जुन प्रकृतिबाट यो सम्पूर्ण (जड जगत्) धारण भएकोछ ।

एतद्योनीनि भूतानि सर्वाणीत्युपधारय
अहं कृत्स्नस्य जगतः प्रभवः प्रलयस्तथा ।।६।।

यी सम्पूर्ण प्राणीहरू मेरा यी नै दुइटा (परा-जडरुपा, अपरा-चेतनरुपा) प्रकृतिका कारण भएर रहेका छन् । त्यसैकारण म यो सम्पूर्ण जगत्को उत्पत्ति र प्रलयको स्थान भएर रहेको छु । यस्तो जान ।

मत्तः परतरं नान्यत्किञ्चिदस्ति धनंजय
मयि सर्वमिदं प्रोतं सूत्रे मणिगणा इव ।।७।।

हे अर्जुन ! (त्यसकारण यस संसारमा) म भन्दा विशिष्ट दोस्रो केहीपनि छैन । (यस्तो सम्झ कि) धागामा मणीहरू उनिएझैं यो (चराचर) सम्पूर्ण जगत् ममा उनिएर रहेको छ ।

रसोऽहमप्सु कौन्तेय प्रभास्मि शशिसूर्ययोः
प्रणवः सर्ववेदेषु शब्दः खे पौरुषं नृषु ॥८॥
पुण्यो गन्धः पृथिव्यां च तेजश्चास्मि विभावसौ
जीवनं सर्वभूतेषु तपश्चास्मि तपस्विषु ॥९॥
बीजं मां सर्वभूतानां विद्धि पार्थ सनातनम्
बुद्धिर्बुद्धिमतामस्मि तेजस्तेजस्विनामहम् ॥१०॥
बलं बलवतां चाहं कामरागविवर्जितम्
धर्माविरुद्धो भूतेषु कामोऽस्मि भरतर्षभ ॥११॥

हे अर्जुन ! म पानीमा झोल, चन्द्र र सूर्यमा कान्ति, समस्त वेदमा ॐकार, आकाशमा शब्द र पुरुष (मानिसमा) मा पुरुषत्व, भएर रहेको छु । फेरि पृथ्वीमा गन्ध, अग्निमा तेज, सम्पूर्ण प्राणीहरूमा बाँच्ने शक्ति र तपस्वीहरूमा तपस्या भएर रहेको छु । हे अर्जुन ! म सम्पूर्ण प्राणीहरूको कहिल्यै नाश नहुने बीज (आदिकारण) छु भन्ने पनि जान र बुद्धिमानको बुद्धि र तेजस्वीहरूको तेज पनि मैं हूँ । हे भरतश्रेष्ठ ! सर्वदा काम रागले रहित् बलियामा बल र प्राणीहरूमा धर्मसम्मत काम पनि मैं हूँ

ये चैव सात्त्विका भावा राजसास्तामसाश्च ये
मत्त एवेति तान्विद्धि न त्वहं तेषु ते मयि ॥१२॥

जो भएका यी सत्व रज तमगुण सम्बन्धी भाव (अभिप्राय) हरू छन् ती सबै मबाट उत्पन्न भएका छन् । म तिनीहरूमा छैन तर ती सबै ममा (आधारित) छन् भन्ने यो कुरा पनि जान ।

त्रिभिर्गुणमयैर्भावैरेभिः सर्वमिदं जगत्
मोहितं नाभिजानाति मामेभ्यः परमव्ययम् ॥१३॥

यी गुणात्मक तीन प्रकारका पदार्थबाट मोहमा परेको यो जगत् यो भन्दा उत्तम अविनाशी भएको मलाई जान्दै जान्दैन ।

दैवी ह्येषा गुणमयी मम माया दुरत्यया
मामेव ये प्रपद्यन्ते मायामेतां तरन्ति ते ।।१४।।

यी मेरी गुणमयी दैवी माया निसन्देह तरी नसक्नु छन् तर जो केवल मेरो एकमात्र शरण लिन्छन् तिनीहरू मात्र यी माया को पार पाउँछन् ।

न मां दुष्कृतिनो मूढाः प्रपद्यन्ते नराधमाः
माययाऽपहृतज्ञाना आसुरं भावमाश्रिताः ।।१५।।

मूढ, नराधम मायाबाट ज्ञान नाश भएका र आसुरी प्रकृतिको आश्रय- लिएका पापाचारी मानिसहरूमात्र मेरो शरणको आश्रय गर्दैनन् ।

चतुर्विधा भजन्ते मां जनाः सुकृतिनोऽर्जुन
आर्तो जिज्ञासुरर्थार्थी ज्ञानी च भरतर्षभ ।।१६।।

हे भरतश्रेष्ठ अर्जुन ! आर्त (प्रतिष्ठा र ऐश्वर्य नाश भै फेरि त्यसलाई पाउन इच्छा गर्ने) जिज्ञासु (प्रकृतिबाट भिन्न आत्मस्वरुप जान्न खोज्ने) अर्थार्थी (ऐश्वर्यको इच्छा गर्ने) र ज्ञानी (आत्मस्वरुपकै इच्छा गर्ने) यस्ता चार प्रकारका पुण्यकर्मा मानिसहरूले मेरो आश्रय गर्दछन् ।

तेषां ज्ञानी नित्ययुक्त एकभक्तिर्विशिष्यते
प्रियो हि ज्ञानिनोऽत्यर्थमहं स च मम प्रियः ।।१७।।

त्यस्ता ती चार भक्त मध्ये नित्ययुक्त भएको एउटा ममा मात्र भक्ति लगाउने ज्ञानी भक्त उत्तम मानिन्छ । किनभने म त्यसको अत्यन्त प्यारो छु र त्यो मेरो अत्यन्त प्यारो छ ।

उदाराः सर्व एवैते ज्ञानी त्वात्मैव मे मतम्
आस्थितः स हि युक्तात्मा मामेवानुत्तमां गतिम्

हुनत यी सबै भक्तहरू श्रेष्ठ छन् तदपि ज्ञानी त मेरो आत्मा नै हो भन्ने मलाई लाग्छ। किनभने त्यो युक्तात्मा भक्तले पाउन योग्य वस्तुहरूमा उत्तम वस्तुस्वरुप मलाई पाएर मेरै आधार गरेर रहेको हुन्छ।

बहूनां जन्मनामन्ते ज्ञानवान् मां प्रपद्यते
वासुदेवः सर्वमिति स महात्मा सुदुर्लभः ॥१९॥

(किनकि) धेरै जन्म लिई सकेपछि ज्ञानवान्ले "यो सबै वासुदेवमय छ" भन्ने यस्तो भावले मेरै शरणको आश्रय गर्छ। त्यस्तो महात्मा (पाउनु वा हुनु) अत्यन्त दुर्लभ छ।

कामैस्तैस्तैर्हृतज्ञानाः प्रपद्यन्तेऽन्यदेवताः
तं तं नियममास्थाय प्रकृत्या नियताः स्वया ॥२०॥

(आफ्नु स्वभावले गर्दा) ती ती (हरेक) भोग र कामनाले गर्दा ज्ञान नाश भएका पुरुषहरू आफ्ना स्वभावका वशमा परेर उनी उनीहरूकै नियममा रहेर तिनीहरू अरू देवताहरूका शरणको आश्रय गर्छन्।

यो यो यां यां तनुं भक्तः श्रद्धयार्चितुमिच्छति
तस्य तस्याचलां श्रद्धां तामेव विदधाम्यहम् ॥२१॥

जो जो भक्त जुन जुन शरिर (देवतारुप मेरो शरीर) लाई श्रद्धा पूर्वक पूजागर्नइच्छा गर्छन्, त्यस्ता व्यक्तिहरूको तिनीहरू प्रतिको श्रद्धालाई म अचल एवम् स्थिर बनाई दिन्छु।

स तया श्रद्धया युक्तस्तस्याराधनमीहते
लभते च ततः कामान् मयैव विहितान् हि तान् ॥२२॥

(अनि) त्यो भक्त त्यही उसको श्रद्धा लिएर तीनै (इन्द्रादि देवतारूप भगवान्को मूर्ति वा शरीर) को आराधना गर्दछ र त्यसबाट तीनै भोगहरू लाई प्राप्त गर्दछ जो मैले (पहिले) नै निश्चित गरिदिईसकेको छु।

अन्तवत्तु फलं तेषां तद्भवत्यल्पमेधसाम्
देवान्देवयजो यान्ति मद्भक्ता यान्ति मामपि ।।२३।।

तर मन्दबुद्धि भएका तिनीहरूको त्यो फलप्राप्ति (आखिरमा) नाश हुने हुन्छ (स्थायी हुँदैन) (यस्तो नियम छ कि) देवताको आराधना गर्नेले देवतालाई प्राप्त गर्छन् र मेरा भक्तहरूले मलाई प्राप्त गर्छन्।

अव्यक्तं व्यक्तिमापन्नं मन्यन्ते मामबुद्धयः
परं भावमजानन्तो ममाव्ययमनुत्तमम् ।।२४।।

हे अर्जुन! विशिष्ट विवेक नभएका व्यक्तिहरू मेरो सर्वोत्तम, अविनाशी, परम (नित्य आत्मस्वरुप) अवस्थालाई नजानेर (यी श्रीकृष्ण) पहिले थिएनन्। अहिले व्यक्ति विशेष बनेर यहाँ अवतार लिएका छन् भन्ने यस्तो ठान्दछन्।

नाहं प्रकाशः सर्वस्य योगमायासमावृतः
मूढोऽयं नाभिजानाति लोको मामजमव्ययम् ।।२५।।

हे अर्जुन! योगमायाले ढाकिएको हुँदा म सबैले प्रत्यक्ष देखिन्न (यसो भएर नै) यो अज्ञानी जगत्ले जन्मरहित र कहिल्यैनाश नहुनेमलाई जान्न सक्तैन।

वेदाहं समतीतानि वर्तमानानि चार्जुन
भविष्याणि च भूतानि मां तु वेद न कश्चन ।।२६।।

हे अर्जुन! म अघिभएका, अहिले भै रहेका र भविष्यमा हुने सबै प्राणीहरू (यद्वा सम्पूर्ण कुराको गतिविधि) लाई जान्दछु, तर मलाई कसैलेपनि जान्नै सक्तैन।

इच्छाद्वेषसमुत्थेन द्वन्द्वमोहेन भारत
सर्वभूतानि संमोहं सर्गे यान्ति परंतप ॥२७॥

(यस्तो किन हुन्छ भने) हे अर्जुन! हे परन्तप! जम्मै प्राणीहरू जन्मनु भन्दा अघिदेखिनै वा जन्मदैमा इच्छा र द्वेषबाट उत्पन्न हुने द्वन्द्वरुप मोहबाट मोहित भै सकेका हुन्छन् (त्यसो भएर नै उनीहरू त्रिकालदर्शी हुन सक्तैनन्)

येषां त्वन्तगतं पापं जनानां पुण्यकर्मणाम्
ते द्वन्द्वमोहनिर्मुक्ता भजन्ते मां दृढव्रताः ॥२८॥

तर जुन जुन पुण्यवान् भक्तहरूको पाप नाश भएको छ तिनीहरू त द्वन्द्व (सुख दुःखादि) को मोहबाट छुटेर दृढव्रती (धैर्यपूर्वक नियमको पालन गर्ने) भएर मलाई आश्रय गर्छन् ।

जरामरणमोक्षाय मामाश्रित्य यतन्ति ये
ते ब्रह्म तद्विदुः कृत्स्नमध्यात्मं कर्म चाखिलम् ॥२९॥

जुन पुरुषहरू बुढचाइँ र मरणबाट पारपाउनका निमित्त मेरो आधार लिएर प्रयत्न गर्दछन् (वास्तवमा) तिनै पुरुषले नै ब्रह्म, सम्पूर्ण अध्यात्म र सम्पूर्ण कर्महरू जान्दछन् ।

साधिभूताधिदैवं मां साधियज्ञं च ये विदुः
प्रयाणकालेऽपि च मां ते विदुर्युक्तचेतसः ॥३०॥

जसले मलाई अधिभूत (आधिभौतिक तत्व) अधिदैव (देवता सम्बन्धी तत्व) र अधियज्ञ (यज्ञ सम्बन्धी तत्व) ले सहित जान्दछन् । युक्तचित्त भएका तिनीहरू (त्यस्ता पुरुषहरू) मरणकालमा पनि मलाई विर्सदैनन् जानीरहन्छन् ।

इति सप्तमोध्याय
समाप्त

ॐ तत् सत्

अथ
आठौं अध्याय

अर्जुन उवाच– अर्जुन सोद्धछन्

किं तद्ब्रह्म किमध्यात्मं किं कर्म पुरुषोत्तम
अधिभूतं च किं प्रोक्तमधिदैवं किमुच्यते ।।१।।
अधियज्ञः कथं कोऽत्र देहेऽस्मिन्मधुसूदन
प्रयाणकाले च कथं ज्ञेयोऽसि नियतात्मभिः ।।२।।

हे पुरुषोत्तम ! त्यो ब्रह्म भनेको के हो, अध्यात्म भनेको के हो र कर्म भनेको के हो ? अधिभूत भनेर केलाई भनिन्छ ? हे मधुसूदन ! यो शरीरमा यहाँ अधियज्ञ कसरी हुन्छ र कुन हो ? र मर्ने अवस्थामा संयमी (आत्मनियन्त्रण गरेको) पुरुषहरूले हजूरलाई कसरी जान्दछन् ?

श्रीभगवानुवाच– श्रीभगवान आज्ञागर्नुहुन्छ

अक्षरं ब्रह्म परमं स्वभावोऽध्यात्ममुच्यते
भूतभावोद्भवकरो विसर्गः कर्मसंज्ञितः ।।३।।

परम अक्षर (अविनाशी तत्व) नै ब्रह्म (आत्मा) हो, स्वभाव (प्रकृति) नै अध्यात्म भनिन्छ, प्राणीहरूको अभिप्रायलाई उत्पन्न गर्ने विसर्गको नाम नै कर्म हो ।

अधिभूतं क्षरो भावः पुरुषश्चाधिदैवतम्
अधियज्ञोऽहमेवात्र देहे देहभृतां वर ।।४।।

देहधारीहरूमा श्रेष्ठ भएका हे अर्जुन ! नाशवान् भाव (सत्ता) अधिभूत हो र पुरुष (जसका सत्तामा रुप, रस, गन्ध, शब्द र स्पर्श आश्रित रहन्छन् त्यही) नै अधिदैवत हो र यो शरीरमा अधियज्ञ (यज्ञद्वारा आराधना गरिने योग्य देवताको नाम) मै नै हूँ ।

अन्तकाले च मामेव स्मरन्मुक्त्वा कलेवरम्
यः प्रयाति स मद्भावं याति नास्त्यत्र संशयः ।।५।।

जसले अन्त्य समयमा मलाई नै स्मरण गर्दागर्दै शरीर छोडेर जान्छ त्यहीनै मेरो भावमा प्राप्त हुन्छ । यो निसन्देह छ ।

यं यं वापि स्मरन्भावं त्यजत्यन्ते कलेवरम्
तं तमेवैति कौन्तेय सदा तद्भावभावितः ।।६।।

हे कुन्तीपुत्र अर्जुन ! अथवा (मनुष्यले) अन्त्यसमयमा जुन जुन भाव (वासना) लाई लिएर शरीर छोड्दछ त्यसैले गर्दा नित्य त्यही भावले प्रभावित भएर त्यो (प्राणी) त्यही भाव (वासना) मा प्राप्त हुन्छ ।

तस्मात्सर्वेषु कालेषु मामनुस्मर युध्य च
मय्यर्पितमनोबुद्धिर्मामेवैष्यस्यसंशयम् ।।७।।

यसै कारणले हरहमेसा तिमीले मलाई सम्झी राख र युद्ध गर । यसो गर्नाले (तिम्रो) मन र बुद्धि ममा अर्पण गरेर तिमी निसन्देह ममा नै प्राप्त हुनेछौ ।

अभ्यासयोगयुक्तेन चेतसा नान्यगामिना
परमं पुरुषं दिव्यं याति पार्थानुचिन्तयन् ।।८।।

हे अर्जुन! अभ्यास र योगको अवलम्बन गरेर चित्तलाई कतैतिर पनि नजाने (एकाग्र) गर्ने यस्तो मनुष्य दिव्य परमपुरुष (परमात्मा) मा प्राप्त हुन्छ ।

कविं पुराणमनुशासितार-
मणोरणीयांसमनुस्मरेद्यः
सर्वस्य धातारमचिन्त्यरूप-
मादित्यवर्णं तमसः परस्तात् ।।९।।

प्रयाणकाले मनसाचलेन
भक्त्या युक्तो योगबलेन चैव
भ्रुवोर्मध्ये प्राणमावेश्य सम्यक्
स तं परं पुरुषमुपैति दिव्यम् ।।१०।।

कवि, पुरानो, (आदि) अनुशासन गर्ने, सानु भन्दा पनि ज्यादै सानु (सूक्ष्म), सबैका धाता (धारण र पोषण गर्ने) अचिन्त्य स्वरुप र अन्धकार भन्दा पर, सूर्यको समान कान्ति भएका यस्ता परमेश्वरलाई जुन मनुष्यले मर्ने बेलामा भक्तिले युक्त भएर निश्चल मन र योगबलले दुबै आँखिभौंको बीचमा प्राणलाई राम्रो प्रकारले स्थिरगरी स्मरण गर्दछ त्यस्तो प्राणीले उही दिव्य परम पुरुषलाई प्राप्त गर्दछ ।

यदक्षरं वेदविदो वदन्ति
विशन्ति यद्यतयो वीतरागाः
यदिच्छन्तो ब्रह्मचर्यं चरन्ति
तत्ते पदं संग्रहेण प्रवक्ष्ये ।।११।।

हे अर्जुन वेद जान्नेहरूले जसलाई अक्षर भन्दछन् , रागले रहित भएको योगीहरू जसमा प्रवेश गर्दछन्, जसलाई प्राप्त गर्ने इच्छाले मनुष्यहरू) ब्रह्मचर्यको पालन गर्छन् त्यस्तो त्यो पद (ठाउँ) म तिमीलाई संक्षेपले भन्दछु ।

सर्वद्वाराणि संयम्य मनो हृदि निरुध्य च
मूर्ध्न्याधायात्मनः प्राणमास्थितो योगधारणम् ।१२।

ओमित्येकाक्षरं ब्रह्म व्याहरन्मामनुस्मरन्
यः प्रयाति त्यजन्देहं स याति परमां गतिम् ।।१३।।

इन्द्रियरुपी जम्मै ढोका लाई थुनेर मनलाई हृदयमा रोकेर योगलाई धारण गर्ने अभ्यासमा स्थित भएर आफ्नो प्राणलाई शिरस्थानमा राखेर ॐ यो एकाक्षरी ब्रह्मको उच्चारण गर्दै मेरो स्मरण गर्दै जसले शरीर छोड्दछ त्यस्तो त्यो पुरुष परमगतिमा प्राप्त हुन्छ ।

अनन्यचेताः सततं यो मां स्मरति नित्यशः
तस्याहं सुलभः पार्थ नित्ययुक्तस्य योगिनः ।।१४।।

हे पृथापुत्र अर्जुन ! जुन अनन्यचित्तवृत्ति भएको र नित्य मेरो स्मरण गर्ने भक्त छ त्यस्तो नित्य युक्त भएको योगीभक्तका निमित्त म सहज सुलभ छु ।

मामुपेत्य पुनर्जन्म दुःखालयमशाश्वतम्
नाप्नुवन्ति महात्मानः संसिद्धिं परमां गताः ।।१५।।

यसरी म मा प्राप्त भएर परम सिद्धिमा प्राप्त भएका महात्माहरूले दुःखैं दुःखको घरस्वरूप र अनित्य भएको पुनर्जन्मबाट छुटकारा पाउँछन् ।

आब्रह्मभुवनाल्लोकाः पुनरावर्तिनोऽर्जुन
मामुपेत्य तु कौन्तेय पुनर्जन्म न विद्यते ।।१६।।

हे अर्जुन ! ब्रह्मलोक देखि लिएर जम्मै अरुलोकमा रहने प्राणीहरू जति सबै पुनरावृत्तिशील (आउने र जाने मार्गमा लागेका) हुन्छन् । हे कुन्तिपुत्र ! मलाई प्राप्त गरेपछि त पुनर्जन्म नै रहदैन ।

सहस्रयुगपर्यन्तमहर्यद्ब्रह्मणो विदुः
रात्रिं युगसहस्रान्तां तेऽहोरात्रविदो जनाः ।।१७।।

हजार युगसम्म रहने ब्रह्माको जो दिन छ त्यो र हजार युग तक रहने ब्रह्माको राती (मानिसका १ हजार युगको प्रह्माको १ दिन र मानिसका १ हजार युगको ब्रह्माको १ रात हुन्छ) लाई जो जान्दछन् तीनै मानिसहरू रात र दिन जान्ने हुन् भनिन्छन् ।

अव्यक्ताद्व्यक्तयः सर्वाः प्रभवन्त्यहरागमे
रात्र्यागमे प्रलीयन्ते तत्रैवाव्यक्तसंज्ञके ।।१८।।

हे अर्जुन ! त्यही दिनको आरम्भको समयमा अव्यक्तबाट यी सबै प्राणीहरू उत्पन्न हुन्छन् र त्यही रात्रीको आरम्भको समयमा यी सबै प्राणीहरू त्यही अव्यक्त नामक तत्व मानै लय हुन्छन् ।

भूतग्रामः स एवायं भूत्वा भूत्वा प्रलीयते
रात्र्यागमेऽवशः पार्थ प्रभवत्यहरागमे ।।१९।।

हे अर्जुन ! त्यही नै यो कर्मका अधीन रहेको प्राणीहरूको समुदाय यसरी उत्पन्न भएर रात्रीको आरम्भको समयमा लय हुन्छ र दिनको आरम्भको समयमा फेरि उत्पन्न हुन्छ (यस्तो प्रक्रिया निरन्तर चलिरहेको छ) ।

परस्तस्मात्तु भावोऽन्योऽव्यक्तोऽव्यक्तात्सनातनः
यः स सर्वेषु भूतेषु नश्यत्सु न विनश्यति ॥२०॥

परन्तु त्यो जड प्रकृति स्वरूप अव्यक्तबाट पररहेको उत्तम जुन अर्को सनातन (आत्मरूप) अव्यक्तभाव छ, त्यै मात्र सबै प्राणीहरू नाश-हुँदाखेरिमा पनि नाश हुँदैन ।

अव्यक्तोऽक्षर इत्युक्तस्तमाहुः परमां गतिम्
यं प्राप्य न निवर्तन्ते तद्धाम परमं मम ॥२१॥

त्यही अव्यक्त अक्षर (प्रकृतिको संसर्ग र वियुक्त स्वरूपले रहेको) हो भनेर मानिएको छ र त्यही नै परम गति हो भन्दछन् जसलाई प्राप्त गरेर फेरि फर्कनु (जन्म लिनु) पर्दैन त्यही नै मेरो परमधाम हो भन्ने पनि जान ।

पुरुषः स परः पार्थ भक्त्या लभ्यस्त्वनन्यया
यस्यान्तःस्थानि भूतानि येन सर्वमिदं ततम् ॥२२॥

हे पृथापुत्र अर्जुन ! त्यही परम पुरूष, जसका अन्तर्गत यी सम्पूर्ण प्राणीहरू रहेका छन् र जसले सो सारा जगत् व्याप्त छ, त्यस्तो त्यो परम-पुरूष साँच्चै नै अनन्य भक्तिद्वारा प्राप्त गर्न सर्वथा योग्य छ ।

यत्र काले त्वनावृत्तिमावृत्तिं चैव योगिनः
प्रयाता यान्ति तं कालं वक्ष्यामि भरतर्षभ ॥२३॥

हे भरतश्रेष्ठ अर्जुन ! जुन बाटोद्वारा गएका योगीहरू फेरि नफर्कने र जुन बाटोद्वारा जाने योगीहरू फेरि फर्कने हुन्छन् त्यस्ता ती काल (बाटो) हरू अब म तिमीलाई भन्दछु ।

अग्निर्ज्योतिरहः शुक्लः षण्मासा उत्तरायणम्
तत्र प्रयाता गच्छन्ति ब्रह्म ब्रह्मविदो जनाः ॥२४॥

अग्निरूप ज्योति, दिनमा, शुक्लपक्ष र उत्तरायणका ६ महिना (माघ-देखि असारसम्म) मा गएका (शरीर छोडेका) ब्रह्मवेत्ता पुरूष ब्रह्ममै पुग्दछन् ।

धूमो रात्रिस्तथा कृष्णः षण्मासा दक्षिणायनम्
तत्र चान्द्रमसं ज्योतिर्योगी प्राप्य निवर्तते ॥२५॥

धूममार्ग (पितृ लोक आदि) राती, कृष्णपक्ष र दक्षिणायनका ६ महिना (साउनदेखि पूषसम्म) शरीर त्याग गर्ने सकाम योगीहरू चन्द्रमा सम्वन्धी ज्योति पाएर स्वर्गलाई भोगी फेरि (संसारमा) फर्कन्छन् ।

शुक्लकृष्णे गती ह्येते जगतः शाश्वते मते
एकया यात्यनावृत्तिमन्यययावर्तते पुनः ॥२६॥

यी शुक्ल (अर्चि आदि गति) र कृष्ण (धूममार्गको गति) निश्चय-पूर्वक जगत्मा सनातन मानिएका छन् । श्रुति (धर्मशास्त्रले यस्तो भनेको छ कि) एउटा (शुक्ल) गतिबाट जाने पुरूष फेरि नफर्कने हुन्छ र अर्को (कृष्ण) गतिबाट जाने पुरूष फेरि फर्केर आउँछ ।

नैते सृती पार्थ जानन्योगी मुह्यति कश्चन
तस्मात्सर्वेषु कालेषु योगयुक्तो भवार्जुन ॥२७॥

हे पृथापुत्र अर्जुन ! यस्ता यी दुइटै बाटालाई जान्ने कुनै योगी पनि कहिल्यै मोहमा पर्दैन । यसकारण हे अर्जुन ! तिमी सदाकाल योगयुक्त होउ ।

वेदेषु यज्ञेषु तपःसु चैव
दानेषु यत्पुण्यफलं प्रदिष्टम्
अत्येति तत्सर्वमिदं विदित्वा
योगी परं स्थानमुपैति चाद्यम् ॥२८॥

वेद, यज्ञ, तपस्या र त्यस्तै दान गर्ने काममा जुन् पुण्य फलप्राप्ति पाइन्छ भनेर बताएको छ योगीले (भगवान्को माहात्म्यलाई जानेर) त्यस्ता ती सबै फलप्राप्तिलाई पनि तुच्छ ठानी तिनलाई छोडेर परम्पदमा नै प्राप्त हुन्छ ।

इति आठौं अध्याय

समाप्त

ॐ तत् सत्

अथ
नवौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

इदं तु ते गुह्यतमं प्रवक्ष्याम्यनसूयवे
ज्ञानं विज्ञानसहितं यज्ज्ञात्वा मोक्ष्यसेऽशुभात् ॥१॥

हे अर्जुन ! अब म असूयारहित (ममा दोष दृष्टि नलिने) मेरा भक्त भएका तिमीलाई अत्यन्त गोप्य भएर रहेको विज्ञानले युक्त भएको ज्ञान भन्दछु, जसलाई जानेर तिमी अशुभ (गति) बाट छुट्नेछौ ।

राजविद्या राजगुह्यं पवित्रमिदमुत्तमम्
प्रत्यक्षावगमं धर्म्यं सुसुखं कर्तुमव्ययम् ॥२॥

(मैले भन्न लागेको) यो ज्ञान विद्याहरूमा राजा जस्तो, गोप्यहरूमा पनि राजा जस्तै अति गोप्य, ज्यादै पवित्र, उत्तम प्रत्यक्षावगम (जसबाट ज्ञानको विषय प्रत्यक्ष हुन्छ) धर्ममय, सुखैले अनुष्ठान गर्न सकिने र अविनाशी छ ।

अश्रद्दधानाः पुरुषा धर्मस्यास्य परंतप
अप्राप्य मां निवर्तन्ते मृत्युसंसारवर्त्मनि ॥३॥

हे परंतप अर्जुन ! यो धर्मना श्रद्धा नगर्ने पुरूषहरूले मलाई प्राप्त गर्न सक्तैनन् र मृत्युरूप संसारचक्रमा फर्कन्छन् ।

मया ततमिदं सर्वं जगदव्यक्तमूर्तिना
मत्स्थानि सर्वभूतानि न चाहं तेष्ववस्थितः ।।४।।

मेरो अव्यक्त मूर्तिबाट यो सम्पूर्ण जगत ढाकिएर रहेको छ। सारा प्राणीहरू मेरै आधारमा रहेका छन् तर म तिनीहरूको आधारमा छैन ।

न च मत्स्थानि भूतानि पश्य मे योगमैश्वरम्
भूतभृन्न च भूतस्थो ममात्मा भूतभावनः ।।५।।

त्यस्तै ती प्राणीहरू पनि म मा रहेका पनि छैनन् । मेरो यस्तो ऐश्वर-योगलाई तिमी राम्ररी हेर । म प्राणीहरूलाई धारण गर्ने हूँ तर ती प्राणीहरू-मा स्थित छैन । (फेरि) मेरो आत्मा (मन) भूतभावन (संकल्पद्वारा प्राणीहरूलाई उत्पन्न गर्ने, धारणा गर्ने र नियन्त्रण गर्ने) छ ।

यथाकाशस्थितो नित्यं वायुः सर्वत्रगो महान्
तथा सर्वाणि भूतानि मत्स्थानीत्युपधारय ।।६।।

जस्तो जताततै पुग्न सक्ने गति भएको महान् वायु आकाशमा नित्य भएर रहेको छ त्यस्तै समस्त प्राणीहरू पनि ममा टम्म मिलेर रहेका छन् । तिमीले यस्तो छ भन्ने कुरा निश्चय गर ।

सर्वभूतानि कौन्तेय प्रकृतिं यान्ति मामिकाम्
कल्पक्षये पुनस्तानि कल्पादौ विसृजाम्यहम् ।।७।।

हे अर्जुन ! कल्प (सत्य त्रेता द्वापर कलिई ४ युगको १ चौघडी हुन्छ र यस्ता ७१ चौघडीको १ कल्प हुन्छ) को अन्त्यमा सारा प्राणीहरू मेरा प्रकृतिमा प्राप्त हुन्छन् र कल्पको आदिमा म तिनीहरूलाई नै फेरि उत्पन्न गराउँछु ।

प्रकृतिं स्वामवष्टभ्य विसृजामि पुनः पुनः
भूतग्राममिमं कृत्स्नमवशं प्रकृतेर्वशात् ॥८॥

हे अर्जुन ! प्रकृतिका वशमा परेर विवश भएको यो सम्पूर्ण प्राणी-समुदायलाई म आफ्नै (उनै ८ प्रकारकी) प्रकृतिको अवलम्बन गरेर बारम्बार अनेक प्रकारबाट सृष्टि गर्दछु ।

न च मां तानि कर्माणि निबध्नन्ति धनंजय
उदासीनवदासीनमसक्तं तेषु कर्मसु ॥९॥

हे अर्जुन ! ती (प्रकृतिका) कर्ममा म उदासीन (रागद्वेषरहित्) जस्तो भएर रहेको छु तसर्थ आशक्ति रहित भएको मलाई तिनीहरूले बांध्न सक्तैनन् ।

मयाध्यक्षेण प्रकृतिः सूयते सचराचरम्
हेतुनानेन कौन्तेय जगद्विपरिवर्तते ॥१०॥

हे अर्जुन ! मेरै अध्यक्षताद्वारा प्रेरित प्रकृतिले यो सम्पूर्ण चराचर जगतलाई उत्पन्न गर्दछे । यसै कारण यो जगतको सृष्टि र प्रलय चलिरहेको छ ।

अवजानन्ति मां मूढा मानुषीं तनुमाश्रितम्
परं भावमजानन्तो मम भूतमहेश्वरम् ॥११॥

अज्ञानी पुरुषहरू मेरो परं (अत्यन्त रहस्ययुक्त) भाव लाई नजानेर प्राणीहरूको महान् ईश्वर (स्वामी) भएको मलाई शरीर लिने मानिस जस्तै ठानेर अवज्ञा गर्दछन् ।

मोघाशा मोघकर्माणो मोघज्ञाना विचेतसः
राक्षसीमासुरीं चैव प्रकृतिं मोहिनीं श्रिताः ॥१२॥

राक्षसी, आसुरी र मोहिनी प्रकृति (स्वभाव) को आश्रय गर्ने मनुष्यहरू व्यर्थ आशा गर्ने, काम नलाग्ने कर्म गर्ने, काम नलाग्ने ज्ञानको चिन्तनगर्ने र विक्षिप्तचित्त भएका हुन्छन् ।

महात्मानस्तु मां पार्थ दैवीं प्रकृतिमाश्रिताः
भजन्त्यनन्यमनसो ज्ञात्वा भूतादिमव्ययम् ॥१३॥

तर हे पृथापुत्र अर्जुन ! दैवी प्रकृतिको आश्रय गर्ने (ममा बाहेक) अन्यत्र मन नलगाउने महात्माहरू त प्राणीहरूको आदि भएको र अविनाशी भएको मलाई जानेर मेरो भजन गर्दछन् ।

सततं कीर्तयन्तो मां यतन्तश्च दृढव्रताः
नमस्यन्तश्च मां भक्त्या नित्ययुक्ता उपासते ।१४। ॥

किन्तु हे अर्जुन ! दैवी प्रकृतिको आश्रय गर्ने त्यस्ता ती महात्माहरू त संधै मेरै कीर्तन गर्ने दृढव्रती भएर प्रयत्न गर्दै भक्तिपूर्वक मलाई नमस्कार गर्दै नित्य म मा नै लागेर मेरो भजन गर्दछन् ।

ज्ञानयज्ञेन चाप्यन्ये यजन्तो मामुपासते
एकत्वेन पृथक्त्वेन बहुधा विश्वतोमुखम् ॥१५॥

र अरू (महात्माहरू) ज्ञानयज्ञबाट मेरो आराधना गर्दै अनेक प्रकारबाट बेग्ला बेग्लै रूपले (जगत्को आकारमा) रहेको विश्वतोमुख भएको परमात्मास्वरूप मेरो अभेद भावले उपासना गर्दछन् ।

अहं क्रतुरहं यज्ञः स्वधाहमहमौषधम्
मन्त्रोऽहमहमेवाज्यमहमग्निरहं हुतम् ॥१६॥

क्रतु (ज्योतिष्टोमादि) मै हूँ, यज्ञ मै हूँ, स्वधा मै हूँ, औषधी मै हूँ, मन्त्र मै हूँ, घ्यू मै हूँ, अग्नि पनि मै हूँ, र हवन पनि मै हूँ ।

पितामहस्य जगतो माता धाता पितामहः
वेद्यं पवित्रमोंकार ऋक्साम यजुरेव च ।।१७।।

हे अर्जुन! यो जगत्को पिता, माता, पितामह र धाता पनि मै हूँ। (वेदले) जानिने योग्य पवित्र ॐकार र यस्तै ऋग्वेद सामवेद र यजुर्वेद पनि मै हूँ।

गतिभर्ता प्रभुः साक्षी निवासः शरणं सुहृत्
प्रभवः प्रलयः स्थानं निधानं बीजमव्ययम् ।।१८।।

(सबैको) गति, भर्ता, प्रभू, साक्षी, निवास, शरण, सुहृद्, उत्पत्ति र प्रलयको स्थान, निधान र कैल्यै नाश नहुने बीज पनि मै हूँ।

तपाम्यहमहं वर्षं निगृह्णाम्युत्सृजामि च
अमृतं चैव मृत्युश्च सदसच्चाहमर्जुन ।।१९।।

हे अर्जुन! मै तताउँदछू, मै नै वर्षालाई रोक्त छु र मै नै वर्षाउँछु पनि। अमृत तथा मृत्यु एवम् सत् र असत् पनि मै नै हूँ।

त्रैविद्या मां सोमपाः पूतपापा
यज्ञैरिष्ट्वा स्वर्गतिं प्रार्थयन्ते
ते पुण्यमासाद्य सुरेन्द्रलोक-
मश्नन्ति दिव्यान्दिवि देवभोगान् ।।२०।।

तीन वेदमा निष्ठा राख्ने, सोमरस पान गर्ने, पापबाट रहित् भै शुद्ध भएका पुरूषहरू यज्ञद्वारा मेरो आराधना गरेर (निवृत्ति मार्गबाट पाइने मलाई नजानेर) स्वर्ग पाउने कुरा माग्दछन्। र त्यस्ता तिनीहरूले पुण्यको फलप्राप्तिस्वरूप इन्द्रको लोक (स्वर्ग) पाएर स्वर्गमा देवताहरूले उपभोग गरिने दिव्य भोगहरूलाई भोग्दछन्।

ते तं भुक्त्वा स्वर्गलोकं विशालं
क्षीणे पुण्ये मर्त्यलोकं विशन्ति
एवं त्रयीधर्ममनुप्रपन्ना
गतागतं कामकामा लभन्ते ।।२१।।

त्यस्ता तिनीहरूले त्यस्तो विशाल स्वर्गलोकको सुख भोगेर पुण्यक्षय भएपछि फेरि मर्त्यलोकमा नै झर्दछन् । यसरी केवल वेदत्रयी–प्रतिपादित धर्मका आश्रित र भोगको कामना गर्ने मनुष्यहरू नै आउने जाने (मर्ने जन्मने) गरिरहन्छन् ।

अनन्याश्चिन्तयन्तो मां ये जनाः पर्युपासते
तेषां नित्याभियुक्तानां योगक्षेमं वहाम्यहम् ।।२२।।

जुन पुरुषहरू अनन्य भावले चिन्तन गर्दै मलाई नै भज्दछन् निरन्तर मै मा लागेका ती भक्तजनहरूको योगक्षेम (आवश्यक वा अप्राप्त वस्तुको प्राप्ति योग, र प्राप्त वस्तुको रक्षा क्षेम) म आफैं चलाउँछु ।

येऽप्यन्यदेवताभक्ता यजन्ते श्रद्धयान्विताः
तेऽपि मामेव कौन्तेय यजन्त्यविधिपूर्वकम् ।।२३।।

हे अर्जुन ! जो जति अरू देवताका भक्तले श्रद्धापूर्वक (उनीहरूले मानेका देवतालाई) पूजा गर्छन् तिनीहरूले पनि विधि नपुऱ्याइकन मेरो नै पूजा गरेका हुन् भन्ने जान ।

अहं हि सर्वयज्ञानां भोक्ता च प्रभुरेव च
न तु मामभिजानन्ति तत्त्वेनातश्च्यवन्ति ते ।।२४।।

किन भने म नै सम्पूर्ण यज्ञहरूको भोक्ता (भोग गर्ने) र स्वामी हूँ, तर तिनीहरू मेरो यस्तो तत्वलाई जान्दैनन् र पतन हुन्छन् ।

यान्ति देवव्रता देवान्पितृन्यान्ति पितृव्रताः
भूतानि यान्ति भूतेज्या यान्ति मद्याजिनोऽपि माम् ।२५।

देवताको उपासना गर्ने पुरूषहरू देवतामा लीन हुन्छन्, पितृको उपासना गर्ने पितृ मै प्राप्त हुन्छन् भूतका पूजकहरू भूत मै प्राप्त हुन्छन् र मेरो पूजा गर्नेहरू म मा नै प्राप्त हुन्छन् ।

पत्रं पुष्पं फलं तोयं यो मे भक्त्या प्रयच्छति
तदहं भक्त्युपहृतमश्नामि प्रयतात्मनः ।।२६।।

जस्ले मलाई भक्तिपूर्वक पात, फूल, फल, र जल मात्र भने पनि अर्पण गर्दछ, त्यस्तो पवित्र मन भएका भक्तले अर्पण गरेको त्यो पत्र पुष्पादि म खुसीसित ग्रहण गर्दछु ।

यत्करोषि यदश्नासि यज्जुहोषि ददासि यत्
यत्तपस्यसि कौन्तेय तत्कुरुष्व मदर्पणम् ।।२७।।

हे अर्जुन ! तिमीले जो गर्दछौ, जो कुछ खान्छौ, जो कुछ हवन गर्छौ, जो दिन्छौ र जो तपस्या गर्छौ त्यो सबै कुरा जम्मै ममा अर्पण गर ।

शुभाशुभफलैरेवं मोक्ष्यसे कर्मबन्धनैः
संन्यासयोगयुक्तात्मा विमुक्तो मामुपैष्यसि ।।२८।।

यसप्रकार संन्यास योगले युक्त मन भएको बनेर वसेपछि तिमी शुभ र अशुभ फल दिने कर्मका वन्धन बाट छुट्दछौ र त्यसबाट छुटेर तिमी म मा प्राप्त हुनेछौ ।

समोऽहं सर्वभूतेषु न मे द्वेष्योऽस्ति न प्रियः
ये भजन्ति तु मां भक्त्या मयि ते तेषु चाप्यहम् ।।२९।।

हे अर्जुन ! म सबै प्राणीहरूमा समभावले रहेको छू । न मेरो कोई द्वेष्य (द्रोह गरिने) छ र न मेरो कोई प्यारो छ । परन्तु जस्ले मलाई भक्ति पूर्वक भजन गर्दछन् तिनीहरू ममा रहन्छन् र म तिनीहरूमा रहन्छू ।

अपि चेत्सुदुराचारो भजते मामनन्यभाक्
साधुरेव स मन्तव्यः सम्यग्व्यवसितो हि सः ॥३०॥

यदि कुनै अति दुराचारीले पनि अनन्य शरणागत भएर मलाई नै भज्दछ भने त्यो पुरूष साधु पुरूष भनेर मान्न सकिन्छ र ठीक ठीक निश्चय गर्ने पनि त्यै हो ।

क्षिप्रं भवति धर्मात्मा शश्वच्छान्ति निगच्छति
कौन्तेय प्रति जानीहि न मे भक्तः प्रणश्यति ॥३१॥

त्यस्तो त्यो पुरूष चांडै नै धर्मात्मा हुन्छ र संधै रहिरहने शान्तिलाई त्यस्ले पाउँछ । हे कुन्तिपुत्र अर्जुन ! तिमीले निश्चय ठान कि मेरो भक्त कहिल्यै पनि नष्ट हुँदैन ।

मां हि पार्थ व्यपाश्रित्य येऽपि स्युः पापयोनयः
स्त्रियो वैश्यास्तथा शूद्रास्तेऽपि यान्ति परां गतिम् ॥३२॥

हे अर्जुन ! मेरो आश्रय लिएर स्त्रीजाति, वैश्य अथवा शूद्र अथवा जुनसुकै पापयोनी हुन् ती सबै नै परम गतिमा प्राप्त हुन्छन् ।

किं पुनर्ब्राह्मणाः पुण्या भक्ता राजर्षयस्तथा
अनित्यमसुखं लोकमिमं प्राप्य भजस्व माम् ॥३३॥

(कुरा यस्तो छ भने) फेरि पुण्ययोनिमा जन्मेका ब्राह्मण र राजर्षि भक्तहरूका लागि त भन्ने कुरै छैन । अतः तिमीले यो अनित्य र सुख हुँदै नभएको मनुष्यको शरीरलाई पाएर मलाई नै भज ।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु
मामेवैष्यसि युक्त्वैवमात्मानं मत्परायणः ।।३४।।

तसर्थ हे अर्जुन ! तिमी ममा मन लगाएका, मेरै भक्त, मेरै पूजा गर्ने र मलाई नै नमस्कार गर्ने होऊ । यस प्रकार आत्मालाई ममा लगाएर मेरै आराधना गर्ने तिमी ममा नै प्राप्त हुनेछौ ।

इति नवमोध्याय
समाप्त

ॐ तत् सत्

अथ
दशौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञा गर्नुहुन्छ

भूय एव महाबाहो शृणु मे परमं वचः
यत्तेऽहं प्रीयमाणाय वक्ष्यामि हितकाम्यया ॥१॥

हे महाबाहु अर्जुन ! फेरि पनि मेरा उत्तम वचनहरू भन्दछु सुन । जुन् वचनहरू सुनेर तिमी प्रसन्न हुने छौ र ती वचनहरू तिमीजस्ता भक्तको हित होस् भन्ने इच्छाले मात्र म भन्दछु ।

न मे विदुः सुरगणाः प्रभवं न महर्षयः
अहमादिर्हि देवानां महर्षीणां च सर्वशः ॥२॥

मेरो प्रभावलाई न देवतागण नत महर्षिगणहरू नै जान्दछन् किनभने म देवता र महर्षि भन्दा पहिले भएको हूँ ।

यो मामजमनादिं च वेत्ति लोकमहेश्वरम्
असंमूढः स मर्त्येषु सर्वपापैः प्रमुच्यते ॥३॥

मानिसहरूमा मोहले रहित भएर जुन् भक्तले कहिल्यै जन्म नलिने, अनादि र लोकको महान् ईश्वर भएको म छु भन्ने कुरा जान्दछ त्यस्तो त्यो ज्ञानी मानिस सम्पूर्ण पापदेखि छुट्दछ ।

बुद्धिर्ज्ञानमसंमोहः क्षमा सत्यं दमः शमः
सुखं दुःखं भवोऽभावो भयं चाभयमेव च ॥४॥
अहिंसा समता तुष्टिस्तपो दानं यशोऽयशः
भवन्ति भावा भूतानां मत्त एव पृथग्विधाः ॥५॥

बुद्धि, ज्ञान, मोह नहुनु, क्षमा (सहनु) सत्य, दम (इन्द्रियलाई अनर्थकारी विषयबाट रोकनु) शम (अन्तष्करणलाई वशमा राख्नु)सुख, दुःख, भव (मनको भाव अनुकूल हुनु) अभाव, भय र अभय, अहिंसा, समता, तुष्टि (तृप्ति) तपस्या, दान, यश, अपयश, प्राणीहरूका यस्ता सम्पूर्ण भाव (मनकावृत्ति) हरू मबाट नै हुन्छन् ।

महर्षयः सप्त पूर्वे चत्वारो मनवस्तथा
मद्भावा मानसा जाता येषां लोक इमाः प्रजाः ॥६॥

हे अर्जुन ! ब्रह्माजीका मनबाट उत्पन्न भएका पहिलेका सात महर्षि र चार मनु तथा तिनीहरूका लोकमा उत्पन्न भएका यी सम्पूर्ण प्रजाहरू मेरै सङ्कल्पका अनुयायी छन् ।

एतां विभूतिं योगं च मम यो वेत्ति तत्त्वतः
सोऽविकम्पेन योगेन युज्यते नात्र संशयः ॥७॥

जस्ले मेरो यो विभूति (कल्याण गुण गणरूप) र योगलाई तत्वज्ञान पूर्वक जान्दछ त्यो अचल(भक्ति) योगयुक्त हुन्छ। यसमा कुनै सन्देह छैन।

अहं सर्वस्य प्रभवो मत्तः सर्वं प्रवर्तते
इति मत्वा भजन्ते मां बुधा भावसमन्विताः ॥८॥

"मै नै सम्पूर्ण उत्पतिको कारण हूँ र सबै कुराहरू मबाट नै प्रवृत्त गरिन्छन्" यस्तो कुरा जानेर भावले युक्त भएका ज्ञानीभक्तहरू मलाई नै भज्दछन् ।

मच्चित्ता मद्गतप्राणा बोधयन्तः परस्परम्
कथयन्तश्च मां नित्यं तुष्यन्ति च रमन्ति च ।।९।।

(कसरी भज्दछन् भने) ममा नै चित्त भएका, मेरै अधीनमा प्राण-भएका भक्तहरू परस्परमा (आफ्नु अनुभवलाई) सम्झाउँदै तथा नित्य मेरो नै कथन (वार्तालाप) गर्दै सन्तुष्ट हुन्छन् र रमाउँछन् ।

तेषां सततयुक्तानां भजतां प्रीतिपूर्वकम्
ददामि बुद्धियोगं तं येन मामुपयान्ति ते ।।१०।।

त्यस्ता निरन्तर ममा लागेर भजन गर्ने भक्तलाई म खुशीसाथ त्यस्तो बुद्धियोग दिन्छु जसबाट तिनीहरूले मलाई प्राप्त गर्दछन् ।

तेषामेवानुकम्पार्थमहमज्ञानजं तमः
नाशयाम्यात्मभावस्थो ज्ञानदीपेन भास्वता ।।११।।

तिनीहरूलाई नै अनुग्रह गर्नाका निमित्त म तिनीहरूको आत्मभावमा स्थित भएर तिनीहरूको अज्ञानबाट उत्पन्न हुने अन्धकारलाई चहकिलो भएको ज्ञानरूपी बत्तीले नाश गरिदिन्छु ।

अर्जुन उवाच– अर्जुन भन्दछन्

परं ब्रह्म परं धाम पवित्रं परमं भवान्
पुरुषं शाश्वतं दिव्यमादिदेवमजं विभुम् ।।१२।।
आहुस्त्वामृषयः सर्वे देवर्षिर्नारदस्तथा
असितो देवलो व्यासः स्वयं चैव ब्रवीषि मे ।।१३।।

हजूर परम ब्रह्म, परमधाम र परमपवित्र हुनुहुन्छ । सबै ऋषि र देवर्षि नारद, असित, देवल र व्यास पनि हजूरलाई दिव्यपुरुष, कहिल्यै

नजन्मने (जन्मरहित्) व्यापक र आदिदेव भन्दछन् र हजूरले नैं यही कुरा मलाई पनि (बारम्बार) भनिबक्सिएको छ ।

सर्वमेतदृतं मन्ये यन्मां वदसि केशव
न हि ते भगवन्व्यक्तिं विदुर्देवा न दानवाः ।।१४।।

हे केशव ! हजूरले मसंग जो भनिबक्सेको छ त्यो सबै कुरा म सत्य मान्दछु । किनभने हे भगवान् ! हजूरको व्यक्ति (जन्म-रहस्य) देवता र दानव दुवैले जान्न सक्तैनन् ।

स्वयमेवात्मनात्मानं वेत्थ त्वं पुरुषोत्तम
भूतभावन भूतेश देवदेव जगत्पते ।।१५।।

हे पुरूषोत्तम ! हे भूतभावन ! हे प्राणीहरूका स्वामी ! हे देव देव ! हे जगत्पति ! हजूरले आफूलाई आफैंले आफ्नै ज्ञानद्वारा जानिबक्सेको छ ।

वक्तुमर्हस्यशेषेण दिव्या ह्यात्मविभूतयः
याभिर्विभूतिभिर्लोकानिमांस्त्वं व्याप्य तिष्ठसि।।१६।।

हजूरले आफ्ना जुनजुन दिव्य विभूतिद्वारा यी लोकहरूलाई व्याप्त गरेर रहिबक्सेको छ ती ती दिव्य विभूतिहरूको वर्णन गर्न पनि हजूर बाहेक अरू कसैले पनि सक्तैन । केवल हजूरले मात्र सकिबक्सिन्छ । अतः ती सबै विभूतिहरू विस्तारपूर्वक भनिबक्सियोस् ।

कथं विद्यामहं योगिंस्त्वां सदा परिचिन्तयन्
केषु केषु च भावेषु चिन्त्योऽसि भगवन्मया ।।१७।।

हे भगवान् ! हे योगेश्वर ! मैले नित्य हजूरको चिन्तन गर्दै हजूरलाई कसरी जानूँ ? र मैले हजूरलाई कुन कुन वस्तुमा कसरी कुन रूपले रहिबक्सेको छ भनेर चिन्तन गर्न मनासीब छ ।

विस्तरेणात्मनो योगं विभूतिं च जनार्दन
भूयः कथय तृप्तिर्हि शृण्वतो नास्ति मेऽमृतम् ।१८।

हे जनार्दन ! हजूरको महिमायुक्त अमृतलाई श्रवण गर्दागर्दै मेरो तृप्तिहुन सकेको छैन अतः फेरि पनि हजूरले आफ्नू योग र विभूतिहरू मलाई विस्तारपूर्वक आज्ञा गरिबक्सियोस् ।

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

हन्त ते कथयिष्यामि दिव्या ह्यात्मविभूतयः
प्राधान्यतः कुरुश्रेष्ठ नास्त्यन्तो विस्तरस्य मे ।।१९।।

हे अर्जुन ! अब म तिमीलाई आफ्ना दिव्य अलौकिक कल्याणमयी (मङ्गल गर्ने) विभूतिहरूमा मुख्यमुख्य मात्र भन्ने छु । किनभने विस्तृत मेरा विभूतिहरू यतिछन् भन्ने तिनको कुनै अन्त्य छैन ।

अहमात्मा गुडाकेश सर्वभूताशयस्थितः
अहमादिश्च मध्यं च भूतानामन्त एव च ।।२०।।

हे अर्जुन ! सबै प्राणीहरूका हृदयमा रहेको आत्मा म हूँ र सम्पूर्ण प्राणीहरूको आदि, मध्य र अन्त पनि मै नै हूँ ।

आदित्यानामहं विष्णुर्ज्योतिषां रविरंशुमान्
मरीचिर्मरुतामस्मि नक्षत्राणामहं शशी ।।२१।।

आदित्यहरू (बाह्रवटा आदित्य) मा म विष्णु हूँ, ज्योतिहरूमा किरण युक्त सूर्य हूँ, मरूतहरूमा मरीचि र नक्षत्रहरूमा म चन्द्रमा हूँ ।

वेदानां सामवेदोऽस्मि देवानामस्मि वासवः
इन्द्रियाणां मनश्चास्मि भूतानामस्मि चेतना ।।२२।।

वेदहरूमा म सामवेद हूँ, देवताहरूमा इन्द्र हूँ, इन्द्रियहरूमा मन हूँ र सम्पूर्ण प्राणीहरूमा म चेतना (चेत) हूँ ।

रुद्राणां शंकरश्चास्मि वित्तेशो यक्षरक्षसाम्
वसूनां पावकश्चास्मि मेरुः शिखरिणामहम् ।।२३।।

म रूद्रहरूमा शङ्कर, यक्ष राक्षसहरूमा कुवेर, वसु (अष्ट वसु) मा पावक र चुच्चे चुली भएका पर्वतहरूमा म सुमेरू पर्वत हूँ ।

पुरोधसां च मुख्यं मां विद्धि पार्थ बृहस्पतिम्
सेनानीनामहं स्कन्दः सरसामस्मि सागरः ।।२४।।

हे अर्जुन ! पुरोहितहरूमा प्रमुख जो वृहस्पति छन् तिनी मै हूँ भन्ने जान । सेनापतिमा स्कन्द (स्वामी कार्तिक) र तलाउहरूमा सागर मै हूँ ।

महर्षीणां भृगुरहं गिरामस्म्येकमक्षरम्
यज्ञानां जपयज्ञोऽस्मि स्थावराणां हिमालयः ।।२५।।

मर्हाषहरूमा भृगु, वाणीहरूमा एक अक्षर (प्रणव, ॐ), यज्ञहरूमा जप यज्ञ र स्थावर (नहिड्ने) हरूमा हिमालय मै हूँ ।

अश्वत्थः सर्ववृक्षाणां देवर्षीणां च नारदः
गन्धर्वाणां चित्ररथः सिद्धानां कपिलो मुनिः ।।२६।।
उच्चैःश्रवसमश्वानां विद्धि माममृतोद्भवम्
ऐरावतं गजेन्द्राणां नराणां च नराधिपम् ।।२७।।

हे अर्जुन ! म सबै वृक्षहरूमा पीपल, देवर्षिहरूमा नारद, गन्धर्वहरूमा चित्ररथ, सिद्धहरूमा कपिलमुनि, घोडाहरूमा अमृत मथन गर्दा उत्पन्न भएको उच्चैःश्रवा, श्रेष्ठ हात्तीहरूमा ऐरावत र मानिसहरूमा राजा भएर रहेको छु भन्ने कुरा जान ।

आयुधानामहं वज्रं धेनूनामस्मि कामधुक्
प्रजनश्चास्मि कन्दर्पः सर्पाणामस्मि वासुकिः ॥२८॥

म शस्त्रहरूमा बज्र र गाईहरूमा कामधेनु (हविदिने गाई) हूँ । उत्पन्न गर्नेमा कामदेव र सर्पहरूमा वासुकि मैं हूँ ।

अनन्तश्चास्मि नागानां वरुणो यादसामहम्
पितॄणामर्यमा चास्मि यमः संयमतामहम् ॥२९॥

म नागमा अनन्त (शेषनाग) जलचरहरूमा वरूण, पितृहरूमा अर्यमा र दण्डदिनेहरूमा यमराज हूँ ।

प्रह्लादश्चास्मि दैत्यानां कालः कलयतामहम्
मृगाणां च मृगेन्द्रोऽहं वैनतेयश्च पक्षिणाम् ॥३०॥

म दैत्यहरूमा प्रह्लाद हूँ, गिन्ती हुने (गनिने) मा म काल हूँ, मृग (वनचर) हरूमा मृगेन्द्र (सिंह) हूँ र पक्षिहरूमा म गरूड हूँ ।

पवनः पवतामस्मि रामः शस्त्रभृतामहम्
झषाणां मकरश्चास्मि स्रोतसामस्मि जाह्नवी ।३१।

हिड्ने स्वभाव भएका वा पवित्र पार्नेहरूमा म वायु (पवन) हूँ र शस्त्रधारीहरूमा म राम हूँ । माछा (वा जलचर) हरूमा म गोही हूँ र नदीहरूमा म श्री गङ्गाजी (भागीरथी) हूँ ।

सर्गाणामादिरन्तश्च मध्यं चैवाहमर्जुन
अध्यात्मविद्या विद्यानां वादः प्रवदतामहम् ॥३२॥

हे अर्जुन ! सृष्टिको आदि, मध्य र अन्तपनि मैं हूँ । विद्याहरूमा अध्यात्मविद्या र वादविवादमा म वाद हूँ ।

अक्षराणामकारोऽस्मि द्वन्द्वः सामासिकस्य च
अहमेवाक्षयः कालो धाताहं विश्वतोमुखः　　।।३३।।

अक्षरहरूमा म अकार हूँ, समासहरूमा द्वन्द समास हूँ, मै नै कहिल्यै क्षय नहुने काल हूँ र चारतिर मुख हुने ब्रह्मा पनि मै हूँ ।

मृत्युः सर्वहरश्चाहमुद्भवश्च भविष्यताम्
कीर्तिःश्रीर्वाक्च नारीणां स्मृतिर्मेधा धृतिः क्षमा ।।३४।।

सबै (प्राण) लाई हरण गर्ने मृत्यु र उत्पन्न हुने उत्पत्ति रूप कर्म पनि मै हूँ । नारीहरूमा श्री, कीर्ति, वाणी, स्मृति, मेधा (बुद्धि) धृति (धैर्य) र क्षमा पनि मै हूँ ।

बृहत्साम तथा साम्नां गायत्री छन्दसामहम्
मासानां मार्गशीर्षोऽहमृतूनांकुसुमाकरः　　।।३५।।

म साममा बृहत्साम, छन्दमा गायत्री, महिनाहरूमा मङ्सीर र ऋतु-हरूमा म वसन्तऋतु हूँ ।

द्यूतं छलयतामस्मि तेजस्तेजस्विनामहम्
जयोऽस्मि व्यवसायोऽस्मि सत्त्वं सत्त्ववतामहम् ।३६।

छल गर्नेहरूमा म जुवा हूँ, तेजस्वीहरूमा तेज, जीतनेहरूमा जीत, (निश्चय गर्नेहरूमा) निश्चय र सत्वशीलहरूमा रहने सत्व मै हूँ ।

वृष्णीनां वासुदेवोऽस्मि पाण्डवानां धनंजयः
मुनीनामप्यहं व्यासः कवीनामुशना कविः　　।।३७।।

म वृष्णिहरूमा (वासुदेवको छोरा) वासुदेव हूँ तथा पाण्डवहरूमा अर्जुन हूँ । मुनिहरूमा पनि म व्यास हूँ र कविहरूमा उशना (शुक्राचार्य) कवि हूँ ।

दण्डो दमयतामस्मि नीतिरस्मि जिगीषताम्
मौनं चैवास्मि गुह्यानां ज्ञानं ज्ञानवतामहम् ॥३८॥

दण्ड (सजाय) दिइनेहरूमा म दण्ड (सजाय) हूँ, जयको इच्छा गर्ने-हरूमा म नीति हूँ, गोप्य विषयहरूमा म मौन हूँ र ज्ञानीहरूको ज्ञान पनि मैं हूँ।

यच्चापि सर्वभूतानां बीजं तदहमर्जुन
न तदस्ति विना यत्स्यान्मया भूतं चराचरम् ॥३९॥

हे अर्जुन ! सबै प्राणीहरूमा रहने (अवस्था त्रय रुप) जुन बीज छ त्यो मैं हूँ। (यस सृष्टिमा) संज्ञ कि म नभएको चराचरमा कुनै पदार्थ नै छैन।

नान्तोऽस्ति मम दिव्यानां विभूतीनां परंतप
एष तूद्देशतः प्रोक्तो विभूतेर्विस्तरो मया ॥४०॥

हे परंतप अर्जुन ! मेरा दिव्य विभूतिहरूको अन्त्य नै छैन। विभूति-हरूको बारेमा मैले जो यो भने त्यो त संक्षेपमात्र हो।

यद्यद्विभूतिमत्सत्त्वं श्रीमदूर्जितमेव वा
तत्तदेवावगच्छ त्वं मम तेजोंऽशसंभवम् ॥४१॥

हे अर्जुन ! जुनसुकै पनि ऐश्वर्ययुक्त, कान्तियुक्त र ऊर्जित (कल्याण-मार्गमा संलग्न) भएका प्राणीहरू छन् ती ती सबै नै मेरै तेजका अंशबाट उत्पन्न भएका हुन् भन्ने जान।

अथवा बहुनैतेन किं ज्ञातेन तवार्जुन
विष्टभ्याहमिदं कृत्स्नमेकांशेन स्थितो जगत् ॥४२॥

अथवा हे अर्जुन ! यो जम्मै कुरा जान्नु पनि तिमीलाई केही प्रयोजन छैन। अथवा धेरै भनेर के हुन्छ र ? वास्तवमा यो सम्पूर्ण जगत्लाई मैले आफ्नै एक अंशबाट धारण गरेको छू। त्यही मेरो एक अंशमा यो संपूर्ण जगत् अडेको छ।

इति दशमोध्याय

समाप्त

ॐ तत् सत्

अथ
एघारौं अध्याय

अर्जुन उवाच– अर्जुन भन्दछन्

मदनुग्रहाय परमं गुह्यमध्यात्मसंज्ञितम्
यत्त्वयोक्तंवचस्तेन मोहोऽयं विगतो मम ।।१।।

हे भगवन् ! हजूरले मेरं अनुग्रहका लागि अध्यात्म नामक जुन परम गोप्य वचन आज्ञा भयो त्यसले गर्दा मेरो यो मोह हटेर गयो ।

भवाप्ययौ हि भूतानां श्रुतौ विस्तरशो मया
त्वत्तः कमलपत्राक्ष माहात्म्यमपि चाव्ययम् ।।२।।

हे कमलनेत्र ! मैंले प्राणीहरूको उत्पत्ति एवम् प्रलय र हजूरको कहिल्यै नाश नहुने माहात्म्य पनि निसन्देह भएर हजूरबाट विस्तारपूर्वक सुनें ।

एवमेतद्यथात्थ त्वमात्मानं परमेश्वर
द्रष्टुमिच्छामि ते रूपमैश्वरं पुरुषोत्तम ।।३।।

हे परमेश्वर ! जस्तो हजूरले आफनु स्वरूप मलाई भन्नु भयो । त्यो स्वरूप यस्तै छ पनि । यसंकारण हे पुरुषोत्तम ! म हजूरको त्यस्तो त्यो ऐश्वर्यशाली दिव्य स्वरुपलाई हेर्न चाहन्छु ।

मन्यसे यदि तच्छक्यं मया द्रष्टुमितिप्रभो
योगेश्वर ततो मे त्वं दर्शयात्मानमव्ययम् ।।४।।

हे प्रभू ! यदि हजूरको त्यस्तो त्यो (ऐश्वर्यशाली) स्वरूप "मैले पनि देख्न सक्तछु भन्ने हजूरलाई लाग्छ भने" वा यो कुरा सम्भव छ भने त हे योगेश्वर ! हजूरले मलाई आफ्नु त्यो अविनाशी स्वरुप देखाइदिइ बक्सियोस् ।

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

पश्य मे पार्थ रूपाणि शतशोऽथ सहस्रशः
नानाविधानि दिव्यानि नानावर्णाकृतीनि च ।।५।।

हे अर्जुन (त्यसो हो भने) तिमीले अनेक प्रकारका दिव्य अनेक वर्ण र आकार भएको सयकडौं तथा हजारौं मेरा दिव्यरूपहरुलाई हेर ।

पश्यादित्यान्वसून्रुद्रानश्विनौ मरुतस्तथा
बहून्यदृष्टपूर्वाणि पश्याश्चर्याणि भारत ।।६।।

हे अर्जुन ! आदित्य, रुद्र, वसुहरू, अश्विनी कुमार र मरुतहरूलाई हेर । यिनीहरूलाई मात्र होइन कि यो भन्दा धेरै पहिलेका तिमीले नदेखिएका आश्चर्य लाग्ने (अरु) रुपहरूलाई पनि हेर ।

इहैकस्थं जगत्कृत्स्नं पश्याद्य सचराचरम्
मम देहे गुडाकेश यच्चान्यद्द्रष्टुमिच्छसि ।।७।।

१२५७

हे गुडाकेश अर्जुन ! तिमीले आज यहाँ मेरो शरीरमा एकै ठाउँमा रहेको चराचर सहित सम्पूर्ण जगत तथा अरूपनि तिमी जो हेर्न चाहन्छौ (त्यो सम्पूर्णकुरा) यहीं नै हेर ।

न तु मां शक्यसे द्रष्टुमनेनैव स्वचक्षुषा
दिव्यं ददामि ते चक्षुः पश्य मे योगमैश्वरम् ।।८।।

तर त्यस्तो स्वरूप भएको मलाई तिमीले तिम्रा यिनै आँखाद्वारा हेर्न सक्तैनौं । तसर्थ म तिमीलाई दिव्य दृष्टि दिन्छु । लौ तिमी मेरो ईश्वरीय र विभूतियोगलाई पनि हेर ।

सञ्जय उवाच– सञ्जय भन्दछन्

एवमुक्त्वा ततो राजन्महायोगेश्वरो हरिः
दर्शयामास पार्थाय परमं रूपमैश्वरम् ॥९॥

हे राजा धृतराष्ट्र ! यसो भनेपछि महायोगेश्वर श्रीकृष्णले अर्जुनलाई आपनु परम ईश्वरीयरुप देखाई दिनु भयो ।

अनेकवक्त्रनयनमनेकाद्भुतदर्शनम्
अनेकदिव्याभरणं दिव्यानेकोद्यतायुधम् ॥१०॥
दिव्यमाल्याम्बरधरं दिव्यगन्धानुलेपनम्
सर्वाश्चर्यमयं देवमनन्तं विश्वतोमुखम् ॥११॥

(त्यो स्वरूप यस्तो थियो) अनेकौं मुख र आँखा भएको, अद्भुत देखिने अनेक दिव्य अलङ्कार युक्त र अनेक दिव्य शस्त्रहरू उजाई रहेको, दिव्य-माला, वस्त्र धारण गरेको, दिव्य चन्दन लेपन गरेको र सर्वप्रकार बाट आश्चर्य लाग्ने, प्रकाशमय, अनन्तरुप भएको र जतातत्तै मुख भएको थियो ।

दिवि सूर्यसहस्रस्य भवेद्युगपदुत्थिता
यदि भाः सदृशी सा स्याद्भासस्तस्य महात्मनः ॥१२॥

त्यो तेज यस्तो थियो कि यदि आकाशमा हजारौं सूर्यको कान्ति एकै चोटो उदय भएमा जस्तो तेज उत्पन्न हुन्छ भने त्यो तेजले यो अहिले देखिएको विराट् शरीरको तेजलाई सायद भेट्टाइ हाल्थ्यो कि ? ।

तत्रैकस्थं जगत्कृत्स्नं प्रविभक्तमनेकधा
अपश्यद्देवदेवस्य शरीरे पाण्डवस्तदा ॥१३॥

त्यसपछि अर्जुनले त्यहाँ त्यो देवाधिदेव श्रीकृष्णको शरीरमा एकै ठाउँमा अनेक प्रकारमा विभाजन भएको समस्त जगत्लाई देखे ।

ततः स विस्मयाविष्टो हृष्टरोमा धनंजय
प्रणम्य शिरसा देवं कृताञ्जलिरभाषत ।।१४।।

त्यस पछि आश्चर्य र रोमाञ्चले युक्त भएका ती अर्जुनले श्रीकृष्णलाई शिर झुकाएर नमस्कार गर्दै हातजोडेर यस्तो कुरा भन्न लागे ।

अर्जुन उवाच– अर्जुन भन्दछन्

पश्यामि देवांस्तव देव देहे
सर्वांस्तथा भूतविशेषसङ्घान्
ब्रह्माणमीशं कमलासनस्थ–
मृषींश्च सर्वानुरगांश्च दिव्यान् ।।१५।।

हे देवता ! अहिले मैले हजूरको शरीरमा जम्मै देवताहरू, प्राणीहरूका विभिन्न समूह, ब्रह्मा (सृष्टिकर्ता) कमलासनब्रह्मा (महादेव), समस्त ऋषिहरू र तेजस्वी नागहरू देखिरहेको छु ।

अनेकबाहूदरवक्त्रनेत्रं
पश्यामि त्वां सर्वतोऽनन्तरूपम्
नान्तं न मध्यं न पुनस्तवादिं
पश्यामि विश्वेश्वर विश्वरूप ।।१६।।

हजूरलाई म अनेक हात, अनेक पेट, अनेक मुख, अनेक आँखा भएको र चारैतिरबाट अनन्त रुप भएको देख्तै छु । हे विश्वेश्वर ! हे विश्वरुप ! मैले हजूरको आदि र अन्त्य केही पनि फेला पार्न सकिन ।

किरीटिनं गदिनं चक्रिणं च
तेजोराशिं सर्वतो दीप्तिमन्तम्
पश्यामि त्वां दुर्निरीक्ष्यं समन्ता-
द्दीप्तानलार्कद्युतिमप्रमेयम् ॥१७॥

तेजै तेजको पुञ्ज, चारैतिरबाट देदीप्यमान (धप् धप् बलेको) चारैतिरबाट बडो मुस्किलले हेर्न सकिने बलेको अग्नि र सूर्यको जस्तो कान्ति भएको र अनुमान गर्नै नसकिने स्वरूप भएको किरीट(मुकुट) गदा, चक्र धारण गरेको यस्तो हजूरलाई म देख्तै छु ।

त्वमक्षरं परमं वेदितव्यं
त्वमस्य विश्वस्य परं निधानम्
त्वमव्ययः शाश्वतधर्मगोप्ता
सनातनस्त्वं पुरुषो मतो मे ॥१८॥

(मलाई यस्तो लागिरहेछ कि) जान्नु पर्ने परम र अक्षर हजूर नै भै बक्सिन्छ । यो संसारको परम आधार, अविनाशी, शाश्वत (कहिल्यैनाश नहुने) धर्मका रक्षक र सनातन पुरूष पनि हजूरै भै बक्सिन्छ भन्ने कुरा मैले माने ।

अनादिमध्यान्तमनन्तवीर्य-
मनन्तबाहुं शशिसूर्यनेत्रम्
पश्यामि त्वां दीप्तहुताशवक्त्रं
स्वतेजसा विश्वमिदं तपन्तम् ॥१९॥

मैले हजूरलाई आदि मध्य र अन्तले रहित्, अनन्त शक्तिशाली र अनन्त हात भएको, चन्द्रसूर्य आंखा भएको, प्रज्वलित अग्निका जस्तो मुख भएको र आफ्ना तेजबाट समस्त विश्वलाई तताई रहेको देखिरहेको छु ।

द्यावापृथिव्योरिदमन्तरं हि
व्याप्तं त्वयैकेन दिशश्च सर्वाः
दृष्ट्वाद्भुतं रूपमुग्रं तवेदं
लोकत्रयं प्रव्यथितं महात्मन् ॥२०॥

हे महात्मन् ! आकाश तथा पृथ्वीको यो मध्य भाग र सारा दिशाहरू एउटै हजूरबाट ढाकिएका छन् । हजूरको यो अद्भूत उग्ररूपलाई देखेर तीनै-लोकनिवासी जीवगणहरू आत्तिएका छन् ।

अमी हि त्वां सुरसङ्घा विशन्ति
केचिद्भीताः प्राञ्जलयो गृणन्ति
स्वस्तीत्युक्त्वा महर्षिसिद्धसङ्घाः
स्तुवन्ति त्वां स्तुतिभिः पुष्कलाभिः ॥२१॥

यी देवताका समूहहरू हजूरमा सुरूसुरू प्रवेश गरिरहेका छन् र डरा-एका कोही हात जोडेर स्तुति गरिरहेका छन् । महर्षि र सिद्धका संघ (समूह) हरू "कल्याण होस्रोस्" यस्तो भनेर अनेकौं अर्थ–गम्भीर स्तुतिद्वारा तपाईं कै स्तुति गर्दछन् ।

रुद्रादित्या वसवो ये च साध्या
विश्वेऽश्विनौमरुतश्चोष्मपाश्च
गन्धर्वयक्षासुरसिद्धसङ्घा
वीक्षन्ते त्वां विस्मिताश्चैव सर्वे ॥२२॥

एकादश रूद्र, द्वादश आदित्य, अष्टवसु, साध्य गण, तेह्र वटा विश्वे-देव, दुइवटा अश्विनी कुमार र गन्धर्व, यक्ष, असुर र सिद्धगण जम्मैका जम्मै आश्चर्यचकित भएर हजूरलाई नै हेरिरहेका छन ।

रूपं महत्ते बहुवक्त्रनेत्रं
महाबाहो बहुबाहूरुपादम्
बहूदरं बहुदंष्ट्राकरालं
दृष्ट्वालोकाः प्रव्यथितास्तथाहम् ।।२३।।

हे महाबाहो ! धेरै मुख, आँखा, हात, पाउ, पेट भएको र धेरै दाह्रा-हरू निस्केर डरलाग्दो भएको हजूरको विशाल स्वरूपलाई देखेर सम्पूर्ण लोकहरू भयभीत भए, म पनि तिनीहरू जस्तै भयभीत भएँ ।

नभःस्पृशं दीप्तमनेकवर्णं
व्यात्ताननं दीप्तविशालनेत्रम्
दृष्ट्वा हि त्वां प्रव्यथितान्तरात्मा
धृतिं न विन्दामि शमं च विष्णो ।।२४।।

हे विष्णो ! गगनचुम्वी, प्रकाशमान, अनेक रङ्ग-विरङ्ग भएको, आँ... गरेको मुख, राँकिएका ठूलाठूला आँखा भएको हजूरलाई देखेर मेरो मन भयले व्याकुल भयो । मैले धैर्य र शान्ति पाएको छैन ।

द्रंष्ट्राकरालानि च ते मुखानि
दृष्ट्वैव कालानलसन्निभानि
दिशो न जाने न लभे च शर्म
प्रसीद देवेश जगन्निवास ।।२५।।

हजूरको प्रलयकालका अग्नि जस्तो विकराल दाह्रा भएको मुखलाई देखेर न मलाई कुनै दिशा (पूर्वादि दिशा) को ज्ञान हुन्छ नत शान्ति नै पाउँछु । हे जगन्निवास ! हे देवेश ! हजूर प्रसन्न भैबक्सियोस् ।

अमी च त्वां धृतराष्ट्रस्य पुत्राः
सर्वे सहैवावनिपालसङ्घैः
भीष्मो द्रोणः सूतपुत्रस्तथासौ
सहास्मदीयैरपि योधमुख्यैः ॥२६॥

वक्त्राणि ते त्वरमाणा विशन्ति
दंष्ट्राकरालानि भयानकानि
केचिद्विलग्ना दशनान्तरेषु
संदृश्यन्ते चूर्णितैरुत्तमाङ्गैः ॥२७॥

लडाइँमा सहायता दिन आएका राजाहरूका समूहका साथै यी धृतराष्ट्रका छोरा दुर्योधनादि र भीष्म, द्रोण, कर्ण तथा हाम्रा पक्षका पनि मुख्य मुख्य लडाका वीरहरू भयङ्कर दाह्राले विकराल भएका हजूरका मुखमा पसिरहेका छन् । कोही खप्पर चकनाचूर भएका योद्धाहरू हजूरका दाँतका अन्तरमा गएर टाँस्सिएका देखिन्छन् ।

यथा नदीनां बहवोऽम्बुवेगाः
समुद्रमेवाभिमुखा द्रवन्ति
तथा तवामी नरलोकवीरा
विशन्ति वक्त्राण्यभिविज्वलन्ति ॥२८॥

जस्तै नदीहरूका सम्पूर्ण प्रवाह समुद्रमै गएर मिल्दछन्, त्यस्तै संसारका सम्पूर्ण योद्धाहरू चारैतिर प्रज्वलित भएको हजूरको मुखमा पस्तछन् ।

यथा प्रदीप्तं ज्वलनं पतङ्गा
विशन्ति नाशाय समृद्धवेगाः
तथैव नाशाय विशन्ति लोका-
स्तवापि वक्त्राणि समृद्धवेगाः ॥२९॥

जस्तो बलेको अग्निमा मर्नलाई पुतलीहरू हाम्फाल्दछन् त्यस्तै यिनीहरू पनि मर्नका लागि हजूरका मुखमा पस्न आउँदछन् ।

लेलिह्यसे ग्रसमानः समन्ता-
ल्लोकान्समग्रान्वदनैर्ज्वलद्भिः
तेजोभिरापूर्य जगत्समग्रं
भासस्तवोग्राः प्रतपन्ति विष्णो ॥३०॥

हे विष्णो ! धप्धप् बलेका मुखहरूद्वारा चारैतिरबाट सबैलाई आफ्नू गाँस बनाउँदै (उनीहरूका रगतद्वारा भिजेका आफ्ना ओंठहरूलाई) लप्लपी चाटिरहनु भएको छ । हजूरका उग्र किरणहरूले उनका तेजबाट सम्पूर्ण जगत्लाई ढाकेर तीव्र ताप गराइरहेका छन् ।

आख्याहि मे को भवानुग्ररूपो
नमोऽस्तु ते देववर प्रसीद
विज्ञातुमिच्छामि भवन्तमाद्यं
न हि प्रजानामि तव प्रवृत्तिम् ॥३१॥

(हे भगवान् !) मलाई भन्नु होस् कि यस्तो उग्र रूप लिने हजूर को हुनुहुन्छ ? हजूरलाई नमस्कार छ । हे देवतामा उत्तम ! प्रसन्न हुनुहोस् ! आदिपुरुष हजूरलाई म जान्न चाहन्छु, किनभने हजूरको के गर्ने विचार छ त्यो कुरा मलाई थाहा छैन ।

श्रीभगवानुवाच– श्रीभगवान आज्ञागर्नुहुन्छ

कालोऽस्मि लोकक्षयकृत्प्रवृद्धो
लोकान्समाहर्तुमिह प्रवृत्तः
ऋतेऽपि त्वां न भविष्यन्ति सर्वे
येऽवस्थिताः प्रत्यनीकेषु योधाः ॥३२॥

म लोकलाई नाश गर्ने उत्कृष्ट काल हूँ । सर्वलाई नाश गर्न यहाँ अघि-सरेको छु । तिमी नभए पनि शत्रु-सैन्यका यी योद्धागणहरू कुनैलाई पनि म बाँकि राख्नेछैन ।

तस्मात्त्वमुत्तिष्ठ यशो लभस्व
जित्वा शत्रून् भुङक्ष्व राज्यं समृद्धम्
मयैवैते निहताः पूर्वमेव
निमित्तमात्रं भव सव्यसाचिन् ॥३३॥

यसकारण हे अर्जुन ! तिमी उठ ! खडाहोउ !! शत्रुहरूलाई परास्त गरेर कीर्ति प्राप्त गर । समृद्धिशाली राज्यको भोग गर । मबाट पहिले नै यिनीहरू मारिईसकेका छन् तिमी (अहिले) त निमित्तमात्र (देखाहा पर्ने मात्र) बन ।

द्रोणं च भीष्मं च जयद्रथं च
कर्णं तथान्यानपि योधवीरान्
मया हतांस्त्वं जहि मा व्यथिष्ठा
युध्यस्व जेतासि रणे सपत्नान् ॥३४॥

द्रोण, भीष्म, जयद्रथ,कर्ण र अरू पनि वीरयोद्धा जो पहिले मैले मारिसकेको छु त्यस्ता तिनीहरूलाई तिमीले मार । न घवडाउ (शोक नगर) युद्ध गर । युद्धभूमिमा तिमीले नै विजय प्राप्त गर्नेछौ ।

सञ्जय उवाच—संजय भन्नुहुन्छ

एतच्छ्रुत्वा वचनं केशवस्य
कृताञ्जलिर्वेपमानः किरीटी
नमस्कृत्वा भूय एवाह कृष्णं
सगद्गदं भीतभीतः प्रणम्य ॥३५॥

श्री भगवान्‌को यस्तो वचन सुनेर डरले थरथर कामेका अर्जुनले दुई हात जोड्दै श्री कृष्णलाई नमस्कार गरेर डराई डराई निहुरेर फेरि पनि भक्‌भके स्वरले भन्नलागे ।

अर्जुन उवाच– अर्जुन भन्दछन्

स्थाने हृषीकेश तव प्रकीर्त्या
जगत्प्रहृष्यत्यनुरज्यते च
रक्षांसि भीतानि दिशो द्रवन्ति
सर्वे नमस्यन्ति च सिद्धसङ्घाः ।।३६।।

हे हृषीकेश ! (इन्द्रियका स्वामी परमेश्वर !) सम्पूर्ण जगत् हजूरको गुणका कीर्तनले प्रसन्न हुन्छ र त्यसैमा अनुरक्त पनि हुन्छ । हजूरकै डरले राक्षसहरू दशदिशामा भाग्दछन्, सिद्ध पुरुषहरूका समूह हजूरलाई नमस्कार गर्दछन् । यो सबै हजूरमा घट्नु मनासिवै हो ।

कस्माच्च ते न नमेरन्महात्मन्
गरीयसे ब्रह्मणोऽप्यादिकर्त्रे
अनन्त देवेश जगन्निवास
त्वमक्षरं सदसत्तत्परं यत् ।।३७।।

हे महात्मन् ! हजूर ब्रह्माभन्दा पनि ठूला र उनका पनि आदिकारण भैबक्सिन्छ । अतः तिनीहरू हजूरलाई किन नमस्कार नगरून्?! । हे अनन्त ! हे देवेश !! हे जगन्निवास !!! सत् र असत् पनि हजूर नै भैबक्सिन्छ तथा यी दुई (सत र असत्) देखि परको जुन् अक्षर ब्रह्म हो त्यो पनि हजूर नै भैबक्सिन्छ ।

त्वमादिदेवः पुरुषः पुराण–
स्त्वमस्य विश्वस्य परं निधानम्
वेत्तासि वेद्यं च परं च धाम
त्वया ततं विश्वमनन्तरूप ।।३८।।

हजूर आदिदेव, पूरातन पुरुष भैबक्सिन्छ, यो संसारको परम निधान, सबैलाई जान्ने र जान्नलाई योग्य र परमधाम (विशिष्ट स्थान) पनि हजूरै भैबक्सिन्छ। हे अनन्तरूप ! हजूरले नै यो सम्पूर्ण संसार ढाकिबक्सेको छ।

वायुर्यमोऽग्निर्वरुणः शशाङ्कः
प्रजापतिस्त्वं प्रपितामहश्च
नमो नमस्तेऽस्तु सहस्रकृत्वः
पुनश्च भूयोऽपि नमो नमस्ते ।।३९।।

वायु, यमराज, अग्नि, वरुण, चन्द्रमा, ब्रह्मा तथा ब्रह्माका पिता पनि हजूरै भैबक्सिन्छ। हजूरलाई हजारपटक नमस्कार छ। फेरि पनि बारंबार नमस्कार छ।

नमः पुरस्तादथ पृष्ठतस्ते
नमोऽस्तु ते सर्वत एव सर्व
अनन्तवीर्यामितविक्रमस्त्वं
सर्वं समाप्नोषि ततोऽसि सर्वः ।।४०।।

हे विश्वरूप ! हजूरलाई अगाडिबाट, पछाडिबाट, चारैतिरबाट, र सबैतिरबाट नमस्कार छ। हे अनन्तवीर्य ! हजूरले आफ्ना अपरिमित शक्तिले सम्पूर्ण ब्रह्माण्डलाई व्याप्त गर्नुभएको छ। अतएव हजूर सर्वरूप भनेर कहलाउनु भएको छ।

सखेति मत्वा प्रसभं यदुक्तं
हे कृष्ण हे यादव हे सखेति
अजानता महिमानं तवेदं
मया प्रमादात्प्रणयेन वापि ।।४१।।

यच्चावहासार्थमसत्कृतोऽसि
विहारशय्यासनभोजनेषु
एकोऽथवाप्यच्युत तत्समक्षं
तत्क्षामये त्वामहमप्रमेयम् ॥४२॥

हजूरको यस्तो महिमा नजान्ने मूर्ख मबाट प्रमाद अथवा प्रेमले साथी जस्तै सम्झेर हे यादव ! हे कृष्ण ! हे सखा ! भनेर अविनयपूर्वक जो भनें फेरि त्यस्तै ठट्टाकोरूपमा एकलै अथवा सब (मित्रहरू) का समक्ष हिंड्दा, बस्ता, खाँदा मबाट हजूरको जुन्जुन् तिरष्कार हुनगयो त्यो सबैकुरा हे अच्युत ! हजूर अप्रमेय परमेश्वरबाट म क्षमा माग्दछु ।

पितासि लोकस्य चरारस्य
त्वमस्य पूज्यश्च गुरुर्गरीयान्
न त्वत्समोऽस्त्यभ्यधिकः कुतोऽन्यो
लोकत्रयेऽप्यप्रतिमप्रभाव ॥४३॥

हे अतुलनीय प्रभावशाली ! हजूर नै यो सम्पूर्ण चराचर लोकको पिता र गुरू भैबक्सिन्छ । यसै कारण श्रेष्ठतम र परमपूज्य भैबक्सिन्छ । तीनै लोक (स्वर्ग मर्त्य पाताल) मा हजूर जस्तो दोस्रो अर्को कोही छैन भने फेरि हजूरभन्दा बढ्ता कुनै छ कि भन्ने कुरा त के भन्नु ।

तस्मात्प्रणम्य प्रणिधाय कायं
प्रसादये त्वामहमीशमीड्यम्
पितेव पुत्रस्य सखेव सख्युः
प्रियः प्रियायार्हसि देव सोढुम् ॥४४॥

यसैकारण म दण्डवत् प्रणाम गर्दै स्तुति गर्न योग्य ईश्वररूप हजूरलाई प्रसन्न पार्दछु । जस्तो बाबुले छोराको, मित्रले मित्रको धृष्टतालाई सहन्छन् त्यस्तै हे देवता ! हजूरले हजूरमा प्रेम गर्ने यो प्रेमी (भक्त) का निमित्त जोकुछ भयो त्यो सहनु उचित छ, ।

अदृष्टपूर्वं हृषितोऽस्मि दृष्ट्वा
भयेन च प्रव्यथितं मनो मे
तदेव मे दर्शय देव रूपं
प्रसीद देवेश जगन्निवास ॥४५॥

पहिल्यै कल्यै नदेखिएको हजूरको यस्तो स्वरूप देखेर म हर्षित भैरहेको छु तथा डरले मेरो मन अत्यन्त व्यथित पनि छ । अतः हे देवता ! हजूरले अब मलाई (सँधै देखिने) त्यही स्वरूप देखाई दिबक्सियोस् । हे देवेश ! हे जगन्निवास ! (म उपर) खुशी भैबक्सियोस् ।

किरीटिनं गदिनं चक्रहस्त-
मिच्छामि त्वां द्रष्टुमहं तथैव
तेनैव रूपेण चतुर्भुजेन
सहस्रबाहो भव विश्वमूर्ते ॥४६॥

हे भगवान् ! म हजूरलाई पहिलेकै जस्तो मुकुटधारी, गदाधारी र हातमा चक्रधारण गरेको नै देख्न चाहन्छु । हे सहस्रबाहु ! हे विश्वमूर्ति ! हजूर त्यस्तै चतुर्बाहु स्वरूपकै भैबक्सियोस् ।

श्रीभगवानुवाच-- श्रीभगवान् आज्ञा गर्नुहुन्छ

मया प्रसन्नेन तवार्जुनेदं
रूपं परंदर्शितमात्मयोगात्
तेजोमयं विश्वमनन्तमाद्यं
यन्मे त्वदन्येन न दृष्टपूर्वम् ॥४७॥

हे अर्जुन ! खुशिभएको ईश्वरस्वरूप मैले तिमीलाई यो मेरो परम तेजोमय, अनन्त, आद्य, विश्वरूप आफ्नू योगको बलद्वारा देखाएँ । यो स्वरूप तिमीभन्दा अतिरिक्त दोस्रो कसैले पनि आजभन्दा पहिले देखेका थिएनन् ।

न वेदयज्ञाध्ययनैर्न दानै-
र्न च क्रियाभिर्न तपोभिरुग्रैः
एवंरूपः शक्य अहं नृलोके
द्रष्टुं त्वदन्येन कुरुप्रवीर ।।४८।।

हे कुरूकुलका श्रेष्ठ वीर अर्जुन ! मर्त्यलोकमा विश्वरुपको अवस्थामा रहेको म न वेदबाट, नत यज्ञबाट, न स्वाध्यायबाट, न दानबाट न क्रियाहरूबाट र नत उग्र तपस्याबाट नै तिम्रा अतिरिक्त दोस्रो अरूले देखिन सक्तछु ।

मा ते व्यथा मा च विमूढभावो
दृट्वा रूपं घोरमीदृङ्ममेदम्
व्यपेतभीः प्रीतमनाः पुनस्त्वं
तदेव मे रूपमिदं प्रपश्य ।।४९।।

मेरो यस्ता प्रकारको यो डरलाग्ने रूपलाई देखेर तिमीले चिन्ता र मूढभाव नलेउ । न डराउ र प्रसन्न चित्त भएर तिमीले फेरि मेरो त्यही पहिलेको रूपलाई राम्रोसंग हेर ।

संजय उवाच– संजय भन्दछन्

इत्यर्जुनं वासुदेवस्तथोक्त्वा
स्वकं रूपं दर्शयामास भूयः
आश्वासयामास च भीतमेनं
भूत्वा पुनः सौम्यवपुर्महात्मा ।।५०।।

हे राजन् धृतराष्ट्र ! अर्जुनलाई यसप्रकारले भनेर फेरि भगवान् वासुदेव श्री कृष्णले आफ्नू पहिलेको चतुर्बाहु स्वरूप देखाउनु भयो । यसप्रकार महात्मा श्रीकृष्णले राम्रो रूपको भएर डराएका अर्जुनलाई आश्वासन दिनुभयो ।

अर्जुन उवाच-- अर्जुन भन्दछन्

दृष्ट्वेदं मानुषं रूपं तव सौम्यं जनार्दन
इदानीमस्मि संवृत्तः सचेताः प्रकृतिं गतः ।।५१।।

हे जनार्दन ! हजूरको यो सुन्दर मनुष्य-स्वरूप देखेर अब बल्ल म सचेत भएको छु र आफ्ना स्वभावमा (होसमा) आएको छु । (पहिले जस्तै सावधान भएको छु) ।

श्रीभगवानुवाच-- श्रीभगवान् आज्ञागर्नुहुन्छ

सुदुर्दर्शमिदं रूपं दृष्टवानसि यन्मम
देवा अप्यस्य रूपस्य नित्यं दर्शनकाङ्क्षिणः ।।५२।।

वडो मुस्कीलबाट मात्र देख्न सकिने जुन् यो मेरो स्वरूप तिमीले देख्यौ । देवताहरू पनि मेरो यही स्वरूप देख्नलाई निरन्तर आकाङ्क्षा राख्तछन् ।

नाहं वेदैर्न तपसा न दानेन न चेज्यया
शक्य एवंविधो द्रष्टुं दृष्टवानसि मां यथा ।।५३।।

तिमीले मलाई जस्तो देख्यौ, त्यस्तो स्वरूपलाई वेदपाठ, तपस्या, दान तथा यज्ञ आदि कुनै उपायले कसैले पनि देख्न पाउँदैनन् ।

भक्त्या त्वनन्यया शक्य अहमेवंविधोऽर्जुन
ज्ञातुं द्रष्टुं च तत्त्वेन प्रवेष्टुं च परंतप ।।५४।।

परंतप हे अर्जुन ! तर केवल अनन्य-भक्तिले नै यसरी मलाई जान्नु, मलाई देख्नु र ममा परमार्थतत्वरूपले प्रवेश हुनु संभव छ ।

मत्कर्मकृन्मत्परमो मद्भक्तः सङ्गवर्जितः
निर्वैरः सर्वभूतेषु यः स मामेति पाण्डव ॥५५॥

हे पाण्डुकुमार अर्जुन ! जो मेरै निमित्त कर्म गर्दछ, ममा परायण (लागेको) छ, सङ्गबाट रहित छ र प्राणिमात्रमा वैरभाव गर्दैन त्यो मेरो भक्तले मलाई पाउँछ ।

इति एघारौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
बा-हौं अध्याय

अर्जुन उवाच-- अर्जुन सोद्धछन्

एवं सततयुक्ता ये भक्तास्त्वां पर्युपासते
ये चाप्यक्षरमव्यक्तं तेषां के योगवित्तमाः ।।१।।

हे भगवान् ! यस्ता प्रकारले निरन्तर अनन्य भावले जो भक्त हजूरको सगुण साकाररूपको उपासना गर्दछन् तिनीहरू र जो अव्यक्त (मन र वाणी-को विषय नभएको) र अक्षर (परब्रह्म) को उपासना गर्दछन् यी दुईमा योग जान्ने कुन हो ? ।

श्रीभगवानुवाच-- भगवान् श्रीकृष्ण आज्ञागर्नुहुन्छ

मय्यावेश्य मनो ये मां नित्ययुक्ता उपासते
श्रद्धया परयोपेतास्ते मे युक्ततमा मताः ।।२।।

हे अर्जुन ! परम श्रद्धाकासाथ ममा मन लगाएर नित्ययुक्त भएर जसले मेरो उपासना गर्दछन् योगीहरूमा श्रेष्ठ तिनीहरू नै मान्य हुन् भन्ने मलाई लाग्छ ।

ये त्वक्षरमनिर्देश्यमव्यक्तं पर्युपासते
सर्वत्रगमचिन्त्यं च कूटस्थमचलं ध्रुवम् ॥३॥
संनियम्येन्द्रियग्रामं सर्वत्र समबुद्धयः
ते प्राप्नुवन्ति मामेव सर्वभूतहिते रताः ॥४॥

तर जो प्राणिमात्रमा समबुद्धि भएका र प्राणिमात्रकै हितमा लागेका निर्गुणका उपासकहरू "त्यो" त्यो, भनेर देखाउन नसकिने, अव्यक्त, अचिन्त्य, सर्वव्यापक, कूटस्थ (निर्विकार) अचल, सत्य तथा अविनाशी ब्रह्मको उपासना गर्दछन् तिनीहरूले पनि मलाई नै पाउँछन् ।

क्लेशोऽधिकतरस्तेषामव्यक्तासक्तचेतसाम्
अव्यक्ता हि गतिर्दुःखं देहवद्भिरवाप्यते ॥५॥

अव्यक्त अर्थात् निर्गुण निराकारका ती उपासकहरूलाई सगुण-साकार-का उपासकलाई भन्दा बढ्ता दुःख हुन्छ । किनभने देहाभिमानीहरूलाई अव्यक्त (निर्गुण निराकार) को उपासना कष्टसाध्य छ ।

ये तु सर्वाणि कर्माणि मयि संन्यस्य मत्पराः
अनन्येनैव योगेन मां ध्यायन्त उपासते ॥६॥
तेषामहं समुद्धर्ता मृत्युसंसारसागरात्
भवामि न चिरात्पार्थ मय्यावेशितचेतसाम् ॥७॥

परन्तु हे अर्जुन ! जो भक्त मेरो सगुण साकार भावलाई लिएर समस्त कर्महरू मलाई अर्पण गरेर मलाई नै परम प्राप्तव्य वस्तु मानेर निरन्तर अव्यभिचारी भक्तियोगद्वारा चिन्तन गर्दै मेरो उपासना गर्दछन् । हे अर्जुन ! ममा चित्त लगाएका ती भक्तलाई म मृत्युले ढाकेको यो संसार-सागरबाट चाँडै नै पार लगाई दिन्छु ।

मय्येव मन आधत्स्व मयि बुद्धिं निवेशय
निवसिष्यसिमय्येव अत ऊर्ध्वं न संशयः ॥८॥

तिमीले ममा नै मन लगाउ, ममा नै बुद्धि लगाउ। यसो गरेपछि तिमी ममा नै रहने छौ। यस विषयमा अरू कुनै शंका छैन।

अथ चित्तं समाधातुं न शक्नोषि मयि स्थिरम्
अभ्यासयोगेन ततो मामिच्छाप्तुं धनंजय ॥९॥

हे अर्जुन ! यदि तिमी स्थिरतापूर्वक चित्तलाई ममा स्थापना गर्न असमर्थ छौ भने तिमीले अभ्यास योगद्वारा मलाई प्राप्त गर्ने इच्छा गर।

अभ्यासेऽप्यसमर्थोऽसि मत्कर्मपरमो भव
मदर्थमपि कर्माणि कुर्वन्सिद्धिमवाप्स्यसि ॥१०॥

हे अर्जुन ! यदि तिमी अभ्यास गर्न पनि असमर्थ छौ भने म सम्बन्धी काम (मन्दिर बनाउनु, पूजा गर्नु आदि) मा तत्पर होउ। किनभने मेरै निमित्त कर्म गर्दैरह्यौ भने पनि तिमीले सिद्धि प्राप्त गर्नेछौ।

अथैतदप्यशक्तोऽसि कर्तुं मद्योगमाश्रितः
सर्वकर्मफलत्यागं ततः कुरू यतात्मवान् ॥११॥

यदि तिमी मेरै योगको आश्रय लिएर मेरा निमित्तका कर्महरू गर्नमा पनि असमर्थ छौ भने मनलाई संयम (नियन्त्रण) मा राखेर सम्पूर्ण कर्मका फललाई त्याग गर।

श्रेयो हि ज्ञानमभ्यासाज्ज्ञानाद्ध्यानं विशिष्यते
ध्यानात्कर्मफलत्यागस्त्यागाच्छान्तिरन्तरम् ॥१२॥

किनभने अभ्यासभन्दा ज्ञान श्रेष्ठ छ, ज्ञानभन्दा ध्यान अझै विशिष्ट छ, ध्यानभन्दा कर्मको फल त्यागगर्नु अझ उत्तम छ किनभने त्याग गरेपछिमात्र शान्ति प्राप्त हुन्छ।

अद्वेष्टा सर्वभूतानां मैत्रः करुण एव च
निर्ममो निरहंकारः समदुःखसुखः क्षमी ।।१३।।
संतुष्टः सततं योगी सतात्मा दृढनिश्चयः
मय्यर्पितमनोबुद्धिर्यो मद्भक्तः स मे प्रियः ।।१४।।

कुनै जीवमात्रकाप्रति द्वेष नगर्ने किन्तु सबैकाप्रति मैत्री र करुणाको व्यवहार गर्ने, ममता, अहंकार नभएको, सुख दुःखमा बराबर भाव राख्ने, क्षमाशील, सधैं सन्तोषी भएर रहने, स्थिर चित्त भएको, संयमी, दृढ निश्चय भएको तथा मन र बुद्धि दुबैलाई ममा अर्पण गरेको यस्तो जो मेरो भक्त छ त्यो मेरो प्यारो छ ।

यस्मान्नोद्विजते लोको लोकान्नोद्विजते च यः
हर्षामर्षभयोद्वेगैर्मुक्तो यः स च मे प्रियः ।।१५।।

जसबाट दुनियाँमा कसैलाई क्लेश (दुःख) उत्पन्न हुँदैन, र जो न अरू कसैबाट स्वयं क्लेशित (दुःखित) हुन्छ तथा जो हर्ष, ईर्ष्या, भय र उद्वेग (मनको व्याकुलता) बाट मुक्त भएको छ त्यो भक्त मेरो प्यारो छ ।

अनपेक्षः शुचिर्दक्ष उदासीनो गतव्यथः
सर्वारम्भपरित्यागी यो मद्भक्तः स मे प्रियः ।।१६।।

कामना नभएको, भित्र बाहिर शुद्ध भएको, कर्तव्य र अकर्तव्यको निर्णय गर्न सक्ने, उदासीन (शत्रु मित्र भाव नभएको) दुःख आई परेमा पनि दुःख नमान्ने र फलको इच्छा गरेर शुरू गरिने सम्पूर्ण कर्मलाई त्यागेको यस्तो जो मेरो भक्त छ त्यो मेरो प्यारो छ ।

यो न हृष्यति न द्वेष्टि न शोचति न काङ्क्षति
शुभाशुभपरित्यागी भक्तिमान्यः स मे प्रियः ।।१७।।

जो न हर्ष लिन्छ, न द्वेष गर्दछ, न शोक गर्छ न आकांक्षा गर्दछ र शुभकर्म र अशुभकर्म यी दुबै कर्मलाई त्याग गर्दछ, जो यस्तो भक्त छ त्यो मेरो प्यारो छ ।

समः शत्रौ च मित्रे च तथा मानापमानयोः
शीतोष्णसुखदुःखेषु समः सङ्गविवर्जितः ।।१८।।
तुल्यनिन्दास्तुतिर्मौनी संतुष्टो येन केनचित्
अनिकेतः स्थिरमतिर्भक्तिमान्मे प्रियो नरः ।।१९।।

शत्रु मित्र र मान अपमानमा बराबर भाव राख्न सक्ने, चीसो तातो (ठण्डी र गर्मी) सुख र दुःखमा त्यस्तै निन्दा र स्तुतिमा पनि समता (बराबर) को भाव राख्ने, सङ्गरहित (आसक्ति नभएको), निन्दा र स्तुतिलाई बराबर सम्झने, मौनी (चाहिएको मात्र बोल्ने) जो जति मिल्छ त्यसैमा सन्तोषहुने, घरमा ममता नराख्ने र स्थिरबुद्धि तथा जो भक्तिमान् छ यस्तो मानिस मेरो प्यारो छ ।

ये तु धर्म्यामृतमिदं यथोक्तं पर्युपासते
श्रद्दधाना मत्परमा भक्तास्तेऽतीव मे प्रियाः ।।२०।।

जो श्रद्धा लिएर, ममा परायण (दत्तचित्त भएर लाग्नु) भएर माथि भनिएको धर्मरूपी अमृतलाई अनुष्ठान (उपासना) गर्छन् ती (भक्त जन-हरू) मेरा अत्यन्तै प्यारा छन् ।

इति बाह्रौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
तेऱ्हौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान आज्ञा गर्नुहुन्छ

इदं शरीरं कौन्तेय क्षेत्रमित्यभिधीयते
एतद्यो वेत्ति तं प्राहुः क्षेत्रज्ञ इति तद्विदः ॥१॥

हे कौन्तेय ! (कुन्तिपुत्र अर्जुन !) यो शरीर क्षेत्र (भोक्ता आत्माको भोग-क्षेत्र) हो भनेर कहिएको छ । जो यस क्षेत्रलाई जान्दछ त्यसलाई क्षेत्र-क्षेत्रज्ञको तत्व जान्नेहरू "क्षेत्रज्ञ" भन्दछन् ।

क्षेत्रज्ञं चापि मां विद्धि सर्वक्षेत्रेषु भारत
क्षेत्रक्षेत्रज्ञयोर्ज्ञानं यत्तज्ज्ञानं मतं मम ॥२॥

हे अर्जुन ! तिमी मलाई नै सम्पूर्ण क्षेत्रमा "क्षेत्रज्ञ" (क्षेत्रलाई जान्ने) भनेर जान । क्षेत्र र क्षेत्रज्ञको जो ज्ञान छ त्यही उपादेय (प्राप्त गर्नु पर्ने) ज्ञान हो भन्ने मेरो विचार छ ।

तत्क्षेत्रं यच्च यादृक्च यद्विकारि यतश्च यत्
स च यो यत्प्रभावश्च तत्समासेन मे शृणु ॥३॥

त्यो क्षेत्र के हो ? त्यो कस्तो छ ? त्यसमा कुन् कुन् विकार छन् ? त्यो कहाँबाट उत्पन्न हुन्छ ? र त्यसमा कति कति भेद छन् ? यो कुरा र क्षेत्रज्ञ के हो ? त्यसमा के प्रभाव छ ? म यी सबै कुरा संक्षेपले भन्दछु सुन ।

ऋषिभिर्बहुधा गीतं छन्दोभिर्विविधैः पृथक्
ब्रह्मसूत्रपदैश्चैव हेतुमद्भिर्विनिश्चितैः ।।४।।

(क्षेत्र र क्षेत्रज्ञका स्वरूपको वर्णन) ऋषिहरूले अनेक प्रकारबाट, भिन्न भिन्न वेदहरूले बेग्लाबेग्लै तरीकाबाट र निश्चय गराउने युक्तिपूर्ण भएका ब्रह्मसूत्रका पदहरूले पनि वर्णन गरिएको छ ।

महाभूतान्यहंकारो बुद्धिरव्यक्तमेव च
इन्द्रियाणि दशैकं च पञ्च चेन्द्रियगोचराः ।।५।।
इच्छा द्वेषः सुखं दुःखं संघातश्चेतना धृतिः
एतत्क्षेत्रं समासेन सविकारमुदाहृदम् ।।६।।

महाभूत (पृथ्वी, जल, तेज, वायु, आकाश), अहङ्कार, बुद्धि, अव्यक्त (मूल प्रकृति) दश इन्द्रिय सहित मन, (एघार इन्द्रिय) रूप, रस, गन्ध, शब्द र स्पर्श यी पाँच ज्ञानेन्द्रियका विषय, इच्छा, द्वेष, सुख, दुःख, शरीर, प्राणशक्ति र धैर्य यी ३१ धर्म भएको विकारयुक्त (शरीर) "क्षेत्र" हो भनिएको छ ।

अमानित्वमदम्भित्वमहिंसा क्षान्तिरार्जवम्
आचार्योपासनं शौचं स्थैर्यमात्मविनिग्रहः ।।७।।
इन्द्रियार्थेषु वैराग्यमनहंकार एव च
जन्ममृत्युजराव्याधिदुःखदोषानुदर्शनम् ।।८।।
असक्तिरनभिष्वङ्गः पुत्रदारगृहादिषु
नित्यं च समचित्तत्वमिष्टानिष्टोपपत्तिषु ।।९।।

मयि चानन्ययोगेन भक्तिरव्यभिचारिणी
विविक्तदेशसेवित्वमरतिर्जनसंसदि ।।१०।।
अध्यात्मज्ञाननित्यत्वं तत्त्वज्ञानार्थदर्शनम्
एतज्ज्ञानमिति प्रोक्तमज्ञानं यदतोऽन्यथा ।।११।।

मान नखोज्नु, देखाउनलाई धर्म नगर्नु, हिंसा मनमा उब्जनै नदिनु, क्षमा गर्नु, नम्र र शीतल व्यवहार गर्नु, आचार्य (ज्ञानदिने गुरु) को सेवा गर्नु, शरीर र मनलाई शुद्ध राख्नु, चञ्चल स्वभाव छोड्नु, मनलाई नियन्त्रण गर्नु, इन्द्रियका विषयमा वैराग्य लिनु, अहङ्कार नगर्नु, जन्म मरण वृद्धावस्था र रुग्णावस्थालाई दुःख र दोषले भरिएको देख्नु, स्त्री पुत्र घर खेत आदि सम्पत्तिमा समता नलिनु, स्त्रीपुत्रादिमा अहन्ता (तिनीहरूलाई पीर पर्दा आफैंलाई परेजस्तो सम्झने) नहुनु, असल र खराब जे जस्तो परे पनि विकृति नहुनु, म (श्रीकृष्ण) मा अटल भक्ति राख्नु, एकान्तमा बस्नु, जनसमूहमा बस्न नरूचाउनु, अध्यात्मज्ञानमा निष्ठा (आस्था) राख्नु र तत्वज्ञानको खोजी गर्नु यी कुराहरूलाई ज्ञान भन्दछन् र यी बाहेक अरु सबै कुरालाई अज्ञान भनेर मानिएको छ ।

ज्ञेयं यत्तत्प्रवक्ष्यामि यज्ज्ञात्वामृतमश्नुते
अनादिमत्परं ब्रह्म न सत्तन्नासदुच्यते ।।१२।।

जो जान्नुपर्ने कुरा छ त्यो म तिमीलाई भन्दछु, जसलाई जानेर मनुष्यले अमरत्व प्राप्त गर्न सक्तछ जान्नुपर्ने त्यो तत्व अनादि, मत्पर (म जसको स्वामी छु) ब्रह्म हो । त्यो ब्रह्मलाई न सत् भन्न सकिन्छ र न असत् नै । यसप्रकार त्यो विलक्षण छ ।

सर्वतःपाणिपादं तत्सर्वतोऽक्षिशिरोमुखम्
सर्वतः श्रुतिमल्लोके सर्वमावृत्य तिष्ठति ।।१३।।

त्यो (आत्मा) सबैतिर हात पाउ भएको, सबैतिर आँखा, शिर, मुख भएको र सबैतिर कान भएको छ । त्यो यो सम्पूर्ण जगतलाई ढाकेर रहेको छ ।

सर्वेन्द्रियगुणाभासं सर्वेन्द्रियविवर्जितम्
असक्तं सर्वभृच्चैव निर्गुणं गुणभोक्तृ च ।।१४।।

त्यो (आत्मा) जम्मै इन्द्रियका गुण र धर्ममा लट्पटिए जस्तो देखिए पनि त्यो इन्द्रियदेखि भिन्न भएर रहेको छ । (त्यो) सबैदेखि अलग्ग भएर पनि सबैलाई धारण र पोषण गर्ने भएर रहेको छ र निर्गुण भएर पनि गुण (सत्त्व रज तम) को भोक्ता पनि छ ।

बहिरन्तश्च भूतानामचरं चरमेव च
सूक्ष्मत्वात्तदविज्ञेयं दूरस्थं चान्तिके च तत् ।।१५।।

त्यो प्राणीहरूका भित्र पनि छ र बाहिर पनि छ । त्यो हिंड्दछ र नहिंड्ने भएर पनि रहेको छ । त्यो ज्यादै सूक्ष्म भएकोले सहसा ज्ञान गर्न सकिन्न । त्यो टाढा भएर रहेको छ र ज्यादै नगीच पनि छ ।

अविभक्तं च भूतेषु विभक्तमिव च स्थितम्
भूतभर्तृ च तज्ज्ञेयं ग्रसिष्णु प्रभविष्णु च ।।१६।।

जान्नियोग्य त्यो (ज्ञेय) सम्पूर्ण प्राणीमा अभिन्नरूपले रहेको छ तापनि देहका भेदले भिन्नभिन्न जस्तो देखिन्छ पनि । सम्पूर्ण प्राणीहरूको सृष्टि स्थिति र संहार गर्ने पनि त्यै हो ।

ज्योतिषामपि तज्ज्योतिस्तमसः परमुच्यते
ज्ञानं ज्ञेयं ज्ञानगम्यं हृदि सर्वस्य विष्ठितम् ।।१७।।

त्यो ज्योतिको पनि ज्योति र प्रकृतिदेखि पर रहेको छ भनेर कहिएको छ । त्यो ज्ञान, ज्ञेय र ज्ञानबाट जान्निने छ र त्यो सबैको हृदयमा विराजमान छ ।

इति क्षेत्रं तथा ज्ञानं ज्ञेयं चोक्तं समासतः
मद्भक्त एतद्विज्ञाय मद्भावायोपपद्यते ।।१८।।

हे अर्जुन ! यस प्रकार क्षेत्र, ज्ञान र ज्ञेय मैले तिमीलाई संक्षेपले भने । मेरो भक्त यस विषयलाई जानेर मेरै भावमा प्राप्त हुन लायक हुन्छ ।

प्रकृतिं पुरुषं चैव विद्ध्यनादी उभावपि
विकारांश्च गुणांश्चैव विद्धि प्रकृतिसंभवान् ।।१९।।

प्रकृति र पुरुष यी दुवै अनादि हुन् भन्ने जान । तथा सम्पूर्ण विकारहरू र गुणहरू प्रकृतिबाटै उत्पन्न भएका हुन् भन्ने पनि जान ।

कार्यकारणकर्तृत्वे हेतुः प्रकृतिरुच्यते
पुरुषः सुखदुःखानां भोक्तृत्वे हेतुरुच्यते ।।२०।।

कार्यकारणको कर्तापनमा (शरीर र इन्द्रियलाई उत्पन्न गर्ने कुरामा) हेतु (कारण) प्रकृति बन्दछे र सुख दुःखको भोक्तापनमा पुरुष हेतु (कारण) बनेर रहेको छ ।

पुरुषः प्रकृतिस्थो हि भुङ्क्ते प्रकृतिजान्गुणान्
कारणं गुणसङ्गोऽस्य सदसद्योनिजन्मसु ।।२१।।

पुरुष प्रकृतिमा आरुढ (स्थित) भएर नै प्रकृतिबाट उत्पन्न हुने गुणहरूको भोग गर्दछ । पुरुष असल अथवा खराब योनि (जुनी) मा जन्मनामा कारण उसको प्रकृतिका गुणहरूसंग संसर्ग हुनु नै हो ।

उपद्रष्टानुमन्ता च भर्ता भोक्ता महेश्वरः
परमात्मेति चाप्युक्तो देहेऽस्मिन्पुरुषः परः ।।२२।।

यो शरीरमा (त्यही) पुरुष निर्लिप्त भएर उपद्रष्टा (शारीरिक क्रियाहरूलाई देख्ने) अनुमन्ता (ततत् कर्ममा रायदिने) भर्ता (धारण पोषण गर्ने) भोग गर्ने र परमात्मा स्वरूपले रहेको छ भन्ने बताइएको छ ।

य एवं वेत्ति पुरुषं प्रकृतिं च गुणैः सह
सर्वथा वर्तमानोऽपि न स भूयोऽभिजायते ।।२३।।

जसले यस्तो पुरुषलाई र गुणसहित प्रकृतिलाई जान्दछ त्यसले जस्तो सुकै व्यवहार गरेतापनि पुनर्जन्म प्राप्तगर्दैन ।

ध्यानेनात्मनि पश्यन्ति केचिदात्मानमात्मना
अन्ये सांख्येन योगेन कर्मयोगेन चापरे ।।२४।।

(आत्मदर्शी) कुनै साधक योगी ध्यानका सहायताले शुद्ध अन्तः करणका वृत्तिद्वारा आत्मालाई देख्तछन्, कोही सांख्ययोगका अभ्यासले र कोही कर्मयोगद्वारा देख्तछन् ।

अन्ये त्वेवमजानन्तः श्रुत्वान्येभ्य उपासते
तेऽपि चातितरन्त्येव मृत्युं श्रुतिपरायणाः ।।२५।।

फेरि अनेकौं अरु साधकहरू यस्तो कुरा स्वयं ज्ञान गर्न न सके पनि अरू तत्वज्ञानीहरूद्वारा सुनेर उपासना गर्छन् । अरूबाट सुनेर उपासना गर्ने त्यस्ता मनुष्यहरूपनि मृत्युबाट पार पाउंछन् ।

यावत्संजायते किंचित्सत्त्वं स्थावरजङ्गमम्
क्षेत्रक्षेत्रज्ञसंयोगात्तद्विद्धि भरतर्षभ ।।२६।।

हे भरतश्रेष्ठ अर्जुन ! जो जति चरअचर प्राणीहरू उत्पन्न हुन्छन यस्तो यो प्राणी–जगत् क्षेत्र र क्षेत्रज्ञको संयोगबाट नै भएको छ भन्ने जान ।

समं सर्वेषु भूतेषु तिष्ठन्तं परमेश्वरम्
विनश्यत्स्वविनश्यन्तं यः पश्यति स पश्यति ।।२७।।

जुन पुरुषले समस्त प्राणीवर्गमा समानरूपले रहेको र शरीर आदि नष्ट भएपछि पनि नाश नहुने यस्तो शरीरको स्वामी आत्मा परमेश्वरलाई देख्तछ यथार्थ (सत्य) देख्ने भनेको त्यही हो ।

समं पश्यन्हि सर्वत्र समवस्थितमीश्वरम्
न हिनस्त्यात्मनात्मानं ततो याति परां गतिम् ।।२८।।

किनभने सर्वत्र समभावले रहेको इश्वरलाई समदृष्टिले देखेपछि त्यो आत्मघाती हुँदैन (त्यसले मनद्वारा आत्मप्राप्ति गरिसकेको हुन्छ) यसो भएकोले नै त्यस्तो पुरुष परमगतिमा प्राप्त हुन्छ।

प्रकृत्यैव च कर्माणि क्रियमाणानि सर्वशः
यः पश्यति तथात्मानमकर्तारं स पश्यति ।।२९।।

जसले सम्पूर्ण कर्महरू प्रकृतिद्वारा नै गराइएका छन् भन्ने कुरा देख्तछ र आत्मामा कर्तापन रहेनछ भन्ने कुरा देख्तछ यथार्थ देख्ने त्यही हो।

यदा भूतपृथग्भावमेकस्थमनुपश्यति
तत एव च विस्तारं ब्रह्म संपद्यते तदा ।।३०।।

पुरुषले जब यो प्राणीहरू र अनेक प्रकारका हुने कुरा पनि एउटै आत्मामा सन्निहित छ भन्ने र आत्माद्वारानै प्राणी विस्तार तत्वलाई देख्तछ तब त्यो पुरुषले ब्रह्मलाई प्राप्त गर्दछ।

अनादित्वान्निर्गुणत्वात्परमात्मायमव्ययः
शरीरस्थोऽपि कौन्तेय न करोति न लिप्यते ।।३१।।

हे कुन्तिपुत्र अर्जुन! अनादि र निर्गुण (सत्व रज तम यी तीन गुणबाट रहित) हुनाले यो अव्यय परमात्मा शरीरमा रहेर पनि यसले न केही गर्दछ नत लिप्त नै हुन्छ।

यथा सर्वगतं सौक्ष्म्यादाकाशं नोपलिप्यते
सर्वत्रावस्थितो देहे तथात्मा नोपलिप्यते ।।३२।।

जस्तो सबै ठाउँमा व्यापकभएको आकाश ज्यादै सूक्ष्म हुनाले कहीं पनि लिप्त (टाँसिएको) हुँदैन त्यस्तै सम्पूर्ण शरीरमा रहेको आत्मा पनि यसमा लिप्त हुँदैन ।

यथा प्रकाशयत्येकः कृत्स्नं लोकमिमं रविः
क्षेत्रं क्षेत्री तथा कृत्स्नं प्रकाशयति भारत ॥३३॥

हे भारत ! (भरत वंशोत्पन्न अर्जुन !) जस्तो एउटै सूर्यले यत्रो सम्पूर्ण लोकलाई प्रकाशित गर्दछन्, त्यस्तै क्षेत्रज्ञ (शरीर रूपी क्षेत्रको ज्ञाता परमआत्मा) ले समस्त क्षेत्र (शरीर) लाई प्रकाशित गर्दछ ।

क्षेत्रक्षेत्रज्ञयोरेवमन्तरं ज्ञानचक्षुषा
भूतप्रकृतिमोक्षं च ये विदुर्यान्ति ते परम् ॥३४॥

जसले यस्ता प्रकारले क्षेत्र र क्षेत्रज्ञको भेदलाई र पुरुष र प्रकृतिको अन्तर तथा प्राणीहरूको उपादान कारण (दहीको कारण दूध भए जस्तो) अविद्यावाट छुट्ने उपायलाई ज्ञानरूपी नेत्रले जान्दछन् अथवा देख्तछन् त्यस्ता ती (पुरुषहरू) परमपदमा प्राप्त हुन्छन् ।

इति तेह्रौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
चौधौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ ।

परं भूयः प्रवक्ष्यामि ज्ञानानां ज्ञानमुत्तमम्
यज्ज्ञात्वा मुनयः सर्वे परां सिद्धिमितो गताः ॥१॥

अब म ज्ञानमा उत्तम एवं परम ज्ञानलाई फेरि भन्दछु, जुन ज्ञान पाएर सबै मुनिहरूले (यस संसारलाई छोडेर) परम सिद्धिलाई प्राप्त गरेका थिए ।

इदं ज्ञानमुपाश्रित्य मम साधर्म्यमागताः
सर्गेऽपि नोपजायन्ते प्रलये न व्यथन्ति च ॥२॥

यो (पछि भनिने) ज्ञानको सहारा लिएर मेरै साधर्म्यमा प्राप्त भएका पुरुषहरू नत सृष्टि हुने समयमा उत्पन्न हुन्छन् नत प्रलयकालमा मर्दछन् ।

मम योनिर्महद्ब्रह्म तस्मिन्गर्भं दधाम्यहम्
संभवः सर्वभूतानां ततो भवति भारत ॥३॥

हे भारत ! मेरो महद्ब्रह्मयोनि प्रकृति हो (प्रकृति नै मेरो गर्भाधान स्थान हो), त्यसैमा म गर्भ (चित्सत्ता) लाई धारणा गराउँछु । त्यही संयोगबाट सम्पूर्ण प्राणीहरूको उत्पत्ति हुन्छ ।

सर्वयोनिषु कौन्तेय मूर्तयः संभवन्ति याः
तासां ब्रह्म महद्योनिरहं बीजप्रदः पिता ।।४।।

हे कुन्ती पुत्र अर्जुन ! सम्पूर्ण योनि (जुनि) हरूमा जो मूर्तिहरू उत्पन्न हुन्छन् ती सबैको योनि (उत्पत्तिमा कारण) महद् ब्रह्म (प्रकृति) छ र त्यसमा बीज प्रदान गर्ने (कर्मानुसार जीवलाई प्रकृतिसित संयोग गराई दिने) पिता म हूँ ।

सत्त्वं रजस्तम इति गुणाः प्रकृतिसंभवाः
निबध्नन्ति महाबाहो देहे देहिनमव्ययम् ।।५।।

हे महाबाहु अर्जुन ! प्रकृतिबाट उत्पन्न सत्व, रज र तम यी तीन गुणले अव्यय (निर्विकार) आत्मालाई शरीरमा (स्थितिरूप उपाधिद्वारा) बाँधिदिन्छन् ।

तत्र सत्त्वं निर्मलत्वात्प्रकाशकमनामयम्
सुखसङ्गेन बध्नाति ज्ञानसङ्गेन चानघ ।।६।।

पापरहित हे अर्जुन ! ती तीन गुण (सत्व, रज र तम) मा सत्वगुण निर्मल, प्रकाशक र रोगरहित हुनाले त्यसले सुखको आशक्ति ज्ञानको संगतिद्वारा (जीवात्मालाई) बाँध्दछ (सत्वगुणले सुख र ज्ञानमा पुरुषलाई आसक्ति उत्पन्न गराउँदछ) ।

रजो रागात्मकं विद्धि तृष्णासङ्गसमुद्भवम्
तन्निबध्नाति कौन्तेय कर्मसङ्गेन देहिनम् ।।७।।

कुन्तीपुत्र हे अर्जुन ! तिमीले रजोगुणलाई रागात्मक र तृष्णा तथा सङ्गको उत्पत्ति स्थान हो भन्ने जान। त्यसले यी जीवात्माहरूलाई कर्मसङ्ग (कर्माशक्ति) द्वारा बाँध्दछ ।

तमस्त्वज्ञानजं विद्धि मोहनं सर्वदेहिनाम्
प्रमादालस्यनिद्राभिस्तन्निबध्नाति भारत ॥८॥

हे अर्जुन ! समस्त देहधारीहरूलाई मोह गराउने तमोगुणलाई अज्ञानद्वारा उत्पन्न भएको जान। त्यसले आत्मालाई प्रमाद आलस्य र निद्राद्वारा बाँध्दछ।

सत्त्वं सुखे संजयति रजः कर्मणि भारत
ज्ञानमावृत्य तु तमः प्रमादे संजयत्युत ॥९॥

हे अर्जुन ! सत्वगुणले सुखमा प्रवृत्त गराउँछ, रजोगुणले कर्ममा प्रवृत्त गराउँछ तर तमोगुणले त ज्ञानलाई ढाकेर प्रमादमा पनि लगाउँछ।

रजस्तमश्चाभिभूय सत्त्वं भवति भारत
रजः सत्त्वं तमश्चैव तमः सत्त्वं रजस्तथा ॥१०॥

हे अर्जुन ! रज र तमोगुणलाई दबाएर सत्वगुण, सत्व र तमलाई दबाएर रजोगुण र यस्तै प्रकारले सत्व र रजोगुणलाई दबाएर तमोगुण बढ्दछ।

सर्वद्वारेषु देहेऽस्मिन्प्रकाश उपजायते
ज्ञानं यदा तदा विद्याद्विवृद्धं सत्त्वमित्युत ॥११॥

हे अर्जुन ! जब यही शरीरका सम्पूर्ण द्वार (छिद्र वा ढोका) हरूमा ज्ञानरूपी प्रकाश उत्पन्न हुन्छ तब तिमीले सम्झ कि (त्यो समय) तिमीमा सत्वगुणको वृद्धि भैरहेको छ।

लोभः प्रवृत्तिरारम्भः कर्मणामशमः स्पृहा
रजस्येतानि जायन्ते विवृद्धे भरतर्षभ ॥१२॥

हे भरतश्रेष्ठ अर्जुन ! लोभ लाग्नु, प्रयोजन नभएको कर्ममा लागिरहनु, काम गर्न प्रारम्भ गर्नु, अशान्ति र स्पृहा (इच्छा) यति कुराहरू रजोगुण बढ्यो भने विशेष प्रकारले जागृत हुन्छन् । (रजोगुणको वृद्धिहुँदा यिनीहरू पनि बढ्दछन्) ।

अप्रकाशोऽप्रवृत्तिश्च प्रमादो मोह एव च
तमस्येतानि जायन्ते विवृद्धे कुरुनन्दन ॥१३॥

हे कुरूनन्दन ! अप्रकाश (अँध्यारोपन) अप्रवृत्ति (आलस्य) प्रमाद र मोह यति कुराको तमोगुण बढ्दा वृद्धि हुन्छ ।

यदा सत्त्वे प्रवृद्धे तु प्रलयं याति देहभृत्
तदोत्तमविदां लोकानमलान्प्रतिपद्यते ॥१४॥

जीवात्मा सत्व गुणको वृद्धि भएका समयमा मऱ्यो भने त्यसले आत्मज्ञानीहरूले प्राप्त गरिने निर्मल लोक प्राप्त गर्दछ ।

रजसि प्रलयं गत्वा कर्मसङ्गिषु जायते
तथा प्रलीनस्तमसि मूढयोनिषु जायते ॥१५॥

जीवात्मा रजोगुण बढेको बेलामा मऱ्यो भने कर्ममा आसक्त भएर (कर्मभूमिमा) जन्म लिन्छ र तमोगुण बढेको बेलामा देह छाड्यो भने अधम जुनिमा जन्म लिन्छ ।

कर्मणः सुकृतस्याहुः सात्त्विकं निर्मलं फलम्
रजसस्तु फलं दुःखमज्ञानं तमसः फलम् ॥१६॥

सात्विक कर्मको फल सत्वगुणी र निर्मल हुन्छ, रजोगुणको फल दुःख युक्त हुन्छ र तमोगुणको फल अज्ञानयुक्त हुन्छ भनिएको छ ।

सत्त्वात्संजायते ज्ञानं रजसो लोभ एव च
प्रमादमोहौ तमसो भवतोऽज्ञानमेव च ॥१७॥

सत्वगुणबाट ज्ञानको प्रादुर्भाव हुन्छ, रजोगुणबाट लोभको उत्पत्ति हुन्छ र यस्तै प्रकारले तमोगुणबाट, प्रमाद, मोह र अज्ञानको उत्पत्ति हुन्छ ।

ऊर्ध्वं गच्छन्ति सत्त्वस्था मध्ये तिष्ठन्ति राजसाः
जघन्यगुणवृत्तिस्था अधो गच्छन्ति तामसाः ।।१८।।

सत्वगुणमा रहेका (पुरुषहरू) ऊर्ध्वगतिमा प्राप्त हुन्छन्, रजोगुणीहरू बीचमा रहन्छन् र तमोगुणको निकृष्ट वृत्तिमा रहने तमोगुणीहरू तल झर्दछन् (तमोगुणीहरूको अधोगति हुन्छ ।)

नान्यं गुणेभ्यः कर्तारं यदा द्रष्टानुपश्यति
गुणेभ्यश्च परं वेत्ति मद्भावं सोऽधिगच्छति ।।१९।।

जब द्रष्टा पुरुषले (कार्योत्पत्तिमा) प्रकृतिका गुणहरू भन्दा भिन्न अर्कालाई कर्ता देख्तैन र गुणहरुबाट पर रहेको आत्मालाई कर्ता रहेन छ द्रष्टा रहेछ भनेर जान्दछ तब मात्र त्यस्तो पुरुष मेरो भावमा प्राप्त हुन्छ ।

गुणानेतानतीत्य त्रीन्देही देहसमुद्भवान्
जन्ममृत्युजरादुःखैर्विमुक्तोऽमृतमश्नुते ।।२०।।

यो शरीरधारी जीवात्माले जब प्रकृतिबाट उत्पन्न हुने यी तीनवटा गुण (सत्व, रज, तम) लाई नाघ्दछ (यिनीहरूभन्दा भिन्न भएर रहन्छ) अनि मात्र त्यसले जन्म, मृत्यु बुढयाइँ र दुःखबाट मुक्त भएर अमृतरूप आत्माको अनुभव गर्दछ ।

अर्जुन उवाच– अर्जुन सोध्दछन्

कैर्लिङ्गैस्त्रीन्गुणानेतानतीतो भवति प्रभो
किमाचारः कथं चैतांस्त्रीन्गुणानतिवर्तते ।।२१।।

हे प्रभू ! यी तीन गुणबाट पर रहेको पुरुषका के के लक्षण देखिन्छन् ? त्यस्तो पुरुषको आचरण कस्तो हुन्छ ? र त्यसले कसरी यी तीन गुणलाई नाघेर (ती भन्दा माथि भएर) बस्तछ ? ।

श्रीभगवानुवाच– श्रीभगवान आज्ञागर्नुहुन्छ

प्रकाशं च प्रवृत्तिं च मोहमेव च पाण्डव
न द्वेष्टि संप्रवृत्तानि न निवृत्तानि काङ्क्षति

हे अर्जुन ! जुन पुरुष प्रकाश (तीन गुणका कार्य) प्रवृत्ति (तत्परता) र मोह आइपर्दा पनि तिनीहरूसंग द्वेष गर्दैन र तिनीहरूबाट निवृत्त भएकोले तिनीहरूको आकांक्षा पनि गर्दैन (यस्तो पुरुष र)

उदासीनवदासीनो गुणैर्यो न विचाल्यते
गुणा वर्तन्त इत्येव योऽवतिष्ठति नेङ्गते ।।२३।।

उदासीन (हर्ष र विस्मात् नलिने) जस्तै भएर रहेको,तीन गुणहरू द्वारा विचलित नहुने, केवल गुणहरूले आफ्ना काम गरिरहेका छन् भन्ने कुरा सम्झंदै जो स्थिर भएर रहन्छ आफ्ना स्थितिबाट विचलित हुँदैन । (त्यो र)

समदुःखसुखः स्वस्थः समलोष्टाश्मकाञ्चनः
तुल्यप्रियाप्रियो धीरस्तुल्यनिन्दात्मसंस्तुतिः
मानापमानयोस्तुल्यस्तुल्यो मित्रारिपक्षयोः
सर्वारम्भपरित्यागी गुणातीतः स उच्यते ।।२५।।

जो सुख दुःखमा समान भाव राख्तछ, जो स्वरूप (आफनु आनन्दमय स्वरूप) मा स्थिर छ , जसलाई माटो, ढुङ्गा र सूनमा भेद छैन, प्यारो र अप्रिय भन्ने जसलाई थाहा नै हुँदैन, जुन धैर्यशाली छ, जसलाई आफ्नो निन्दा र स्तुति बराबर लाग्छन्, जो मान र अपमानमा तथा मित्र र शत्रुमा बराबरी ठान्दछ र जो सम्पूर्ण आरम्भ गरिएको चीजलाई परित्याग गर्दछ त्यही पुरुष गुणातीत (तीन गुणभन्दा पर रहेको) भनिन्छ ।

मां च योऽव्यभिचारेण भक्तियोगेन सेवते
स गुणान्समतीत्यैतान्ब्रह्मभूयाय कल्पते ।।२६।।

जो अव्यभिचारी भक्तियोगबाट मेरो आराधना वा उपासना गर्दछ त्यो पनि यी तीन गुणहरूलाई नाघेर ब्रह्मभावमा प्राप्त हुन योग्य हुन्छ ।

ब्रह्मणो हि प्रतिष्ठाहममृतस्याव्ययस्य च
शाश्वतस्य च धर्मस्य सुखस्यैकान्तिकस्य च ।।२७।।

हे अर्जुन ! किनभने अमृत, कहिल्यै नाश नहुने ब्रह्मको, शाश्वत धर्मको, ऐश्वर्यको र एकान्तिक सुखको प्रतिष्ठा पनि मै हूँ ।

इति चौधौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
पन्ध्रौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान आज्ञागर्नुहुन्छ

ऊर्ध्वमूलमधःशाखमश्वत्थं प्राहुरव्ययम्
छन्दांसि यस्य पर्णानि यस्तं वेद स वेदवित् ।।१।।

हे अर्जुन ! जरा माथितिर भएको, हांगाहरू तलतिर भएको अश्वत्थ (वृक्ष विशेष) लाई अव्यय भनेर बताएका छन् । त्यसका पात वेदहरू हुन् । जसले यस कुराको तत्व जान्दछ वेद जान्ने भनेको त्यही हो ।

अधश्चोर्ध्वं प्रसृतास्तस्य शाखा
गुणप्रवृद्धा विषयप्रवालाः
अधश्च मूलान्यनुसंततानि
कर्मानुबन्धीनि मनुष्यलोके ।।२।।

तल र माथि यसका (संसार वृक्षका) हांगाहरू फैलिएका छन् । ती हांगाहरूलाई (सत्व रज तम)ले बढाईरहेका छन् । विषय नै ती हांगामा लाग्ने कोपिला हुन् र तल मनुष्य लोकमा पनि कर्मरूप बन्धन भएका (यसका) जराहरू फैलिएका छन् ।

न रूपमस्येह तथोपलभ्यते
नान्तो न चादिर्न च संप्रतिष्ठा
अश्वत्थमेनं सुविरूढमूल-
मसङ्गशस्त्रेण दृढेन छित्त्वा ॥३॥

ततः पदं तत्परिमार्गितव्यं
यस्मिन्गता न निवर्तन्ति भूयः
तमेव चाद्यं पुरूषं प्रपद्ये
यतः प्रवृत्तिः प्रसृता पुराणी ॥४॥

यस लोकमा (मर्त्यलोकमा) यो वृक्ष (संसार वृक्ष) को न यसप्रकारको भन्ने रूप पाइन्छ, न अन्त्य न आदि र न त यसको पूर्ण प्रतिष्ठा (स्थिति) नै पाइन्छ । दृढतापूर्वक टम्म जमेका जराहरू भएको यो वृक्षलाई असङ्ग (वैराग्य) रूपी हतियारले काटेर, "म त्यही आदिपुरूषको शरण लिन्छु जहाँबाट यस्तो पुरानो प्रवृत्ति फैलिएर आएको छ" भन्ने यस्तो दृढ निश्चय गर्दै त्यस्तो स्थान खोज्नु पर्दछ कि जुन ठाउँमा पुगेर फेरि (यस संसारमा) फर्कनु पर्दैन ।

निर्मानमोहा जितसङ्गदोषा
अध्यात्मनित्या विनिवृत्तकामाः
द्वन्द्वैर्विमुक्ताः सुखदुःखसंज्ञै-
र्गच्छन्त्यमूढाः पदमव्ययं तत् ॥५॥

अभिमान र मोहले रहित भएका, सङ्गदोष (सङ्गतबाट आउने दोष) लाई जितेका, सदा अध्यात्ममा संलग्न, कुनै इच्छा वा कामना नभएका, र सुख दुःख भनिने द्वन्द्वात्मक भावबाट मुक्त भएका ज्ञानी पुरुषहरू त्यो अविनाशी पद प्राप्त गर्छन् ।

न तद्भासयते सूर्यो न शशाङ्को न पावकः
यद्गत्वा न निवर्तन्ते तद्धाम परमं मम ॥६॥

त्यस (आत्मज्योति)लाई न सूर्यले प्रकाशित गर्दछन्, न चन्द्रमाले, न अग्निले नै प्रकाशित गर्न सक्तछन् । जहाँ पुगेर फेरि फर्कन पर्दैन त्यही मेरो परम धाम (सर्वोच्च स्थान) हो ।

ममैवांशो जीवलोके जीवभूतः सनातनः
मनः षष्ठानीन्द्रियाणि प्रकृतिस्थानि कर्षति ॥७॥

मेरै सनातन (कहिल्यै नाश नहुने) अंशले संसारमा जीवरुप भएर (पूर्वशरीरमा वा) प्रकृतिमा रहेका मन सहित छ इन्द्रियहरूलाई आकर्षण गर्दछ (खिच्तछ)

शरीरं यदवाप्नोति यच्चाप्युत्क्रामतीश्वरः
गृहीत्वैतानि संयाति वायुर्गन्धानिवाशयात् ॥८॥

शरीरको स्वामी भएको जीवले जुन शरीरलाई लिन्छ अौ जुन शरीरलाई छोड्दछ त्यसवेला छोड्ने शरीरमा रहेका मन सहित छ– इन्द्रियहरूलाई वायुले फूलबाट सुगन्धलाई उडाएर लगे झैं पछि प्राप्त हुने शरीरमा लैजान्छ ।

श्रोत्रं चक्षुः स्पर्शनं च रसनं घ्राणमेव च
अधिष्ठाय मनश्चायं विषयानुपसेवते ॥९॥

श्रोत्रेन्द्रिय (कान) चक्षुरिन्द्रिय (आँखा) त्वगिन्द्रिय (छाला) रसनेन्द्रिय (जिभ्रो) र घ्राणेन्द्रिय (नाक) र मनलाई बस्ने ठाउँ बनाएर जीवात्माले विषयहरूको सेवन गर्छ ।

उत्क्रामन्तं स्थितं वापि भुञ्जानं वा गुणान्वितम्
विमूढा नानुपश्यन्ति पश्यन्ति ज्ञानचक्षुषः ॥१०॥

तीन गुणले युक्त भएको आत्मालाई यो शरीरबाट निस्कँदा,र शरीरमा रहँदा अथवा त्यसले विषयको भोग गरिरहेको समयमा पनि अज्ञानी पुरुषहरूले त्यसलाई देख्न सक्तैनन् तर ज्ञानकै आँखा भएका ज्ञानचक्षुहरूले यो कुरा देख्तछन् ।

यतन्तो योगिनश्चैनं पश्यन्त्यात्मन्यवस्थितम्
यतन्तोऽप्यकृतात्मानो नैनं पश्यन्त्यचेतसः ।।११।।

प्रयत्न गर्ने योगीजनहरूले मात्र आत्मालाई यस शरीरमा रहेको देख्तछन् । अविवेकी अशुद्धचित्त भएका पुरुषहरूले त प्रयत्न गर्दा पनि यसलाई देख्न सक्तैनन् ।

यदादित्यगतं तेजो जगद्भासतेऽखिलम् ।
यच्चन्द्रमसि यच्चाग्नौ तत्तेजो विद्धि मामकम् ।।१२।।

हे अर्जुन ! सम्पूर्ण जगतलाई प्रकाशित गर्ने सूर्यमा रहेको तेज तथा चन्द्रमा र अग्निमा पनि जो तेज छ जम्मै त्यो तेज मेरो हो भन्ने जान ।

गामाविश्य च भूतानि धारयाम्यहमोजसा ।
पुष्णामि चौषधीःसर्वाःसोमो भूत्वा रसात्मकः ।।१३।।

हे अर्जुन ! म पृथ्वीमा प्रवेश गरेर आफ्नु ओजले सम्पूर्ण प्राणीहरूलाई धारणा गर्दछु । मै नै रसैरस भएको चन्द्रमा भएर सारा ओषधीहरूलाई पुष्ट पनि पार्दछु ।

अहं वैश्वानरो भूत्वा प्राणिनां देहमाश्रितः ।
प्राणापानसमायुक्तः पचाम्यन्नं चतुर्विधम् ।।१४।।

मै नै प्राणिहरूका शरीरमा वैश्वानर नामक अग्नि भएर प्राण वायु र अपान वायुका साथ मिलेर चारप्रकारको (खाइने, चुसिने, चाटिने र पिइने) भोजनलाई पचाउँछु ।

सर्वस्य चाहं हृदि संनिविष्टो
मत्तः स्मृतिर्ज्ञानमपोहनं च ।
वेदैश्च सर्वैरहमेव वेद्यो
वेतान्तकृद्वेदविदेव चाहम् ॥१५॥

मँ नै सबैका हृदयमा पसेको छु । मँबाट स्मृति, अनुभव, र ज्ञान हुन्छ तथा ती दुबैको नाश पनि मँबाट हुन्छ । सम्पूर्ण वेद (ज्ञानको विषय) हरू द्वारा केवल मँ नै जान्न योग्य छु । वेदान्तको सृष्टिगर्ने र वेदलाई जान्ने पनि मँ हूँ ।

द्वाविमौ पुरुषौ लोके क्षरश्चाक्षर एव च ।
क्षरः सर्वाणि भूतानि कूटस्थोऽक्षर उच्यते ॥१६॥

लोकमा क्षर र अक्षर यस्ता दुइप्रकारका पुरुष छन् । क्षर भनेको सम्पूर्ण भौतिक जगत्का प्राणीहरू हुन् र कूटस्थ (आत्मज्ञानी वा मूलप्रकृति) अक्षर हो ।

उत्तमः पुरुषस्त्वन्यः परमात्मेत्युदाहृतः ।
यो लोकत्रयमाविश्य बिभर्त्यव्यय ईश्वरः ॥१७॥

तर जो परमपुरुष परमात्मा भनिन्छ त्यो उत्तम पुरुष त अर्कै छ (त्यो त क्षर र अक्षर देखि भिन्न छ) त्यही अविनाशी इश्वर तीनै लोकमा प्रवेश गरेर सबै लोकहरूलाई धारण र पोषण गर्दछ ।

यस्मात्क्षरमतीतोऽहमक्षरादपि चोत्तमः ।।
अतोऽस्मि लोके वेदे च प्रथितः पुरुषोत्तमः ॥१८॥

किनभने म क्षर भन्दा अतीत र अक्षर भन्दा पनि उत्तम छू । यसो भएर नै लोक (संसार) र वेदमा म "पुरुषोत्तम" नामले प्रसिद्ध भएको छू ।

यो मामेवमसंमूढो जानाति पुरुषोत्तमम् ।
स सर्वविद्भजति मां सर्वभावेन भारत ।।१९।।

हे भारत ! मूढपनाले रहित भएको जुन पुरुषले मलाई पुरुषोत्तमको रुपमा जान्दछ त्यसले मलाई सम्पूर्ण तवरबाट भज्दछ । सर्वज्ञ भएको त्यही हो भनेर जान ।

इति गुह्यतमं शास्त्रमिदमुक्तं मयानघ ।
एतद्बुद्ध्वा बुद्धिमान्स्यात्कृतकृत्यश्च भारत ।।२०।

हे निष्पाप अर्जुन ! यस प्रकार यो ज्यादै गोप्य भएको शास्त्र मैले तिमीलाई भने । यसरी यस शास्त्रलाई जानेपछि पुरुष बुद्धिमान र कृत-कृत्य हुन्छ ।

इति पन्ध्रौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
सोन्हौं अध्याय

श्रीभगवानुवाच– श्रीभगवान् आज्ञागर्नुहुन्छ

अभयं सत्त्वसंशुद्धिर्ज्ञानयोगव्यवस्थितिः ।
दानं दमश्च यज्ञश्च स्वाध्यायस्तप आर्जवम् ॥१॥
अहिंसा सत्यमक्रोधस्त्यागः शान्तिरपैशुनम् ।
दया भूतेष्वलोलुप्त्वं मार्दवं ह्रीरचापलम् ॥२॥
तेजः क्षमाः धृतिः शौचमद्रोहो नातिमानिता ।
भवन्ति संपदं दैवीमभिजातस्य भारत ॥३॥

हे भारत ! निर्भय, शुद्ध विचार, ज्ञानयोग र कर्मयोगमा आस्था, दान, दम (इन्द्रिय निग्रह) यज्ञ, स्वाध्याय, सरलता, अहिंसा, सत्य, अक्रोध (नरिसाउनु) त्याग, शान्ति, छुल्याँईनगर्नु, जीवहरूमा दया गर्नु, अतृष्णा, (ज्यादा आसक्ति नहुनु) कोमल स्वभाव, कुकर्ममा लाग्न लाजमान्नु, अचञ्चलता, तेज, क्षमा, धैर्य, पवित्रता, द्रोह नगर्नु, धेरै मान नखोज्नु, यी गुणहरू दैवी संपदामा उत्पन्न भएका पुरुषलाई मात्र प्राप्त हुन्छन् ।

दम्भो दर्पोऽतिमानश्च क्रोधः पारुष्यमेव च ।
अज्ञानं चाभिजातस्य पार्थ संपदमासुरीम् ॥४॥

हे पार्थ ! ठगी, घमण्ड, अभिमान, रीस, रूख्याँई र अविवेक यी गुण आसुरी संपदामा उत्पन्न भएका मनुष्यका हुन्छन् ।

दैवी संपद्विमोक्षाय निबन्धायासुरी मता ।
मा शुचः संपदं दैवीमभिजातोऽसि पाण्डव ॥५॥

दैवी संपदा मोक्षदायक र आसुरी संपदा बन्धनकारक मानिएको छ । हे अर्जुन ! तिमी दैवी संपदामा उत्पन्न भएका छौ । त्यसकारण शोक नगर ।

द्वौ भूतसर्गौ लोकेऽस्मिन्दैव आसुर एव च ।
दैवो विस्तरशः प्रोक्त आसुरं पार्थ मे शृणु ॥६॥

यस संसारमा कर्मका अधिकारी भएका प्राणीहरूको सृष्टि दुई प्रकारको छ । आसुरी र दैवी । हे अर्जुन ! दैवी सृष्टि त मैले विस्तारपूर्वक भने अब आसुरी सृष्टि भन्दछु सुन ।

प्रवृत्तिंच निवृत्तिं च जना न विदुरासुराः ।
न शौचं नापि चाचारो न सत्यं तेषु विद्यते ॥७॥

आसुरी प्रवृत्तिका प्राणी प्रवृत्ति (लौकिक उन्नतिको मार्ग) र निवृत्ति (मोक्ष साधन रूप मार्ग) लाई नै जान्दैनन् । तिनीहरूमा न शुद्धता रहन्छ, न आचार रहन्छ र न त तिनीहरूमा सत्य नै रहन्छ ।

असत्यमप्रतिष्ठं ते जगदाहुरनीश्वरम् ।
अपरस्परसंभूतं किमन्यत्कामहैतुकम् ॥८॥

तिनीहरू "यो जगत् सत्य शब्द वाच्य ब्रह्मको कार्य भएकोले ब्रह्मरूप छ" यस्तो कुरा नजानेर जगत्लाई असत्य र अप्रतिष्ठ (ब्रह्ममा नरहेको) र ईश्वर रहित छ भन्दछन् । तिनीहरू भन्छन् कि– यो जगत् केवल स्त्री र पुरूषका संयोगले मात्र उत्पन्न भएको छ र कामका अतिरिक्त यसको अर्को ईश्वरादि कुनै कारण छैन ।

एतां दृष्टिमवष्टभ्य नष्टात्मानोऽल्पबुद्धयः ।
प्रभवन्त्युग्रकर्माणः क्षयाय जगतोऽहिताः ॥९॥

यस प्रकारको दृष्टिको सहारा लिएर तिनीहरू उग्रकर्म गर्ने, आत्मा नष्ट भएका, अल्पबुद्धि र, खराब काम गर्ने भएर केवल संसारलाई नाश-गर्नका निमित्त नै उत्पन्न हुन्छन् ।

काममाश्रित्य दुष्पूरं दम्भमानमदान्विताः ।
मोहाद्गृहीत्वासद्ग्राहान्प्रवर्तन्तेऽशुचिव्रताः ॥१०॥

दम्भ, मान र मदले युक्त भएका अशुद्ध आचरण गर्ने तिनीहरू बडा-मुस्कीलले मात्र सिद्ध हुने, खराब विचारको आश्रय गरेर मोहले असत् परिग्रह (कुत्सित भोग) हरूको संग्रह गरेर बस्तछन् ।

चिन्तामपरिमेयां च प्रलयान्तामुपाश्रिताः ।
कामोपभोगपरमा एतावदिति निश्चिताः ॥११॥

त्यस्ता तिनीहरूले प्रलयकालमा पर्यन्त (मर्ने वेलासम्म पनि) अन्त्य नहुने अपरिमित चिन्ता लिएर, केवल काम भोगलाई उपभोग गर्नु नै विशेष कुरा हो भन्ने र यही– (भोग) नै परम पुरुषार्थ हो भन्ने निश्चय गरेका हुन्छन् ।

आशापाशशतैर्बद्धाः कामक्रोधपरायणाः ।
ईहन्ते कामभोगार्थमन्यायेनार्थसंचयान् ॥१२॥

आशारुपी सयौं पाशले बाँधिएका, काम क्रोधमा तत्पर, असुरजनहरू विषयभोगका निमित्त अन्यायबाट खूब धन बटुल्न चाहन्छन् ।

इदमद्य मया लब्धमिमं प्राप्स्ये मनोरथम् ।
इदमस्तीदमपि मे भविष्यति पुनर्धनम् ॥१३॥

यति मैले आज पायें, र मनको यो इच्छालाई प्राप्त गरुँला, यति धन त मेरो छंदैछ र फेरि यो धन पनि मेरै त हुनेछ, (भन्ने यस्तो कल्पना गर्ने)

असौ मया हतः शत्रुर्हनिष्ये चापरानपि ।
ईश्वरोऽहमहं भोगी सिद्धोऽहं बलवान्सुखी ।।१४।।

त्यो शत्रुलाई त मैले मारें र अर्को दोस्रोलाई पनि म मार्नेछु, मै ईश्वर हूँ, मै भोगी हूँ तथा मैनै सिद्ध हूँ, म बलवान् छु र मै सुखी हूँ (यस्तोभन्ने)

आढ्योऽभिजनवानस्मि कोऽन्योऽस्ति सदृशो मया ।
यक्ष्ये दास्यामि मोदिष्य इत्यज्ञानविमोहिताः ।।१५।।

(ती अज्ञानीहरू) मै धनवान् हूँ, मै कुलीन हूँ, मेरो समान अर्को दोस्रो को छ ? यज्ञ गरुँला, दान गरुँला, मोज गरुँला यस्ता कुरा गर्दै अज्ञानले मोहित भएका हुन्छन् ।

अनेकचित्तविभ्रान्ता मोहजालसमावृताः ।
प्रसक्ताः कामभोगेषु पतन्ति नरकेऽशुचौ ।।१६।।

अनेक खराब सङ्कल्पले गर्दा भ्रान्त चित्त भएका, मोहजालले ढाकिएका, कामभोगमा लम्पट भएका यस्ता असुर जनहरू अपवित्र नरकमा खस्दछन् ।

आत्मसंभाविताः स्तब्धा धनमानमदान्विताः ।
यजन्ते नामयज्ञैस्ते दम्भेनाविधिपूर्वकम् ।।१७।।

आफ्नु प्रसंशा आफै गर्ने, जर्कटे (नम्रता नभएका), धन र मानका अभिमानले मत्तु भएका, ती असुर जीवहरू शास्त्रको विधिरहित देखावटी यज्ञ केवल आफ्नो नाम राख्नका लागि मात्र गर्दछन् ।

अहंकारं बलं दर्पं कामं क्रोधं च संश्रिताः ।
मामात्मपरदेहेषु प्रद्विषन्तोऽभ्यसूयकाः ।।१८।।

अहंकार, बल, घमण्ड, काम र क्रोधको आश्रय लिएर रहने यस्ता ती असुरहरू आफ्नु र अरूका शरीरमा रहेको अन्तर्यामी मलाई द्वेष गर्ने हुन्छन् ।

तानहं द्विषतः क्रूरान्संसारेषु नराधमान् ।
क्षिपाम्यजस्रमशुभानासुरीष्वेव योनिषु ॥१९॥

यस्ता निन्दक, द्वेषी, क्रूरकर्मगर्ने, अनिष्टाचारी र अधम मनुष्यलाई म संसारमा बारंबार आसुरी योनिमा मात्रै खसाल्छु ।

आसुरीं योनिमापन्ना मूढा जन्मनि जन्मनि ।
मामप्राप्यैव कौन्तेय ततो यान्त्यधमां गतिम् ॥२०॥

हे अर्जुन ! आसुरी योनिमा पुगेर ती मूढजनहरू मलाई नपाएर जन्म जन्मान्तरमा पनि अझ नीच गतिमा पुग्दछन् ।

त्रिविधं नरकस्येदं द्वारं नाशनमात्मनः ।
कामः क्रोधस्तथा लोभस्तस्मादेतत्त्रयं त्यजेत् ॥२१॥

हे अर्जुन ! काम, क्रोध र लोभ यी तीन कुरा नरकका ढोका हुन् । इनले आत्मालाई अधःपतन गराउँछन् । त्यसकारण यी तीन कुरालाई त्याग गर्नु पर्दछ ।

एतैर्विमुक्तः कौन्तेय तमोद्वारै स्त्रिभिर्नरः ।
आचरत्यात्मनः श्रेयस्ततो याति परां गतिम् ॥२२॥

हे कुन्तीपुत्र अर्जुन ! नरकका यी तीन ढोकाबाट छुटेको मनुष्यले आफूलाई कल्याणदायक आचरणगर्दछ, र त्यस्तो त्यो पुरुष परम गतिमा प्राप्त हुन्छ ।

य: शास्त्रविधिमुत्सृज्य वर्तते कामकारतः ।
न स सिद्धिमवाप्नोति न सुखं न परां गतिम् ।।२३।।

जसले शास्त्रको विधिलाई छोडेर आफ्नु इच्छानुसार मनमानी गर्दै चल्दछ, त्यसले सिद्धि, सुख र परमगति केही पनि पाउँदैन ।

तस्माच्छास्त्रं प्रमाणं ते कार्याकार्यव्यवस्थितौ ।
ज्ञात्वा शास्त्रविधानोक्तं कर्म कर्तुमिहार्हसि ।।२४।।

यसैकारण कर्तव्य र अकर्तव्य के हो भनेर जान्न त्यसको व्यवस्थागर्न तिम्रा निमित्त शास्त्रनै प्रामाणिक रुपमा रहेका छन् ?। अतः तिमीले यहाँ शास्त्र विधानमा भने अनुसार सतं तत्वलाई सम्झदै कर्म गर्नु मनासिव छ ।

इति सोह्रौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
सत्रौं अध्याय

अर्जुन उवाच-- अर्जुन सोद्धछन्

ये शास्त्रविधिमुत्सृज्य यजन्ते श्रद्धयान्विताः ।
तेषां निष्ठा तु का कृष्ण सत्त्वमाहो रजस्तमः ॥१॥

परन्तु हे श्रीकृष्ण ! जुन मनुष्यहरू शास्त्रविधिलाई छोडेर तर श्रद्धापूर्वक यज्ञादि कर्म गर्दछन् भने तिनीहरूको स्थिति- (अवस्था) कस्तो हो ? सात्विक हो या राजस हो यद्वा त्यो स्थिति तामस हो ? ।

श्रीभगवानुवाच- भगवान श्रीकृष्ण आज्ञागर्नुहुन्छ

त्रिविधा भवति श्रद्धा देहिनां सा स्वभावजा ।
सात्त्विकी राजसी चैव तामसी चेति तां शृणु ॥२॥

हे अर्जुन ! प्राणीमात्रमा स्वभावबाट उत्पन्न हुने यो श्रद्धा सात्विकी, (सत्वगुण सम्बन्धी) राजसी (रजोगुण सम्बन्धी) र तामसी (तमोगुण सम्बन्धी) यस्तो तीन प्रकारको हुन्छ । ती सबै म भन्दछु सुन ।

सत्त्वानुरूपा सर्वस्य श्रद्धा भवति भारत ।
श्रद्धामयोऽयं पुरुषो यो यच्छ्रद्धः स एव सः ॥३॥

हे भरतवंशोत्पन्न अर्जुन! श्रद्धा भनेको कुरा जसको जस्तो अन्तः-करण छ त्यही अनुसार हुन्छ। मनुष्य श्रद्धामय छ। जसको जस्तो श्रद्धा हुन्छ त्यो त्यस्तै हुन्छ।

यजन्ते सात्त्विका देवान्यक्षरक्षांसि राजसाः।
प्रेतान्भूतगणांश्चान्ये यजन्ते तामसा जनाः ॥४॥

सात्विक पुरुष (मनुष्य) हरू देवतालाई आराधना गर्छन्, राजसीहरू (रजोगुण प्रधान मनुष्यहरू) यक्ष र राक्षसको र तामसी मनुष्य (तमोगूण प्रधान मनुष्यहरू) भूतगणहरूको आराधना गर्छन्।

अशास्त्रविहितं घोरं तप्यन्ते ये तपो जनाः।
दम्भाहंकारसंयुक्ताः कामरागबलान्विताः ॥५॥
कर्षयन्तः शरीरस्थं भूतग्राममचेतसः।
मां चैवान्तः शरीरस्थं तान्विद्ध्यासुरनिश्चयान् ॥६॥

हे अर्जुन! जुन मनुष्यहरू अज्ञानले गर्दा ठग्ने प्रवृत्ति र अहंकारले युक्त भएर विषयाशक्तिका बलले शरीरमा रहेका पृथ्वी आदि पाँचतत्व र त्यस्ता-तत्वलाई लिएर विषय भोगमा साक्षीस्वरूप भएर भित्र रहेको मलाई पनि कष्ट दिंदै शास्त्रका विधिअनुसार नभएको घोर तपस्या गर्दछन् त्यस्ता मनुष्यहरू आसुरी बुद्धि भएका हुन् भन्ने जान।

आहारस्त्वपि सर्वस्य त्रिविधो भवति प्रियः।
यज्ञस्तपस्तथा दानं तेषां भेदमिमं शृणु ॥७॥

सात्विक, राजसिक, र तामसिक आहारा पनि तीन प्रकारको हुन्छ आफ्नु गुण अनुसार जस्तो गुणयुक्त पुरुष छ त्यसलाई त्यस्तै आहारा प्यारो लाग्ने हुन्छ। यज्ञ, तप, दान, पनि तीन प्रकार (सत्व, रज, तम सम्बन्धी) को हुन्छ तिनीहरूको भेद म भन्दछु सुन।

आयुः सत्त्वबलारोग्यसुखप्रीतिविवर्धनाः ।
रस्याः स्निग्धाः स्थिराःहृद्या आहाराः सात्त्विकप्रियाः ।।८।।

आयु, सात्विक वृत्ति, बल, आरोग्य, सुख र प्रीतिलाई बढाउने, रसिलो चिल्लो, स्थिर, मनलाई आनन्ददिने आहारा सात्विकमनुष्यलाई प्यारो-लाग्ने हुन्छ ।

कट्वम्ललवणात्युष्णतीक्ष्णरूक्षविदाहिनः ।
आहारा राजसस्येष्टा दुःखशोकामयप्रदाः ।।९।।

पीरो, अमिलो, नुनिलो, ज्यादा तातो, रुखो, तेजिलो, दाहकारक र दुःख, शोक र रोगलाई उत्पन्न गर्ने आहाराहरू राजस (रजोगुण सम्बन्धी मनुष्यहरू) लाई प्यारो लाग्छन् ।

यातयामं गतरसं पूति पर्युषितं च यत् ।
उच्छिष्टमपि चामेध्यं भोजनं तामसप्रियम् ।।१०।।

जुन भोजन यातयाम (जुन भोजन पकाएको १ प्रहर तीन घण्टा व्यतीत हुँदा पनि खाइन्न त्यसलाई यातयाम–खानेसमय वितेको भनिन्छ) भएको, रस नभएको–रुखो, गह्नाउने, बासो,जूठो र अपवित्र छ त्यस्तो भोजन तामसीजनलाई प्यारो लाग्ने हुन्छ ।

अफलाकाङ्क्षिभिर्यज्ञो विधिदृष्टो य इज्यते ।
यष्टव्यमेवेति मनः समाधाय स सात्त्विकः ।।११।।

फलको इच्छालाई त्याग गरेर, यज्ञगर्नु मेरो कर्तव्य हो भन्ने बिचारले मनलाई एकाग्र गरेर शास्त्रले बताएको विधिअनुसार जो यज्ञहुन्छ त्यो यज्ञ "सात्विक" हो ।

अभिसंधाय तु फलं दम्भार्थमपि चैव यत् ।
इज्यते भरतश्रेष्ठ तं यज्ञं विद्धि राजसम् ।।१२।।

द. नं. १२३१

तर हे अर्जुन ! जो यज्ञ खाली दम्भ (अर्कालाई देखाउन) को लागि अथवा कुनै फलप्राप्तिको इच्छाले गरिन्छ त्यो यज्ञ "राजस" हो भन्ने जान ।

विधिहीनमसृष्टान्नं मन्त्रहीनमदक्षिणम् ।
श्रद्धाविरहितं यज्ञं तामसं परिचक्षते ।।१३।।

जुन यज्ञमा शास्त्र विधिछैन, अन्नदान गरिदैन, स्वरवर्ण आदि नमिलाई भ्रष्ट भएको वैदिक मन्त्रको उच्चारण हुन्छ, दक्षिणा हुदैन र गर्नेवालाको श्रद्धापनि छैन भने त्यो यज्ञ "तामस" भनिन्छ ।

देवद्विजगुरुप्राज्ञपूजनं शौचमार्जवम् ।
ब्रह्मचर्यमहिंसा च शारीरं तप उच्यते ।।१४।।

देवता , ब्राह्मण, गुरू र ज्ञानीको पूजागर्नु, शुद्धहुनु, नम्रहुनु, ब्रह्मचर्यमा रहनु र हिंसा नगर्नु यो शरीरबाट हुने तपस्या (शारीरिक तपस्या) भनेर भनिएको छ ।

अनुद्वेगकरं वाक्यं सत्यं प्रियहितं च यत् ।
स्वाध्यायाभ्यसनं चैव वाङ्मयं तप उच्यते ।।१५।।

कसैको चित्त नदुखाउने, सत्य, प्यारो र हित गर्ने वचन, आफ्ना धर्म-ग्रन्थहरूको अध्ययनलाई "वाङमय तप" वचनबाट हुने तपस्या भन्दछन् ।

मनःप्रसादः सौम्यत्वं मौनमात्मविनिग्रहः ।
भावसंशुद्धिरित्येतत्तपो मानसमुच्यते ।।१६।।

मनलाई प्रसन्न राख्नु, शान्त भावले रहनु, मुनिको जस्तो मौन ब्रतलिनु (बकवक नगर्नु) मनचञ्चल नगराउनु र शुद्धभावना लिइरहनु यसोगर्नु लाई "मानसिक तपस्या" भन्दछन् ।

श्रद्धया परया तप्तं तपस्तत्त्रिविधं नरैः ।
अफलाकाङ्क्षिभिर्युक्तैः सात्त्विकं परिचक्षते ।।१७।।

शरीरले गर्ने, वचनले गर्ने र मनले गर्ने तीन प्रकारका तपस्याहरूमा फलको इच्छालाई त्यागेर संयम र श्रद्धा पूर्वक जुन तपस्या गरिन्छ त्यो तपस्या "सात्विक" भनिन्छ ।

सत्कारमानपूजार्थं तपो दम्भेन चैव यत् ।
क्रियते दतिह प्रोक्तं राजसं चलमध्रुवम् ।।१८।।

जुन तपस्या आफ्नु सत्कारका लागि,मानका लागि र पूजनीय हुनाका लागि अथवा केवल देखावटी का लागि मात्र गरिन्छ त्यसलाई यहाँ (शास्त्रमा) चञ्चल, अस्थिर र "राजस" तपस्या भनिन्छ ।

मूढग्राहेणात्मनो यत्पीडया क्रियते तपः ।
परस्योत्सादनार्थं वा तत्तामसमुदाहृतम् ।।१९।।

जुन तपस्या मुर्ख्याइँबाट आफूलाई दुःख पीडा दिएर वा अर्कालाई दुःख दिनको लागि गरिन्छ त्यो तपस्या "तामस" तपस्या भनिन्छ ।

दातव्यमिति यद्दानं दीयतेऽनुपकारिणे ।
देशे काले च पात्रे च तद्दानं सात्त्विकं स्मृतम् ।।२०।।

"दान गर्नु कर्तव्य हो " यस्तो सम्झेर देश, काल, र पात्र विचार गरेर त्यसबाट कुनै उपकार लिने भावना नराखीकन जुन दान दिइन्छ त्यो दान "सात्विक" भनेर कहिएको छ ।

यत्तु प्रत्युपकारार्थं फलमुद्दिश्य वा पुनः ।
दीयते च परिक्लिष्टं तद्दानं राजसं स्मृतम् ।।२१।।

जुन दान "यसले यति गरेको छ र त्यसको वदला यति दिन्छु" भनेर वा कुनै फलप्राप्तिको उद्देश्य लिएर दिइन्छ र जुनदान अशुभ द्रव्य बाट युक्त भएको छ त्यो दान "राजस दान" भनेर कहिएको छ।

अदेशकाले यद्दानमपात्रेभ्यश्च दीयते ।
असत्कृतमवज्ञातं तत्तामसमुदाहृतम् ॥२२॥

जुनदान देश, काल र पात्र विचार नगरी तथा विदा सत्कार, विना आदरले कुपात्रमा दिइन्छ भने त्यो दान "तामस" दान भनेर वताइएको छ ।

ॐतत्सदिति निर्देशो ब्रह्मणस्त्रिविधः स्मृतः ।
ब्राह्मणास्तेन वेदाश्च यज्ञाश्च विहिताः पुरा ॥२३॥

ॐ तत् सत् यस्तो तीन प्रकारको शब्दयुक्त वाक्यले ब्रह्म (वेद) को निर्देशन गर्छ भनेर बताइएको छ । त्यसैबाट ब्राह्मण, वेद र यज्ञ रचिएका हुन् ।

तस्मादोमित्युदाहृत्य यज्ञदानतपःक्रियाः ।
प्रवर्तन्ते विधानोक्ताः सततं ब्रह्मवादिनाम् ॥२४॥

हे अर्जुन ! यसैकारण वेदवादीहरू (ब्राह्मण, क्षत्रिय, वैश्य) को शास्त्रमा भने अनुसार यज्ञ, दान र तपस्याका क्रियाहरू सदा ॐ ... यस्तो उच्चारण गरेर मात्र गरिन्छन् ।

तदित्यनभिसंधाय फलं यज्ञतपःक्रियाः ।
दानक्रियाश्च विविधाः क्रियन्ते मोक्षकाङ्क्षिभिः ॥२५॥

मोक्षको इच्छागर्ने पुरूषहरू द्वारा गरिने अनेक प्रकारका यज्ञ, तप र दान क्रियाहरू फलको कुनै इच्छा नराखी कन गरिन्छन् । उनीहरू "तत्" शब्दबाट निर्देश गरिन योग्यछन् (तत् शब्द परमेश्वरवाचक हो) ।

सद्भावे साधुभावे च सदित्येतत्प्रयुज्यते ।
प्रशस्ते कर्मणि तथा सच्छब्दः पार्थ युज्यते ।।२६।।

हे अर्जुन ! कुनै वस्तुको सद्भावमा र साधु (असल) भावमा "सत्" यस्तो शब्द प्रयोग हुन्छ तथा असलकाममा पनि "सत्" शब्दको प्रयोग हुन्छ ।

यज्ञे तपसि दाने च स्थितिः सदिति चोच्यते ।
कर्म चैव तदर्थीयं सदित्येवाभिधीयते ।।२७।।

यज्ञ गर्दा, तपस्या गर्दा र दानगर्दा स्थिति अर्थात् स्थिरभावनालाई पनि "सत्" भन्दछन् । यज्ञ, तपस्या,दान या परमेश्वर खुसी होउन् भनेर गरिएको कर्म पनि "सत्" नै हो भनेर कहिएको छ। (यसै कारण सत्कार्यमा ॐ तत् सत्को प्रयोग गरिने हो)

अश्रद्धया हुतं दत्तं तपस्तप्तं कृतं च यत् ।
असदित्युच्यते पार्थ न च तत्प्रेत्य नो इह ।।२८।।

हे पृथापुत्र अर्जुन ! श्रद्धा नभैकन (करले) गरिएको हवन (यज्ञादि) दान, तपस्या र अरू जो जो गरिन्छ त्यो सबै "असत्" कहिन्छ । किनभने त्यसरी गरिएको त्यो कुरा न यसलोकमा पाइन्छ न परलोकमा नै पाइन्छ (अश्रद्धाबाट गरेको कर्म निष्फल हुन्छ) ।

इति सत्रौं अध्याय
समाप्त

ॐ तत् सत्

अथ
अठारौं अध्याय

अर्जुन उवाच– अर्जुन भन्दछन्

संन्यासस्य महाबाहो तत्त्वमिच्छामि वेदितुम् ।
त्यागस्य च हृषीकेश पृथक्केशिनिषूदन ।।१।।

हे महाबाहू ! हे केशी दैत्यलाई मार्ने ! हे ऋषिकेश ! अब म संन्यास र त्यागको यथार्थ तत्वलाई बेग्लाबेग्लै तरीकाबाट जान्न चाहन्छु ।

श्रीभगवानुवाच– भगवान् श्रीकृष्ण आज्ञागर्नुहुन्छ

काम्यानां कर्मणां न्यासं संन्यासं कवयो विदुः ।
सर्वकर्मफलत्यागं प्राहुस्त्यागं विचक्षणाः ।।२।।

हे अर्जुन ! ज्ञानीपुरुषहरू सम्पूर्ण काम्य कर्मको त्यागलाई "संन्यास" मान्दछन् र बुद्धिमान पुरुषहरू समस्त कर्मको फलको त्यागलाई "त्याग" भन्दछन् ।

त्याज्यं दोषवदित्येके कर्म प्राहुर्मनीषिणः ।
यज्ञदानतपःकर्म न त्याज्यमिति चापरे ।।३।।

कँयौं विद्वान्हरू कर्महरू दोषयुक्त छन् त्यसो हुनाले यिनीहरू त्याज्य छन् पनि भन्दछन् । तर अरू कोही विद्वान् भने "यज्ञ, दान, तपस्यारुपी कर्म त्याग्न मनासिव छैन" यस्तो पनि भन्दछन् ।

निश्चयं शृणु मे तत्र त्यागे भरतसत्तम ।
त्यागो हि पुरूषव्याघ्र त्रिविधः संप्रकीर्तितः ॥४॥

हे भरतकुलमा श्रेष्ठ ! पुरुषसिंह अर्जुन ! त्यो त्यागका विषयमा अब तिमी मेरो निश्चयलाई सुन । किनभने त्याग भन्ने कुरा पनि तीन प्रकारको छ ।

यज्ञदानतपःकर्म न त्याज्यं कार्यमेव तत् ।
यज्ञो दानं तपश्चैव पावनानि मनीषिणाम् ॥५॥

यज्ञ, दान र तपस्यारुपी कर्म त्याग गर्न मनासीव छैन, किन्तु यिनीहरू त अझ गर्न पो योग्यछन्, किनभने यज्ञ, दान र तपस्याले त बुद्धिमानलाई पनि पवित्र बनाउँछन् ।

एतान्यपि तु कर्माणि सङ्गं त्यक्त्वा फलानि च ।
कर्तव्यानीति मे पार्थ निश्चितं मतमुत्तमम् ॥६॥

यसकारण हे अर्जुन ! यी कर्महरूपनि उपासना जस्तै सङ्ग र यिनीहरूबाट हुने फलप्राप्तिलाई छोडेर गर्न नै योग्य छन् । मेरोयही निश्चय छ र यही विचार उत्तम हो ।

नियतस्य तु संन्यासः कर्मणो नोपपद्यते ।
मोहात्तस्य परित्यागस्तामसः परिकीर्तितः ॥७॥

शास्त्र विहित कर्म (शास्त्रले गर्नै पर्छ भनेर बताएको नित्य नैमित्तिक महायज्ञ आदि नियत कर्म) को त्याग हुनै सक्तैन । अतः मोहबाट त्यस्ता कर्मलाई त्याग गर्नु त्यो त्याग "तामस त्याग" भनिन्छ ।

दुःखमित्येव यत्कर्म कायक्लेशभयात्त्यजेत् ।
स कृत्वा राजसं त्यागं नैव त्यागफलं लभेत् ।।८।।

"यज्ञादि कर्म" दुःख पूर्वक साध्य छन् भन्ने ठानेर र अरू कुनै कर्महरू पनि शरीरलाई कष्टहुन्छ भन्ने डरले त्याग गर्ने हो भने त त्यस्तो त्याग "राजस" त्याग मात्र हुन्छ । त्यसो गर्नेले त्यागको यथार्थ फल कहिल्यै पाउन सकिन्न ।

कार्यमित्येव यत्कर्म नियतं क्रियतेऽर्जुन ।
सङ्गं त्यक्त्वा फलं चैव स त्यागः सात्त्विको मतः ।।९।।

हे अर्जुन ! जुन कर्म वर्णाश्रमोचित र शास्त्रले निश्चित गरिएको छ "त्यो कर्म त गर्नै पर्दछ" यस्तो संझेर कर्म गर्दै आसक्ति र त्यो कर्मबाट प्राप्त हुने फलप्राप्तिलाई जुन त्याग गरिन्छ त्यस्तो त्याग "सात्विक त्याग" भनेर मानिएको छ ।

न द्वेष्टयकुशलं कर्म कुशले नानुषज्जते ।
त्यागी सत्त्वसमाविष्टो मेधावी छिन्नसंशयः ।।१०।।

सत्वगुणले युक्त भएको, ज्ञानी, संशयरहित, त्यागीपुरुष अकुशल (खराब) कर्मलाई द्वेष गर्दैन र कुशल(असल) कर्ममा रागी (आशक्त) पनि हुँदैन ।

न हि देहभृता शक्यं त्यक्तुं कर्माण्यशेषतः ।
यस्तु कर्मफलत्यागी स त्यागीत्यभिधीयते ।।११।।

किनभने देहधारी प्राणीहरूले सम्पूर्ण कर्महरू त्याग गर्न त सक्तै सक्तैनन् । यसकारण जसले कर्मका फलको त्याग गर्दछ वास्तवमा त्यागी भनेको त्यही हो भनेर मानिएको छ ।

अनिष्टमिष्टं मिश्रं च त्रिविधं कर्मणः फलम् ।
भवत्यत्यागिनां प्रेत्य न तु संन्यासिनां क्वचित् ।।१२।।

हितकारी, अहितकारी र दुवैथरी मिस्सिएको यस्ता प्रकारले तीन प्रकारको कर्मको फल छ। यस्तो फल त्यागगर्न नसक्नेहरूलाई मरेपछि त्यस्तो कर्म-फल मिल्दछ, परन्तु संन्यासी (त्याग गर्न सक्ने) लाई कहिल्यै पनि मिल्दैन।

पञ्चैतानि महाबाहो कारणानि निबोध मे।
सांख्ये कृतान्ते प्रोक्तानि सिद्धये सर्वकर्मणाम् ॥१३॥

महाबाहु हे अर्जुन ! साँख्ययोगको सिद्धान्तमा कुनै पनि कर्म उत्पन्न हुनलाई (सम्पूर्ण कर्म उत्पत्तिका) यी पाँच कारण बताईएका छन्, ती म भन्दछु सुन।

अधिष्ठानं तथा कर्ता करणं च पृथग्विधम्।
विविधाश्च पृथक्चेष्टा दैवं चैवात्र पञ्चमम् ॥१४॥

शरीरवाङमनोभिर्यत्कर्म प्रारभते नरः।
न्याय्यं वा विपरीतं वा पञ्चैते तस्य हेतवः ॥१५॥

हे अर्जुन ! मनुष्यले शरीर, वाणी र मनबाट शास्त्र विरूद्ध जेजस्तो कर्म गर्दछ त्यसमा १ अधिष्ठान (शरीर) २ कर्ता (जीवात्मा वा मन) ३ वेग्ला वेग्लै प्रकारका करण(ईन्द्रियहरू) ४ विभिन्न प्रकारका वेग्ला वेग्लै चेष्टा (हित र अहित कुरामा अहितलाई पन्छाउने र हितको अनुकुल मिलाउने गुणका व्यवहारिक कृया) ५ दैव (परमात्मा वा कर्म) नै त्यस्तो कर्म गर्नेमा कारण हुन्छन् भनेर मानिएकोछ।

तत्रैवं सति कर्तारमात्मानं केवलं तु यः।
पश्यत्यकृतबुद्धित्वान्न स पश्यति दुर्मतिः ॥१६॥

आत्माले काम गरेको नभई यी पांच कारणबाट नै कर्म हुने हो तापनि जस्ले "केवल मैले नै कामगर्दछु" भन्ने कुरा देख्तछ त्यो दुष्टबुद्धि र अकृतबुद्धि (अज्ञानी) हो र त्यसले कर्म हुनाको यथार्थ कारण देख्न सक्तैन।

यस्य नाहंकृतो भावो बुद्धिर्यस्य न लिप्यते ।
हत्वापि स इमांल्लोकान्न हन्ति न निबध्यते ॥१७॥

जुन पुरुषमा "म कर्ता हूँ" भन्ने अहंकार छैन र जसको बुद्धि शुभाशुभ कर्ममा लिप्त (टाँस्सिने) हुँदैन, त्यस्ताले यी संपूर्ण प्राणीहरूलाई मारेर पनि (मैले मारें भन्ने भावना नहुनाले) न त्यसले मार्दछ न त त्यो बन्धनमा नै पर्दछ ।

ज्ञानं ज्ञेयं परिज्ञाता त्रिविधा कर्मचोदना ।
करणं कर्म कर्तेति त्रिविधः कर्मसंग्रहः ॥१८॥

कर्मका प्रेरक तीन तत्व छन् । ती तत्व हुन् ज्ञान, ज्ञेय र ज्ञाता । करण, कर्म, र कर्ता यी तीनवटा कुराहरू कर्मका आश्रयस्थानीय हुन् (कर्मका आधारस्थान हुन्) ।

ज्ञानं कर्म च कर्ता च त्रिधैव गुणभेदतः ।
प्रोच्यते गुणसंख्याने यथावच्छृणु तान्यपि ॥१९॥

ज्ञान, कर्म र कर्ता यी तीन, सत्व, रज र तम तीन गुणका भेदले तीनै प्रकारका छन् भनेर साङ्ख्यशास्त्रमा बताइएको छ । तिनीहरूलाई पनि जस्तो त्यहाँ बताएको छ त्यो जस्ताको तस्तो म भन्दछु सुन ।

सर्वभूतेषु येनैकं भावमव्ययमीक्षते ।
अविभक्तं विभक्तेषु तज्ज्ञानं विद्धि सात्त्विकम् ॥२०॥

हे अर्जुन ! जुन ज्ञानबाट बेग्लाबेग्लै भएर रहेका प्रत्येक प्राणीमा एउटै एकरूपले (विभाजित नभै) अविनाशी भएर रहेको छ भन्ने भाव (अभिप्राय) ज्ञान हुन्छ त्यो ज्ञानलाई तिमी "सात्विक ज्ञान" हो भन्ने जान ।

पृथक्त्वेन तु यज्ज्ञानं नानाभावान्पृथग्विधान् ।
वेत्ति सर्वेषु भूतेषु तज्ज्ञानं विद्धि राजसम् ॥२१॥

किन्तु जुन ज्ञानबाट सम्पूर्ण प्राणीहरू बेग्लाबेग्लै भएकोले अनेक भावछन् भन्ने यस्तो पृथक्पनाको बोध हुन्छ त्यो ज्ञानलाई तिमी "राजसज्ञान" हो भनेर जान ।

यत्तु कृत्स्नवदेकस्मिन्कार्ये सक्तमहैतुकम् ।
अतत्त्वार्थवदल्पं च तत्तामसमुदाहृतम् ॥२२॥

किन्तु जुन ज्ञानको आधारमा कारण नभैकन वास्तविक कर्मलाई जान्दै नजानी एउटै कुरामा जोकुछ यही नै हो भनेर ढिपी गर्ने प्रवृत्ति हुन्छ (जस्तो एक धर्मावलम्बीहरू अर्कोधर्मको द्वेष गर्दछन्) त्यस्तो त्यो ज्ञान "तामस ज्ञान" भनिन्छ ।

नियतं सङ्गरहितमरागद्वेषतः कृतम् ।
अफलप्रेप्सुना कर्म यत्तत्सात्त्विकमुच्यते ॥२३॥

शास्त्रले प्रतिपादित कर्तापनले रहित (म गर्छु भन्ने भावना नभएको) राग, द्वेष रहित फलको इच्छा नगर्ने पुरुषद्वारा गरिने जुन नित्यकर्म छ त्यो "सात्विक कर्म" भनेर मानिएको छ ।

यत्तु कामेप्सुना कर्म साहंकारेण वा पुनः ।
क्रियते बहुलायासं तद्राजसमुदाहृतम् ॥२४॥

परन्तु जुन कर्म फलको इच्छागर्ने पुरुषद्वारा अहंकारका साथ धेरै प्रयासद्वारा गरिन्छ त्यो कर्म "राजसकर्म" भनिन्छ ।

अनुबन्धं क्षयं हिंसामनवेक्ष्य च पौरुषम् ।
मोहादारभ्यते कर्म यत्तत्तामसमुच्यते ॥२५॥

गरिने कर्मको भावी परिणाम के होला ? त्यसकर्ममा आफ्नु शक्तिको नाश तथा जीव–हिंसा हुन्छ कि हुँदैन ? यो काम पारलगाउने शक्ति ममा छ कि छैन ? इत्यादि कुराको विचारै नगरी अविवेकबाट सहसा आरम्भ गरिएको कर्म "तामस कर्म" भनिन्छ ।

मुक्तसङ्गोऽनहंवादी धृत्युत्साहसमन्वितः ।
सिद्ध्यसिद्ध्योर्निर्विकारः कर्ता सात्त्विक उच्यते ॥२६॥

हे अर्जुन ! फलासक्ति रहित (गरेका कर्मका फलको इच्छा नगर्ने) अहंकार नभएको, धैर्य र उत्साहले युक्त भएको, काम सिद्ध भएपनि काममा विघ्न परी कार्यसिद्धि नभएपनि बराबरको भावना लिनसक्ने यस्तो कर्ता "सात्विक " भनिन्छ ।

रागी कर्मफलप्रेप्सुर्लुब्धो हिंसात्मकोऽशुचिः ।
हर्षशोकान्वितः कर्ता राजसः परिकीर्तितः ॥२७॥

रागी, गरेका कर्मका फलको विशेष इच्छा राख्ने, लोभी, हिंसा रुचाउने अपवित्र र हर्ष र शोकले युक्त भएको कर्ता "राजस" कर्ता कहिन्छ ।

अयुक्तः प्राकृतः स्तब्धः शठो नैष्कृतिकोऽलसः ।
विषादी दीर्घसूत्री च कर्ता तामस उच्यते ॥२८॥

चञ्चलचित्त भएको, गँवार बुद्धि भएको, ठर्रो स्वभाव तथा स्वाँठ-पना भएको र अर्काको वृत्ति छेदन गर्ने '(मूर्ख) ठग, अल्छी खिन्नमन भएको र दीर्घसूत्री (ढीलो काम गर्ने) यस्तो कर्ता तामस (तमोगुणयुक्त) कर्त्ता हो भनिन्छ।

बुद्धेर्भेदं धृतेश्चैव गुणतस्त्रिविधं शृणु ।
प्रोच्यमानमशेषेण पृथक्त्वेन धनंजय ॥२९॥

हे धनंजय अर्जुन ! बुद्धि र धृति(धैर्य)का भेद पनि सत्व, रज, तम तीन गुणका भेदले तीन प्रकारका छन् । ती सबै म बेग्लाबेग्लै किसिमबाट जम्मै भन्दछु सुन ।

प्रवृत्तिं च निवृत्तिं च कार्याकार्ये भयाभये ।
बन्धं मोक्षं च या वेत्ति बुद्धिःसा पार्थ सात्त्विकी ॥३०॥

असलकाममा प्रवृत्त हुने र खराब कामबाट निवृत्त हुने, कर्तव्य र अकर्तव्य, भय र अभयको कुरा, बन्धन र मोक्ष यिनीहरूलाई यथार्थ रुपबाट जुन बुद्धिले ठम्याउन सक्तछ त्यो बुद्धि "सात्विक बुद्धि" हो ।

यया धर्ममधर्मं च कार्यं चाकार्यमेव च ।
अयथावत्प्रजानाति बुद्धिः सा पार्थ राजसी ॥३१॥

पार्थ हे अर्जुन ! मनुष्यले जुन बुद्धिद्वारा धर्म र अधर्म, कर्तव्य र अकर्तव्य-लाई अयथार्थ रूपले जानेको हुन्छ त्यस्तो बुद्धि "राजसी" बुद्धि हो ।

अधर्मं धर्ममिति या मन्यते तमसावृता ।
सर्वार्थान्विपरीतांश्च बुद्धिः सा पार्थ तामसी ॥३२॥

(अज्ञानरुपी) अन्धकारले ढाकिएको, अधर्मलाई पनि धर्म हो भन्ने सम्झने र सुल्टा क्रियाहरूलाई उल्टा देख्ने यस्तो बुद्धि "तामसी बुद्धि" हो भनेर मानिएको छ ।

धृत्या यया धारयते मनः प्राणेन्द्रियक्रियाः ।
योगेनाव्यभिचारिण्या धृतिः सा पार्थ सात्त्विकी ॥३३॥

हे अर्जुन ! अव्यभिचारीणी (अखण्डयोग युक्त भएको) जुन धारणाले मनका, प्राणका र इन्द्रियका विषयमा छहलिएका प्रवृत्तिहरूलाई रोक्दछ त्यो धारणा "सात्विकी" धारणा हो, ।

यया तु धर्मकामार्थान्धृत्या धारयतेऽर्जुन ।
प्रसङ्गेन फलाकाङ्क्षी धृतिः सा पार्थ राजसी ॥३४॥

हे अर्जुन ! जुन धारणाबाट फलको इच्छा गर्ने पुरुषले अत्यन्त आसक्ति पूर्वक धर्म, काम र अर्थ सम्बन्धी विषयलाई धारणा गर्दछ हे पार्थ ! त्यो धारणा "राजसी" धारणा हो ।

यया स्वप्नं भयं शोकं विषादं मदमेव च ।
न विमुञ्चति दुर्मेधा धृतिः सा पार्थ तामसी ।।३५।।

जुन धारणाबाट दुर्बुद्धि भएको मानिसले सपना, डर, शोक, विषाद (खेद) र दुर्व्यसनलाई त्याग्न सक्तैन हे पार्थ ! त्यो धारणा "तामसी" धारणा हो ।

सुखं त्विदानीं त्रिविधं शृणु मे भरतर्षभ ।
अभ्यासाद्रमते यत्र दुःखान्तं च निगच्छति ।।३६।।

हे भरत श्रेष्ठ अर्जुन ! जसको अभ्यासबाट मनुष्यले आनन्दमा रमाउन पाउँछ र दुःखको अन्त्य हुन्छ त्यस्तो सुख तीन प्रकारको हुन्छ त्यो पनि मबाट सुन ।

यत्तदग्रे विषमिव परिणामेऽमृतोपमम् ।
तत्सुखं सात्त्विकं प्रोक्तमात्मबुद्धिप्रसादजम् ।।३७।।

जुन सुख पहिले (अभ्यासावस्थामा) विष जस्तो र परिणाममा (फल-प्राप्तिमा) अमृततुल्य हुन्छ त्यस्तो आत्मबुद्धिको प्रसन्नताबाट उत्पन्न भएको (अर्थात् आत्मा तिर फर्केको) त्यो सुख "सात्विकसुख" हो ।

विषयेन्द्रियसंयोगाद्यत्तदग्रेऽमृतोपमम् ।
परिणामे विषमिव तत्सुखं राजसं स्मृतम् ।।३८।।

हे अर्जुन ! विषय (वस्तु) र इन्द्रिय (मन आदि पञ्चेन्द्रिय) को संयोग हुँदा उत्पन्न हुने, पहिले अमृत जस्तो लाग्ने र परिणाममा विष जस्तो हुने त्यो सुख "राजसीसुख" हो ।

यदग्रे चानुबन्धे च सुखं मोहनमात्मनः ।
निद्रालस्यप्रमादोत्थं तत्तामसमुदाहृतम् ॥३९॥

हे अर्जुन ! जुन सुख पहिले र परिणाममा पनि आत्मालाई मोहित पार्ने हुन्छ र निद्रा, आलस्य र प्रमाद (घमण्ड) बाट उत्पन्न भएको हुन्छ त्यो सुख "तामसीसुख" भनिन्छ ।

न तदस्ति पृथिव्यां वा दिवि देवेषु वा पुनः ।
सत्त्वं प्रकृतिजैर्मुक्तं यदेभिः स्यात्त्रिभिर्गुणैः ॥४०॥

हे अर्जुन ! पृथ्वीतलका मनुष्यहरूमा अथवा द्युलोक (स्वर्गलोक) मा रहने देवताहरूमा पर्यन्त प्रकृतिबाट उत्पन्न हुने यी तीन गुणबाट रहित भएको कोही छैन । (पृथिवीदेखि लिएर स्वर्ग पर्यन्तका प्राणीलाई यी तीन गुणले ढाकेकै छन् ।)

ब्राह्मणक्षत्रियविशां शूद्राणां च परंतप ।
कर्माणि प्रविभक्तानि स्वभावप्रभवैर्गुणैः ॥४१॥

हे अर्जुन ! ब्राह्मण, क्षत्रिय, वैश्य र शूद्रका कर्महरू उनका आ-आफ्ना स्वभावबाट उत्पन्न भएका गुणबाट बेग्लाबेग्लै विभाजन गरिएको छ ।

शमो दमस्तपः शौचं क्षान्तिरार्जवमेव च ।
ज्ञानं विज्ञानमास्तिक्यं ब्रह्मकर्म स्वभावजम् ॥४२॥

इन्द्रिय निग्रह गर्नु, अन्तः करणलाई नियन्त्रण गर्नु, तपस्या गर्नु, शुद्ध रहनु, क्षमा गर्नु, सरलमन अनुसारको चेष्टा प्रकट गर्नु, ज्ञान र विज्ञानलाई जान्नु तथा आस्तिकतामा रहनु यी सबै कुरा स्वभावबाट उत्पन्न हुने ब्राह्मण-का कर्म हुन् ।

शौर्यं तेजो धृतिर्दाक्ष्यं युद्धे चाप्यपलायनम् ।
दानमीश्वरभावश्च क्षात्रं कर्म स्वभावजम् ॥४३॥

हे अर्जुन ! शूरयाइँ, तेजिलोपन, धैर्य, चलाख्याइँ (चलाखी) लडाइँबाट नभाग्नु, दान र आफ्नु प्रभूता कायम गरी अरू समस्त जनसमुदायलाई नियन्त्रण गर्न सक्ने सामर्थ्य हुनु यी सबै क्षत्रियका स्वाभाविक कर्म हुन् ।

कृषिगौरक्ष्यवाणिज्यं वैश्यकर्म स्वभावजम् ।
परिचर्यात्मकं कर्म शूद्रस्यापि स्वभावजम् ॥४४॥

खेती गर्नु, पशुपालन गर्नु र व्यापार गर्नु यति वैश्यका स्वाभाविक कर्म हुन् । सेवा गर्नु शूद्रको स्वभावजन्य कर्म हो ।

स्वे स्वे कर्मण्यभिरतः संसिद्धिं लभते नरः ।
स्वकर्मनिरतः सिद्धिं यथा विन्दति तच्छृणु ॥४५॥

हे अर्जुन ! आफ्ना आफ्ना कर्ममा लागेका मनुष्यले सम्पूर्ण सिद्धिलाई प्राप्त गर्छ । तर आ-आफ्ना कर्ममा लागेका मनुष्यले जसरी त्यो सिद्धि प्राप्त गर्छ त्यो कुरा म भन्छु सुन ।

यतः प्रवृत्तिर्भूतानां येन सर्वमिदं ततम् ।
स्वकर्मणा तमभ्यर्च्य सिद्धिं विन्दति मानवः ॥४६॥

जसबाट यी सम्पूर्ण प्राणीहरूको सृष्टि भएको छ र जसले यो सम्पूर्ण जगत्लाई व्याप्त गरेको छ, त्यसलाई आफ्नो स्वभावबाट उत्पन्न भएका कर्मद्वारा पूजा गर्नाले मनुष्यले सिद्धि प्राप्त गर्दछ ।

श्रेयान्स्वधर्मो विगुणः परधर्मात्स्वनुष्ठितात् ।
स्वभावनियतं कर्म कुर्वन्नाप्नोति किल्बिषम् ॥४७॥

राम्ररी अनुष्ठान गरिएको अर्काको धर्मभन्दा गुण रहित भएपनि आफ्नो धर्म नै कल्याणकारी हुन्छ । किनभने स्वभावबाट नै प्राप्त भएको कर्ममार्गमा हिंड्ने मनुष्य पापको भागी हुँदैन ।

सहजं कर्म कौन्तेय सदोषमपि न त्यजेत् ।
सर्वारम्भा हि दोषेण धूमेनाग्निरिवावृताः ।।४८।।

हे अर्जुन ! स्वभावजन्य कर्म दोषयुक्त भएपनि न त्यागोस् । किनभने सम्पूर्ण कर्महरू धुँवाले आगोलाई ढाके झैं (अनेक प्रकारका) दोषले ढाकिएका छन् ।

असक्तबुद्धिः सर्वत्र जितात्मा विगतस्पृहः ।
नैष्कर्म्यसिद्धिं परमां संन्यासेनाधिगच्छति ।।४९।।

सम्पूर्ण विषय वस्तु अथवा कर्मबाट प्राप्त हुने फलमा जसको बुद्धि आसक्त छैन र जसले आत्मा (मन) लाई जितेको छ र जो तृष्णा रहित छ यस्तो योगीले कर्मफलको त्यागरूप संन्यासद्वारा ठूलो निष्कामसिद्धिलाई प्राप्त गर्दछ ।

सिद्धिं प्राप्तो यथा ब्रह्म तथाप्नोति निबोध मे ।
समासेनैव कौन्तेय निष्ठा ज्ञानस्य या परा ।।५०।।

हे कुन्तीपुत्र अर्जुन ! पहिले भनिएको निष्कामसिद्धिमा प्राप्त भएको पुरुषले जसरी ब्रह्मलाई पाउँदछ । त्यही नै ज्ञानको सर्व श्रेष्ठ अवस्था हो । त्यो कुरा संक्षेपले म भन्दछु । मबाट त्यो कुरा सुन अथवा जान ।

बुद्धया विशुद्धया युक्तो धृत्यात्मानं नियम्य च ।
शब्दादीन्विषयांस्त्यक्त्वा रागद्वेषौ व्युदस्य च ।।५१।।
विविक्तसेवी लघ्वाशी यतवाक्कायमानसः ।
ध्यानयोगपरो नित्यं वैराग्यं समुपाश्रितः ।।५२।।

अहंकारं बलं दर्पं कामं क्रोधं परिग्रहम् ।
विमुच्य निर्मम शान्तो ब्रह्मभूयाय कल्पते ।।५३।।

विशुद्ध बुद्धिले युक्त भएर, धैर्यबाट मनलाई वशमा गरेर, शब्दादि विषयहरूलाई छोडेर, राग र द्वेष नाश गरेर, एकान्तको सेवा गरेर, अल्पाहार गरेर , शरीर, मन र वचनलाई वश गर्न सक्ने भएर, सदा ध्यान-योगमा संलग्न भएर, वैराग्यलाई भलीभांतीपूर्वक आश्रय गरेर, अहंकार, बल, घमण्ड, काम, क्रोध र परिग्रहलाई छोडेर, ममताले रहित भएर शान्त रहने पुरूष (योगी) नै ब्रह्मभाव पाउनलाई समर्थ हुन्छ ।

ब्रह्मभूतः प्रसन्नात्मा न शोचति न काङक्षति ।
समः सर्वेषु भूतेषु मद्भक्ति लभते पराम् ।।५४।।

ब्रह्मभावमा प्राप्त भएको प्रसन्न आत्मा भएको यस्तो पुरूष न शोक गर्छ, र न त आकांक्षा नै गर्दछ । सम्पूर्ण प्राणीहरूमा बराबरीको दृष्टि राख्न सक्ने त्यही पुरुष (योगी) नै मेरो पराभक्तिमा प्राप्त हुन्छ ।

भक्त्या मामभिजानाति यावान्यश्चास्मि तत्त्वतः ।
ततो मां तत्त्वतो ज्ञात्वा विशते तदनन्तरम् ।।५५।।

त्यस्तो मेरो भक्तले भक्तिद्वारा म जो हूँ र जस्ता किसिमको छू त्यो सबै यथार्थ तत्वले जान्दछ । अनि मलाई तत्वपूर्वक जानेपछि त्यो ममा नै प्रवेश गर्छ (अर्थात् ममा नै लीन हुन्छ ।)

सर्वकर्माण्यपि सदा कुर्वाणो मद्व्यपाश्रयः ।
मत्प्रसादादवाप्नोति शाश्वतं पदमव्ययम् ।।५६।।

मेरो आश्रयलाई लिएर त्यो पुरूषले सम्पूर्ण काम्यकर्महरू गर्दागर्दै पनि मेरो कृपाबाट शाश्वत र अव्यय पदलाई पाउँछ ।

चेतसा सर्वकर्माणि मयि संन्यस्य मत्परः ।
बुद्धियोगमुपाश्रित्य मच्चित्तः सततं भव ।।५७।।

चित्तबाट सम्पूर्ण कर्महरू ममा अर्पण गरेर, ममा परायण (दत्तचित्त) भएर तिमी पनि बुद्धियोगको आश्रय लिएर निरन्तर ममा नै चित्त लाएका होऊ ।

मच्चित्तः सर्वदुर्गाणि मत्प्रसादात्तरिष्यसि ।
अथ चेत्त्वमहंकारान्न श्रोष्यसि विनङ्क्ष्यसि ।।५८।।

ममा चित्त लगाएको तिमी मेरो कृपाबाट सम्पूर्ण कठिनाईलाई पार गर्नेछौ । यदि अहङ्कारले गर्दा मेरो कुरा सुनेनौ भने त तिमी नष्ट हुनेछौ ।

यदहंकारमाश्रित्य न योत्स्य इति मन्यसे ।
मिथ्यैष व्यवसायस्ते प्रकृतिस्त्वां नियोक्ष्यति ।।५९।।

जुन अहङ्कारलाई लिएर "म लड्दिन" भन्ने ठान्दछौ भने तिम्रो यो निश्चय त झुट्टो हुनेछ । किनभने प्रकृतिले नै तिमीलाई अवश्य पनि युद्धमा प्रवृत्त गराउने छ ।

स्वभावजेन कौन्तेय निबद्धः स्वेन कर्मणा ।
कर्तुं नेच्छसि यन्मोहात्करिष्यस्यवशोऽपि तत् ।।६०।।

हे कुन्तीपुत्र अर्जुन ! आफ्नु स्वभावबाट उत्पन्न हुने आफ्नै कर्मले बाँधिएका तिमी यदि मोहले युद्ध गर्न सहसा चाहँदैनौ तापनि (क्षत्रियको स्वाभाविक राजसी स्वभावबाट) परवश भएर पनि तिमी अवश्य त्यो कर्म गर्नेछौ (अथवा अवश्य लड्ने छौ)

ईश्वरः सर्वभूतानां हृद्देशेऽर्जुन तिष्ठति ।
भ्रामयन्सर्वभूतानि यन्त्रारूढानि मायया ।।६१।।

हे अर्जुन ! ईश्वर (परमात्मा) यो शरीररूपी यन्त्रमा रहेका सम्पूर्ण प्राणीहरूलाई (चटकीले चटक देखाए झैं) मायाद्वारा नचाउँदै सम्पूर्ण प्राणीहरूका हृदयस्थानमा वसेको छ ।

तमेव शरणं गच्छ सर्वभावेन भारत ।
तत्प्रसादात्परां शान्तिं स्थानं प्राप्स्यसि शाश्वतम् ६२

हे भारत ! आपना सम्पूर्ण अभिप्रायले तिमी उनै ईश्वरका शरणमा जाऊ, उनकै कृपाबाट तिमीले परम शान्ति र नित्यस्थान (ब्रह्मपद) लाई प्राप्त गर्नेछौ ।

इति ते ज्ञानमाख्यातं गुह्याद्गुह्यतरं मया ।
विमृश्यैतदशेषेण यथेच्छसि तथा कुरु ।।६३।।

यस्ताप्रकारले. गोप्य कुरामा पनि ज्यादै गोप्य भएको ज्ञान मैंले तिमीलाई भनें । यसलाई पूर्णरूपले छानबीन गरेर, विचार गरेर, तिमीलाई जस्तो इच्छा लाग्छ त्यसै गर ।

सर्वगुह्यतमं भूयः शृणु मे परमं वचः ।
इष्टोऽसि मे दृढमिति ततो वक्ष्यामि ते हितम् ।।६४।।

हे अर्जुन ! गोप्यमा पनि ज्यादै गोप्य भएका मेरा वचनहरू तिमी फेरि पनि सुन, किनभने तिमी मेरा ज्यादै प्यारा छौ, यसैकारण म जो भन्ने छु सबै त्यो तिम्रै हितको लागि हुनेछ ।

मन्मना भव मद्भक्तो मद्याजी मां नमस्कुरु ।
मामेवैष्यसि सत्यं ते प्रतिजाने प्रियोऽसि मे ।।६५।।

ममा मन लगाऊ, मेरै भक्त बन, मेरै पूजा गर र मलाई नमस्कार गर, म तिमीलाई यो सत्य कुरा भन्दछु कि यसो गर्नलि तिमी अन्त्यमा मैमा आएर मिल्ने छौ किनभने तिमी मेरा प्यारा भक्त छौ ।

सर्वधर्मान्परित्यज्य मामेकं शरणं व्रज ।
अहं त्वा सर्वपापेभ्यो मोक्षयिष्यामि मा शुचः ॥६६॥

सम्पूर्ण धर्मलाई छोडेर केवल एक मेरो शरणमा आऊ । म तिमीलाई समस्त पापबाट छुटाई दिनेछु, (यस विषयमा शोक नगर) ।

इदं ते नातपस्काय नाभक्ताय कदाचन ।
न चाशुश्रूषवे वाच्यं न च मां योऽभ्यसूयति ॥६७॥

हे अर्जुन ! (मोहनाशका निमित्त मैले तिमीलाई बताएको) यो ज्ञान तिमीले तपस्या नगर्नेहरूलाई नभन्नु, भक्तिको महत्व थाहा नभएकालाई नभन्नु, जो सुन्न चाहँदैन त्यसलाई पनि नभन्नु र जसले मेरो निन्दा गर्छ त्यस्तालाई पनि नभन्नु ।

य इमं परमं गुह्यं मद्भक्तेष्वभिधास्यति ।
भक्तिं मयि परां कृत्वा मामेवैष्यत्यसंशयः ॥६८॥

हे अर्जुन! जसले अत्यन्त रहस्यमय यो (गीता शास्त्र) लाई मेरा भक्त-हरूलाई भन्ने छ त्यसले मेरा उपर ठूलो भक्ति गरी त्यो पुरुष (अन्त्यमा) मैमा लीन हुनेछ । यसमा कुनै सन्देह छैन ।

न च तस्मान्मनुष्येषु कश्चिन्मे प्रियकृत्तमः ।
भविता न च मे तस्मादन्यः प्रियतरो भुवि ॥६९॥

गीताशास्त्रलाई भन्ने सुनाउने र प्रचार गर्ने मानिस भन्दा अर्को मेरो ज्यादै प्यारो र मेरो मनपरेको कुरा गर्ने मनुष्य मात्रमा कोही छैन र पछि पनि त्यो भन्दा ज्यादै प्यारो यो पृथ्वीतलमा मेरो अरू कोही हुने पनि छैन ।

अध्येष्यते च य इमं धर्म्यं संवादमावयोः।
ज्ञानयज्ञेन तेनाहमिष्टः स्यामिति मे मतिः ॥७०॥

हे अर्जुन ! हामी दुईमा भएको यो धर्मयुक्त संवाद (गीता शास्त्र) लाई जसले अध्ययन गर्ला त्यसले मलाई "ज्ञान यज्ञ" द्वारा पूजा गर्‍यो भन्ने म मान्दछु ।

श्रद्धावाननसूयश्च श्रृणुयादपि यो नरः ।
सोऽपि मुक्तःशुभांल्लोकान्प्राप्नुयात्पुण्यकर्मणाम्।।७१।।

जुन मनुष्यले (यो गीता शास्त्रलाई) श्रद्धापूर्वक, दोषदृष्टिलाई छोडेर केवल सुन्दछ मात्रै भने पनि त्यो पुरुषले समस्त पापबाट छुटेर पुण्यात्मा जनहरूले पाउने शुभलोकलाई पाउने छ ।

कच्चिदेतच्छ्रुतं पार्थ त्वयैकाग्रेण चेतसा ।
कच्चिदज्ञानसंमोहः प्रनष्टस्ते धनंजय ।।७२।।

हे पृथापुत्र अर्जुन ! के तिमीले यो (गीता शास्त्र)लाई राम्ररी चित्त लगाएर त सुन्यौ ? हे धनञ्जय ! के तिम्रो अज्ञानद्वारा उत्पन्न भएको "यी बन्धुहरू मेरा हुन् र म मार्दछु" भन्ने मोह (अज्ञान) नाश भयो ? ।

अर्जुन उवाच– अर्जुन भन्दछन्

नष्टो मोहः स्मृतिर्लब्धा त्वत्प्रसादान्मयाच्युत ।
स्थितोऽस्मि गतसन्देहः करिष्ये वचनं तव ।।७३।।

हे अच्युत ! हजूरको कृपाबाट मेरो मोहरूपी अज्ञान नाश भयो ! अब मैले सम्झें (स्मृति पाएँ, विस्मृतिको पर्दा हट्यो) अब म कत्ति शङ्का नभएको छू र (स्वभावमा) स्थित भएको छू। अब म हजूरका वचनको पालन गर्दछु ।

सञ्जय उवाच– सञ्जय भन्नुहुन्छ

इत्यहं वासुदेवस्य पार्थस्य च महात्मनः ।
संवादमिममश्रौषमद्भुतं रोमहर्षणम् ।।७४।।

हे राजन् धृतराष्ट्र ! यस्ता प्रकारले मैले महात्मा श्री वासुदेव (श्री कृष्ण) को र अर्जुनको ज्यादै आश्चर्य लाग्ने र रोमाञ्चकारी (सुन्दै जीउ जुरुङ्ग हुने) यस्तो संवाद सुनें ।

व्यासप्रसादाच्छ्रुतवानेतद्गुह्यमहं परम् ।
योगं योगेश्वरात्कृष्णात्साक्षात्कथयतः स्वयम् ।।७५।

श्री व्यासजीका अनुग्रहबाट मैले यो अत्यन्त गोप्य भएको योगको रहस्यलाई साक्षात्स्वयं योगेश्वर श्रीकृष्णकै मुखबाट भनेको सुनें । (सञ्जयलाई व्यासले दिव्यदृष्टि दिएका थिए) ।

राजन्संस्मृत्य संस्मृत्य संवादमिममद्भुतम् ।
केशवार्जुनयोः पुण्यं हृष्यामि च मुहुर्मुहुः ।।७६।।

हे राजन् धृतराष्ट्र ! श्रीकृष्ण र अर्जुनमा भएको यस्ता प्रकारको अद्भुत र पुण्यमय यो संवादलाई फेरि पनि सम्झँदा म बारम्बार हर्षमा प्राप्त भएको छु ।

तच्च संस्मृत्य संस्मृत्य रूपमत्यद्भुतं हरेः ।
विस्मयो मे महान्राजन्हृष्यामि च पुनः पुनः ।।७७।।

हे राजन् धृतराष्ट्र ! भगवान् श्री हरिको त्यो यस्तो अत्यन्त अद्भुत स्वरूप (विराट् स्वरूप) लाई बराबर स्मरण गर्दा (अहिले पनि) मलाई ठूलो आश्चर्य लागिरहेको छ र म बारम्बार हर्षले गद्गद् भैरहेको छु । (विजय कतापट्टि होला ? भन्ने धृतराष्ट्रको आशयलाई बुझेर सञ्जय भन्दछन्)

यत्र योगेश्वरः कृष्णो यत्र पार्थो धनुर्धरः ।
तत्र श्रीर्विजयो भूतिर्ध्रुवा नीतिर्मतिर्मम ।।७८।।

(अथवा यस विषयमा धेरै भनेर के हुन्छ र) जहाँ योगेश्वर श्रीकृष्ण हुनुहुन्छ र जहाँ धनुर्धारी अर्जुन छन् त्यहीं श्री (राजलक्ष्मी) विजय, विभूति (ऐश्वर्य) र अचल (स्थिर) नीति अवश्यंभावी छन् (भन्ने मेरो धारणा छ)

इति अठारौं अध्याय
समाप्त
ॐ तत् सत्

9259

ANSKRIT UNIVERSITY
पुस्तकालय

श्री ५ को सरकारको छापाखाना
काठमाडौं
नेपाल
मुद्रक